# मध्यमकालीन खर्च संरचना

## (आ.ब. २०८०/०८१ देखि २०८२/०८३)

# Medium Term Expenditure Framework




# लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## कल्याण,सुर्खेत

## कर्णाली प्रदेश

# २०८०

# परिच्छेद : १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को अनुसूची ६,७, ८ ले एकल अधिकार, संघ, प्रदेश र स्थानीय तहको संयूक्त अधिकार तथा स्थानीय र प्रदेशका अधिकारहरु स्पष्ट रुपमा व्यवस्था गरेको छ । संविधानमा नागरीकका मौलिक हक तथा अधिकारहरु उल्लेख गरीएको छ । योजना भन्नाले कुनै पनि काम के, कसरी, कति, कुन कसको लागि, के प्रतिफल आउन सक्छ भनेर गरीने तर्कवद्ध खाका हो । नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंले प्रकाशन गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार मध्यकालीन खर्च संरचना तयार गएिको हो । सार्वजनिक वित्त व्यवस्थापनको एक प्रचलित र महत्वपूर्ण औजारका रुपमा रहेको मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्तको विनियोजन, व्यवस्थापन तथा कार्यान्वयनमा प्रभावकारिता वृद्धि गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न उल्लेख्य सहयोग पु-याउँदछ । सङ्घीय,प्रादेशिक र स्थानीय सरकारले लिएका विकासका लक्ष्य तथा प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता वृद्धि गर्ने र सार्वजनिक वित्त व्यवस्थापनमा रहेको महत्वपूर्ण समस्या सम्बोधन गर्न सक्ने भएकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धी नियमावलीले सङ्घ, प्रदेश लगायत स्थानीय तहले समेत मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य हुने व्यवस्था गरेकोल यो कार्य गरिएको हो ।

विश्वका विभिन्न मुलुकहरूमा सफल अभ्यास भइसकेको हुँदा यसको सही कार्यान्वयनले विकास निर्माणका लागि आवश्यक स्रोतको सुनिश्चितता गर्न, आवधिक योजनालगायत नगरपालिकाले लिएका नीतिगत तथा विषयगत लक्ष्य, उद्देश्य हासिल गर्न प्रत्यक्ष एवम् प्रभावकारी सहयोग पु-याउँदछ । मध्यमकालीन खर्च संरचनाको यही प्रभावकारितालाई मध्यनजर गर्दै नेपालमा सङ्घीय कानुनले तीनवटै तहका सरकारका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु बाध्यकारी हुने व्यवस्था गरेको छ ।

लेकवेशी नगर कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडाध्यक्षहरू र सेवा केन्द्रसँग राय परामर्श गरी नगरपालिकामा उपलब्ध अन्य सूचना तथा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम एवम् विगतदेखिका नगरपालिकाका नीतिहरू समेतलाई मध्यनजर गर्दै मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित कार्यदलको नेतृत्व र सम्बन्धित विज्ञको सहयोग एवम् सहजीकरणमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अभ्यास र अवधारणा

लेकबेशी नगरपालिकाको आवधिक योजना बनेपछिको यो प्रथम प्रयास हो भने राष्ट्रिय स्तरमा दशौं पञ्चवर्षीय योजना (२०५९/६०) देखि अभ्यासमा ल्याइएको मध्यमकालीन खर्च संरचना अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनवटै तहका सरकारहरूले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै सङ्घीय सरकारका अतिरिक्त प्रदेश र स्थानीय सरकारहरूका लागि पनि वार्षिक रुपमा तर्जुमा गर्नु अनिवार्य हुन गएको छ । यो खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको

लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यत: समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीनवटा अवयवहरू समावेश गरिएको हुन्छ ।

लेकबेशी नगरपालिकाको क्षेत्राधिकार भित्र भएको र हुने उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी आर्थिक खाका (MTFF) तयार गरिएको छ भने नगरपालिकालाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान र प्रक्षेपण सहितको मध्यमकालीन बजेट खाका (MTBF) तयार गरिएको छ । बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको अनुमान गरी मध्यमकालीन नतिजा खाका (MTRF) तयार गरिएको छ ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल कायम गरी सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त यस मध्यमकालीन खर्च संरचनाको विशिष्ठ उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- नीति, योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,
- आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,
- लेकबेशी नगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र
- मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाई सन् २०३० सम्म हासिल गर्ने गरी नेपालले निर्धारण गरेका लक्ष्य प्राप्तीमा सहयोग गर्नु,
- सार्वजनिक खर्चलाई बढी प्रभावकारी तथा कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक वित्त व्यवस्थापनमा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्ष महत्वपूर्ण हुने भएकाले यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित स्रोतहरूलाई प्रमुख आधारका रुपमा लिइएको छ ,

- नेपालको संविधान, २०७२ ,
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०) ,
- दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी स्रोत पुस्तिका ,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ,

- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७ - २०८१/८२),
- प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८१/०८२) को आधार पत्र, कर्णाली प्रदेश योजना आयोग, नेपाल
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- लेकबेशी नगरपालिकाका विषय क्षेत्रगत नीति र योजनाहरू
- लेकबेशी नगरपालिकाको नगर पार्श्वचित्र, २०७५
- लेकबेशी नगरपालिकाको आबधिक योजना २०८० ।

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगोविकासका लक्ष्यहरु पुरा गर्ने योजना अनुसार नेपालले सबै स्थानीय तहलाई आवधिक योजना र मध्यकालीन खर्च संरचना तयार गर्न सर्कुलर गरेको छ । सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; । दिगोविकासको लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हाशील गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा नगरपालिकाको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी नगरपालिकाको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा नगरपालिकामा रहन गएको छ । नगरपालिकाको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि सबै क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु

आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसमा आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्‍याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पूँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ । सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका महत्वपूर्ण देखिन्छ । सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्य जिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् ।

दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय सङ्घ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

नगरपालिकाको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा नगरपालिकाको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (

गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र नगरपालिकाको कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । नगरपालिकाले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र नगरका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता कायम गर्ने प्रयास गरिएको छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्‍याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्‍याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

यो मध्यमकालीन खर्च संरचना मूलतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको (१) "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, "परिमार्जित" अनुसार नै तयार गरिएको हो ,

(२) "स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९" र (३) "स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९" मा निर्देशित मार्गदर्शनमा आधारित रही तयार गरिएको छ । साथै, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरू समेतलाई मध्यनजर गरिएको छ । यस क्रममा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा अवलम्बन गरिएका विधि, चरण तथा प्रक्रिया देहायअनुसार रहेका छन् ।

### चरण - १ : विज्ञ छनौट, तालिम एवम् परिचालन

आवधिक योजना तर्जुमा र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदातृ संस्थालाई जिम्मेवारी प्राप्त भइसकेपश्चात् आवश्यक विज्ञहरूको छनोट गरी नगरपालिकामा विकास कार्यक्रमका

जनप्रतिनिधिसहितको सहभागितामा विस्तृत अभ्यासमूलक कार्यक्रम सञ्चालन गरिएको थियो । यसपश्चात् सम्बन्धित विज्ञहरूको कार्यक्षेत्र विभाजन गरी आवश्यक साधन स्रोत सहित कार्यक्षेत्रमा परिचालन गरिएको थियो ।

**चरण - २ : मानव संशाधन परिचालन**

कार्यक्षेत्रमा खटिइसकेपछि विज्ञहरूद्वारा नगरपालिकाका नगर प्रमुख, उपप्रमुख,प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका पदाधिकारीहरूसँग छलफल र बैठकको आयोजना गरी दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा, मध्यमकालीन खर्च संरचनाको अवधारणा, यससम्बन्धी कानुनी व्यवस्थाहरू लगायतका विषयमा जानकारी गराउने, दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गर्ने, मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि कार्यदल गठन गर्ने तथा दस्तावेज तयारी कार्यलाई एकसाथ अघि बढाइएको थियो । यस प्रक्रियामा विज्ञले सकेसम्म सहजीकरणको भूमिका निर्वाह गर्दै नगरपालिकाका सम्वद्ध पदाधिकारीको पनि अधिकतम सहभागिता गराउने नीति अवलम्बन गरिएको थियो ।

**चरण - ३ः नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शनलगायत अन्य सन्दर्भ सामग्री सङ्कलन एवम् समीक्षा**

स्थलगत रुपमा खटिएपछि विज्ञ टोलीले नगरपालिकाको मार्गनिर्देशनमा नगरपालिकाको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज सङ्कलन एवम् अध्ययन गरेको थियो । यसपश्चात् दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७,
- प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र, प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोग, २०७६ ,
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि ,
- नेपाल सरकार, प्रदेश सरकार एवं लेकबेशी नगरपालिकाको विनियोजन र आर्थिक ऐनहरू ,
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड ,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) ,
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७ ,
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, कर्णाली प्रदेशको आवधिक योजना,
- नेपाल सरकारद्वारा जारी कोभिड-१९ प्रतिकार्य एवं पुनर्लाभ सम्बन्धी निर्देशिका ,

- सङ्घ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन,
- लेकबेशी नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदनहरु आदि ।

**चरण - ४ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी ढाँचा, औजार र कार्ययोजनालाई परिमार्जन गरियो ।

**चरण - ५: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

लेकवेशी नगरपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले २०८० बैशाख ११ गते एक दिने अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा नगर प्रमुख, उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत, शाखा/उपशाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यशालामा आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुती गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाइमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि निर्देशक,सहजीकरण र विषयगत समिति गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन गरियो । समितिहरुको विवरण विवरण अनसूची-२ मा प्रस्तुत गरिएको छ ।

**चरण - ६ : विषयगत समिति/शाखा तथा पदाधिकारीहरूसँग परामर्श**

आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइ पदाधिकारी तथा नगरपालिकाका शाखा उपशाखा प्रमुखसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार गरी हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारण गरियो ।

**चरण - ७ : स्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण**

राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण लगायतका विभिन्न स्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको स्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको स्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक स्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरूको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र विषयक्षेत्रगत नीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने स्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

### चरण - ८: विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तर्जुमा

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो । यसपश्चात् विषयगत शाखा/उपशाखाका कर्मचारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण गर्ने कार्य सम्पन्न गरियो ।

### चरण - ९ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी

स्थलगत अध्ययन तथा विषयगत शाखाहरूसँगको परामर्श र छलफल सम्पन्न भएपश्चात् उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा तयार भएको विषय उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत समितिमा छलफल गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो ।

### चरण - १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई कार्यदलबाट एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यसरी तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यो मस्यौदा तयार गर्ने क्रममा सामाजिक, आर्थिक एवम् अन्य विषयक्षेत्रगत तथ्याङ्कका लागि लेकबेशी नगरपालिकाद्धारा प्रकाशित नगर पार्श्वचित्र, २०७५ लाई प्रमुख आधारका रुपमा लिइएको छ भने आर्थिक स्रोतको विश्लेषणका लागि आर्थिक प्रशासन शाखाबाट लिएको सूत्र (SUTRA) को विगत आर्थिक वर्षहरूको आय-व्यय विवरणलाई प्रमुख आधारका रुपमा लिइएको छ । मध्यमकालीन खर्च संरचना अवधि (२०८०/०८१ देखि २०८२/०८३) को लागि आवश्यक स्रोतको अनुमानका लागि नगरपालिकाका नीति, कार्यक्रम, सञ्चालित/स्वीकृत आयोजना कार्यक्रमहरूलाई प्रमुख आधारका रुपमा लिइएको छ ।

### चरण - ११ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल

आवधिक योजना र मध्यकालीन खर्च संरचनाको दस्तावेज मस्यौदा तयार भइसकेपछि आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको मस्यौदलालाई नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य पदाधिकारीहरू समक्ष छलफलका लागि प्रस्तुत गरियो । नगरपालिका पदाधिकारीहरूबाट मस्यौदामा सुधारका लागि आवश्यक सल्लाह सुझाव प्राप्त भइसकेपछि प्रारम्भिक मस्यौदालाई थप सुधार गरियो ।

### चरण - १२ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी

मध्यमकालीन खर्च संरचनाको मस्यौदाउपर प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरी अन्तिम रुप दिइएको छ । यस दस्तावेजको तयारी गर्दा नगरपालिकाको विषय क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत नीतिको परिमाणात्मक लक्ष्यलाई समेत आधार लिइएको छ । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति,नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण समावेश गरिएको छ ।

**चरण १३: मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

उपर्युक्त चरण र प्रक्रिया अनुसार तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात् नगर सभामा पेश गरी अनुमोदन भएको छ ।

# परिच्छेद : २
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सार्वजनिक वित्त व्यवस्थापनका माध्यमबाट उपलब्ध सीमित स्रोतलाई कुशलतापूर्वक विनियोजन गर्न, कार्यान्वयन दक्षतामा सुधार गर्न तथा वित्तीय अनुशासन कायम गर्न समेत महत्वपूर्ण सहयोग पुऱ्याउने उद्देश्यले मध्यमकालीन खर्च संरचनालाई नेपालमा दशौं योजनादेखि कार्यान्वयमा ल्याइएको हो । सार्वजनिक स्रोतको व्यवस्थापन र विनियोजन गर्ने योजना भएको हुँदा यसले नेपाल सहित सिङ्गो विश्वले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि आवश्यक स्रोतको कुशलतापूर्वक विनियोजन गर्न महत्वपूर्ण टेवा पुऱ्याउँदछ ।

नेपालको प्रचलित कानुन अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले सङ्घ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित तीनवटै तहका सरकारहरूले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले सामान्यतया आवधिक योजनालाई वार्षिक योजनासँग जोड्ने पुलको काम गर्दछ तर लेकबेशी नगरपालिकामा आवधिक योजना तर्जुमा नभइसकेको भए पनि प्रचलित कानुन अनुरुप आ.व.२०८०/०८१ देखि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु बाध्यकारी व्यवस्था भएको हुँदा नगरपालिकाका विद्यमान नीतिगत व्यवस्थाहरू तथा बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूलाई आधार मानी संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको आर्थिक सहयोग लिएर आर्थिक वर्षका (२०८०/०८१ देखि २०८२/०८३) का लागि लेकवेशी नगरपालिकाकाले यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

## २.२ चुनौती तथा अवसर

**चुनौतिहरु :** नेपाली राजनीतिमा आएको संरचनागत परिवर्तनले सवै क्षेत्रमा प्रभाव परेको छ । संविधानबाट प्राप्त नागरिक अधिकारहरूको व्यवहारिक रुपान्तरण गर्नु, दिगो विकास लक्ष्यमा योगदान पुऱ्याउनु, पन्ध्रौं योजना, कर्णाली प्रदेशको लक्ष्य तथा नीतिहरूमा सहयोग पुऱ्याउनु, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि गर्नु नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गर्नु, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गरी हाँसेर सेवालिने सुखी नगरवासी तथा समृद्ध नगरपालिका निर्माण गर्नु यहाँका मुख्य चुनौती हुन् । दुई वर्षभन्दा लामो समयसम्म कोभिड-१९ को महामारीबाट आक्रान्त विश्व विस्तारै तङ्ग्रिँदै जाने अवस्थामा पुनः मङ्कीपक्सजस्ता भाइरसहरू विभिन्न देशमा फैलनुले विपद् व्यवस्थापनलाई सुदृढ गरी दिगो विकास सुनिश्चित गर्नु अर्को चुनौतीका रुपमा रहेको छ ।

**अबसरहरु :** नगरपालिकाको विचभागमा रहेको मदनभण्डारी राजमार्गको स्तरउन्नति र विकाससँग सडक,सङ्घीय शासन प्रणाली संस्थागत हुँदै जानु; नगरपालिकाको संस्थागत स्वरुप, आवश्यक नीति, कानून, साधन, स्रोत तथा स्थानीय तहका अधिकार स्पष्ट भई तोकिएका काम, कर्तव्य पूरा गर्ने दिशामा स्थानीय सरकार प्रतिबद्ध हुनु; स्थानीय सरकारहरूबीच दिगो विकास, उत्थानशीलता, समृद्धि र

सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरू हुन् । नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरू सिर्जना भएका छन् ।

### २.३ सोच, उद्देश्य तथा रणनीति

नगरपालिकाको आवधिक योजना तर्जुमा भएको सन्दर्भमा नगरपालिकाका वार्षिक नीति तथा कार्यक्रमहरू, प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रमहरू, सङ्घीय सरकारबाट जारी भएको पन्धौं योजना, समग्र नागरिक तथा जनप्रतिनिधिका दृष्टिकोण र सोचहरूलाई मध्यनजर गरी सोच, उद्देश्य तथा रणनीति निम्नअनुसार तय गरिएको छ ।

#### २.३.१ दीर्घकालीन सोच "कृषि पर्यटन र पूर्वाधार समृद्ध लेकवेशीको आधार"

#### २.३.२ नगरपालिकाको विकासको समष्टिगत लक्ष्य

नगरपालिकाको विकासको समष्टिगत लक्ष्य देहायअनुसार प्रस्ताव गरिएको छ :

१.महिला, पुरुष, बालबालिका, वृद्धवृद्धा, दलित, सीमान्तीकृत लगायत सबै नगरवासीको जीवनस्तरमा उल्लेख्य र गुणात्मक सुधार गर्ने ,

२. तीव्र आर्थिक वृद्धि र न्यायिक वितरण सहितको स्थानीय अर्थतन्त्रको विकास गर्ने ,

३. हरित, उत्थानशील र समावेशी विकासका लागि सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्ने ,

४. छिटो-छरितो सेवा प्रवाह, सुशासन प्रवर्द्धन तथा संस्थागत क्षमताको सुदृढीकरण गर्ने ,

५. सन्तुलित पर्यावरण तथा समावेशी र उत्थानशील पूर्वाधार विकास गर्ने ,

६. लैङ्गिक, जातीय, वर्गीय तथा सामाजिक बहिष्करणमा परेका समुदायको शैक्षिक, आर्थिक अवस्था र मनोवलको सुदृढीकरण गर्ने । सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने र लैङ्गिक समानताको अवस्था हासिल गर्ने ,

७. विज्ञान, प्रविधि, नवप्रवर्तन र सूचना तथा सञ्चार क्षेत्रको उच्चतम उपयोग गर्ने ,

८. जलवायु परिवर्तन अनुकूलनता र कार्बन तटष्ठ (carbon neutral) जीवनशैलीको प्रवर्द्धन गर्ने ।

#### २.३.३ नगरपालिकाको विकासको समष्टिगत उद्देश्य

१.दिगो, फराकिलो, तीव्र र सन्तुलित आर्थिक वृद्धि हासिल गर्नु ,

२.आर्थिक अवसरहरूलाई विविधीकृत, समावेशी र उत्थानशील बनाई आर्थिक वृद्धिको गतिलाई तीव्रता दिनु ,

३.नगरवासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी सामाजिक सुरक्षा र अमनचैनको वातावरण कायम गर्नु ,

४.सम्पूर्ण नगर क्षेत्रको सन्तुलित तथा समन्यायिक विकास गर्नु । महिला, पुरुष, बालबालिका, वृद्धवृद्धा, दलित, सीमान्तीकृतलगायत सबै नगरवासीको समान पहुँच भएको न्यायपूर्ण समाज निर्माण गर्नु ,

५.शहरी एवम् पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीको सहज पहुँच स्थापित गर्नु ।

### २.३.४ नगरपालिकाको विकासको रणनीति

नगरको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिएका छन् :

१. नगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रुपमा ध्यान दिएर नगरपालिकालाई बाह्य स्रोतमा निर्भर रहनु नपर्ने अवस्थालाई प्राथमिकतामा राख्ने निति तर्जुमा गर्ने ,

२. भौतिक पूर्वाधार सम्बन्धि योजनाहरु एउटा पूरा नहुंदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्को तर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्थालाई नियन्त्रण गर्ने ,

३. कृषि र पर्यटनलाई नगर विकासको प्रमुख आधारका रुपमा अङगिकार गर्ने ,

४. आधुनिक विकासका माध्यमबाट लेकवेशी नगरपालिकालाई आकर्षित गर्ने ,

५. नगरपालिकामा पूर्वाधारको विकास वातावरणको संरक्षण र गुणस्तर सुनिश्चितता कायम गर्ने ,

६. कृषिमा आधारित उद्यमशीलताको विकासमा जोड गर्ने ,

७. सुशासन सुनिश्चित गर्न सूचना प्रविधिको अधिकतम् प्रयोग गर्ने ,
८. लक्षित वर्गको उत्थानका लागि विशेष कार्यक्रम संचालन गर्ने ,
९. विपद् तथा जलवायु उत्थानशील व्यवस्थापन सम्बन्धि दीर्घकालीन रणनीति तयार गरी प्राथमिकताका साथ लागू गर्ने ,
१०. वन तथा वातावरण संरक्षणका लागि एकीकृत कार्यक्रम वनसँग आयआर्जनका कार्यक्रम संचालन गर्ने ,
११. युवा रोजगारी प्रवर्द्धन गर्ने खालका विकास योजनामा जोड गर्ने ,
१२. जलविकासको संचालन र स्वयम् उत्पादनको सम्भाव्यता अध्ययन गर्ने ,
१३. कृषिमा व्यवसायीकी करणको लागि विशेष खालको नीति अवलम्वन गर्ने ,
१४.लेकवेशी नगरपालिकालाई जनसभागितामा आधारित विकास विस्तार र स्वच्छतामा आधारित रही व्यवस्थापन गर्न साथीविकासको अवधारणा कार्यविधि बनाएर प्रयोग गर्ने ,
१५. संघिय र प्रदेश संरचनालाई फाईदा पुग्ने खालका सबै कार्यक्रमहरु संचालन गर्ने ,
१६. सम्पूर्ण नागरीकहरुको घर आँगन सफा राख्न एक घर एक धारा,एक पक्की जुठेल्नो, एकपक्की शौचालय सहितको कार्यक्रम संचालन गर्ने ,
१७. वडाको महत्वमा परेका सबै सडक ५ वर्ष भित्रमा स्तर उन्नति गर्ने ,
१८. विकासको प्रतिफल तथा सेवा सुविधामा सवै वर्ग, समुदाय तथा क्षेत्रको पहुच वढाउने साथै स्थानीय स्तरमा विकास कार्यक्रम संञ्चालन गर्दा पिछाडिएका जनसमुदायलाई बिशेष प्राथमिकता दिने ,

१९.स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्न औपचारिक तथा अनौपचारिक अवसरहरु प्रदान गर्ने ।

२०.कृषि, पूर्वाधार, पर्यटन, वन, मानवसंसाधन र जलस्रोत नगरपालिकाको अर्थतन्त्रको विकासका ६ वटा आधार मानी कार्यगत रणनीति तयार गर्ने ,

२१.नगरपालिकाको पूर्वाधार विकासमा विशेष गरी सडक, सिंचाई, वस्ती विकास, खानेपानी विकासमा सार्वजनिक लगानी केन्द्रित गर्ने

२२.सवै बस्तीहरुमा एक घर १ एक धारा नीति अवलम्वन गर्ने ,

२३.एक वस्ती एक व्यवसाय, एक ब्लक नीति अवलम्वन गर्ने ,

२४.वस्ने वास नभएकाहरुको लागि वासस्थानको व्यवस्था गर्ने ,

२५..नगरपालिकामा कुनै पनि परिवार घरवार विहिन हुन नदिने रणनीति तयार गर्ने ,

२६. नगरपालिकाका १० वटै वडावाट नगरपालिका भवनसम्म बाह्रैमास सार्वजनिक यातायात सञ्चालन गर्ने सडक छनोट गरी कालोपत्रे गर्ने,

२७.प्रत्येक मुख्य वस्तिवाट ३० मिनेटको पैदल हिडाइमा मोटरेवल सडकमा पुग्ने व्यवस्था गर्ने ,

२८.दिगो र पर्यावरण मैत्री विकास, हरियालीयूक्त वस्ती र सुरक्षित आवास निर्माण गर्ने ,

२९.छरिएर रहेको वस्तिलाई एकीकृत गरी सेवा तथा सुविधा उपलव्ध गराउने रणनीति अवलम्वन गर्ने ,

३०.. सार्वजनिक, निजी, सहकारी सहितको तीन खम्वे आर्थिक नीतिलाई अवलम्वन गर्ने ,

३१.सहकारी आन्दोलनलाई वढावा दिई जनताको आर्थिक उन्नति गर्न आवश्यक पूँजी सहकारीको माध्यमवाट संङ्कलन गरी परिचालन गर्ने ,

३२.वडालाई केन्द्रमानेर २ वटा वैंकको कारोबारो गर्ने वा बैंक शाखा सञ्चालन गर्ने नीति अवलम्वन गर्ने ,

३३.कृषि, उद्योग एवं सेवा क्षेत्रको विकास निजी क्षेत्रवाट मात्र सम्भव हुने भएकोले नगरपालिकाले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा आवश्यक पूर्वाधार निर्माण तथा लगानीका श्रोतहरु प्राप्त गर्ने वातावरण सृजना गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच, कर्णाली प्रदेशको सोच, लक्ष्य तथा नीतिहरू एवम् माथि उल्लिखित नगरपालिकाको सोच, लक्ष्य, उद्देश्यअनुरुप " **कृषि पर्यटन र पूर्वाधार समृद्ध लेकवेशीको आधार**"तर्फ उन्मुख हुन सघाउ पुर्‍याउने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार आगामी तीन आ.व. (आ.व.२०८०/०८१-२०८२/०८३) को समष्टिगत आर्थिक लक्ष्य देहायअनुसार रहेको छ ।

**तालिका : १ मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धी | चालु आ.व.सम्म को अनुमानीत उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| १. | वार्षिक उत्पादन | रु.लाखमा | २५००.०० | २५५०.०० | २६२८.०० | २७००.०० | ३०००.०० |
| २. | कृषि | रु.लाखमा | २५००.०० | २५५०.०० | २६२८.०० | २७००.०० | ३०००.०० |
| ३. | गैरकृषि (उद्योग र सेवा) | प्रतिसत | ७ | ७ | १० | १५ | २० |
| ४. | औषत परिवारको आय | रु.हजारमा | ७०.०० | ७०.५० | ७२.००० | ७.२५.०० | ७५..०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | ३ महिना भन्दा कम खान पुग्ने परिवार | प्रतिसत | २०.५० | २०.५० | २० | १९.५ | १८ |
| ६. | आफ्नो घर भएका | सङ्ख्या | ७२८२ | ७२८२ | ७२९० | ७३०० | ७३३० |
| ७. | उद्योग | सङ्ख्या | ४९ | ४९ | ५५ | ६५ | १०० |
| ८. | आधारभूत खाद्य सुरक्षामा रहेका परिवार | प्रतिसत | १९.६० | १९.६० | २० | २१ | २५ |
| ९ | गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिसत | २०.५० | २०.५० | २० | १९.५ | १८ |

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, नगरपालिकाको माथि उल्लिखित सोच, लक्ष्य, उद्देश्य, हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यस खाकामा विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/०८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व.२०८०/०८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोस्रो र तेस्रो वर्षको लक्ष्य विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका देहायअनुसार तालिका २ मा प्रस्तुत गरिएको छ :

**तालिका : २ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र. सं. | सुचक | एकाइ | गत आ.ब. सम्मको उपलब्धी | चालु आ.व.सम्म को अनुमानीत उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| १. | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (किलोग्राम) | केजिमा | ७० | ७० | ८० | ९० | १०० |
| २. | विद्यमान कृषि भूमि (खेतीयोग्य जमिन) | बर्ग कि.मि. | ४५.४९ | ४५.४९ | ४५.४९ | ४५.४९ | ४५.४९ |
| ३. | आफ्नोवार्षिक आम्दानीले परिवार धान्न पुग्ने परिवार | प्रतिसत | १९.६० | १९.६० | २५ | २६ | २७ |
| ४. | वर्षैभरी सिंचाइ सुविधा उपलब्ध खेतीयोग्य जमीन | प्रतिसत | ३२.४२ | ३२.४२ | ३३ | ३५ | ४० |
| ५. | पशु चौपाया निकासी | संख्या | | | | | |
| ६. | आधारभूत खानेपानी सेवा पुगेको जनसङ्ख्या | प्रतिसत | ९४ | ९४ | ९५ | ९५.५ | ९७ |
| ७. | साक्षरता दर (५ वर्षमाथि उमेर समूह) | प्रतिसत | ८२.२१ | ८२.२१ | ८३ | ८३.५ | ८४ |
| | महिला | प्रतिसत | ७६.१६ | ७६.१६ | ७७ | ७७.५ | ७८ |
| | पुरुष | प्रतिसत | ८९.१८ | ८९.१८ | ९० | ९१ | ९१.५ |
| ८. | माध्यमिक तहमा खुद भर्नादर | प्रतिसत | ५१.५ | ५१..५ | ५३ | ५४ | ५५ |
| ९. | कक्षा १०सम्मको टिकाउ दर | प्रतिसत | ५१.५ | ५१..५ | ५३ | ५४ | ५५ |
| १० | माध्यमिक तहको कक्षा छाड्ने दर | प्रतिसत | ३.९९ | ३.९९ | ३.५ | ३.० | २.० |
| ११ | राष्ट्रिय खोपतालिका अनुसार पूर्ण रुपमा खोप प्राप्त गर्ने बालबालिका | प्रतिसत | १०० | १०० | १०० | १०० | १०० |
| १२ | गार्हस्थ उत्पादन प्रतिव्यक्ति आम्दानी | डलर | ६४०.७७ | ६४०.७७ | ७००.६० | ९०० | १००० |
| १३ | भवनसंहिता अनुसार निर्माण भएका आवास घर | प्रतिसत | ५.६९ | ५.६९ | ६ | ६.५ | ७ |
| १४ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएको | प्रतिसत | १७.५३ | १८ | १९ | २० | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | | | | | | |
| १५ | वि.सि.जी. कभर | प्रतिसत | ६९.४ | ६९.४ | ८० | ८५ | ९२ |
| १६ | घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवारहरू संख्या | प्रतिसत | ४००० | ४००० | ४३०० | ४५०० | ६००० |
| १७ | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिसत | १.५० | १.५० | १.६० | १.८० | २ |

## २.६ मध्यमकालीन बजेट खाका

लेकवेशी नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नगरपालिकाका वार्षिक नीति तथा कार्यक्रमको प्रवृत्ति, वार्षिक योजना तथा कार्यक्रमहरूको प्राथमिकता, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। नगर गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड-१९ महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ।

विगत आर्थिक वर्षहरूको यथार्थ आय तथा खर्च, आर्थिक वर्ष २०७९/०८० को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आन्तरिक स्रोत, राजस्व बाँडबाँटबाट उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा अन्य) र आन्तरिक स्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारबाट गत विगत वर्षमा प्राप्त भएको रकमको आधारमा अनुमान तथा प्रक्षेपण गरिएको छ। यस आधारमा नगरपालिकाको गत तीन वर्षको यथार्थ आय र आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण देहायअनुसार रहेको छ :

**तालिका : ३ त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण** **बजेट रु.(०००)**

| बजेटका स्रोतहरु | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को अनुमान | २०७९/०८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | | ३ वर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| राजस्व तथा अनुदान | ३८५४०१३६०.५० | ५७२६८४४२९.५२ | ८३१६७९४१३.०० | ९९८०१५.२९ | ११९७६१८.४३ | १४३७१४२.०९ | ३६३२७७५.८१ |
| आन्तरिक राजश्व | १२५००.००० | ०० | १२५००.००० | १५०००.०० | २००००.०० | २४०००.०० | ५९०००.०० |
| संघ राजस्व बाँडफाँडबाट | १०६९८९.०००० | ०० | १०६९८९.००० | १२८३८६.८ | १७११८२.४ | २०५४१८.८८ | ५०४९८८.०८ |
| प्रदेश राजश्व बाँडफाँडबाट | १६१६.५६१ | ०० | १६१६.५६१ | १९३९.८७३२ | २३२७.८५ | २७९३.४२ | ७०६१.१४३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अघिल्लो आ.व.को नगद मौज्दात | १०२०२४.३५६ | ०० | १०२०२४.३५६ | १०२०२४.३५६ | १०२०२४.३५६ | १०२०२४.३५६ | १०२०२४.३५६ |
| विकास साझेदार | ४६३७७.४९६ | ०० | ४६३७७.४९६ | ५५६५३. | ६६७८३.६ | ८०१४०.३२ | २०२५७६.९२ |
| संघबाट समानीकरण अनुदान | १२६४००.००० | ०० | १२६४००.००० | १५१६८० | १८२०१६ | २१८४१९.२ | ५५२११५.२ |
| प्रदेश समानीकरण अनुदान | १२८५७.००० | ०० | १२८५७.००० | १५४२८.४ | १८५१४.०८ | २२२१६.९ | ५६१५९.३८ |
| सङ्घीय सशर्त अनुदान | २७८८००.००० | ०० | २७८८००.००० | ३३४५६० | ४०१४७२ | ४८१७६६.४ | १२१७७९८.४ |
| प्रदेश सशर्त अनुदान | ६५७१०.००० | ०० | ६५७१०.००० | ७८८५२ | ९४६२२.४ | ११३५४६.८८ | २८७०२१.२८ |
| संघ विशेष अनुदान | ३००००.००० | ०० | ३००००.००० | ३६००० | ४३२०० | ५१८४० | १३१०४०.०० |
| प्रदेश विशेष अनुदान | ५८१९.००० | ०० | ५८१९.००० | ६९८२.८ | ८३७९.३६ | १००५५.२३ | २५४१७.३९ |
| संघ समपुरक अनुदान | ९०००.००० | ०० | ९०००.००० | १०८०० | १२९६० | १५५५२ | ३९३१२.०० |
| प्रदेश समपुरक अनुदान | १३१४०.००० | ०० | १३१४०.००० | १५७६८ | १८९२१.६ | २२७०५.९२ | ५७३९५.५२ |
| स्थाननीय राजस्व बाँडफाँडबाट प्राप्त | २०४४६.००० | ०० | २०४४६.००० | २४५३५.२ | २९४४२.२४ | ३५३३०.६७ | ५९८६५.९० |
| जम्मा | | ०० | ८३१६७९४१३ | ९९८०१५.२९ | ११९७६१८.४३ | १४३७१४२.०९ | ३६३२७७५.८१ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

यहाँ आवधिक योजनाको रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । लेकबेशी नगरपालिकाको बनेको आवधिक योजनाको रणनीतिक स्तम्भको आधारमा बजेट बाँडफाँट गरिएको छ ।

**ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

योजना अवधिभर सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूलाई प्रथम प्राथमिकता प्राप्त १ र द्वितीय प्राथमिकताप्राप्त २ गरी प्राथमिकताक्रममा वर्गीकरण गरिएको छ । यसअनुसार पहिलो प्राथमिकताप्राप्त आयोजनाको सङ्ख्या १० रहेको छ भने दोस्रो प्राथमिकताप्राप्त आयोजनाको सङ्ख्या १० वटा रहेको छ । नगरपालिकाको आ.व. २०८०/०८१ को अनुमानित बजेट र तत्पश्चात् दुई आर्थिक वर्षको प्रक्षेपित बजेट देहायको तालिका ४ अनुसार रहेको छ ।

**तालिका : ४ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| आ.ब.२०८०/०८१ देखि आ.ब.२०८२/०८३ सम्मको संभाव्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.०००) | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.स.** | **शिर्षकहरु** | **आ.ब. २०७९/०८०** | **आ.ब २०८०/०८१** | **आ.ब २०८१/०८२** | **आ.ब २०८२/०८३** | |
| १. | जम्मा आय | ८३१६७९.४१३ | ९९८०१५.२९ | ११९७६१८.४३ | १४३७१४२.०९ | |
| २. | पुँजीगत तर्फ | ३७१०४९.२९७ | ४८२३६४.०८६ | ६२७०७३.३११ | ८१५१९५.३०५ | |
| ३. | चालु तर्फ | ४१४२५२.६२० | ४५५६७७.८८२ | ५०१२४५.६७ | ५५१३७०.२३ | |
| ४. | आन्तरिक राजश्व | १२५००.००० | १५०००.०० | २००००.०० | २४०००.०० | |
| ५. | संघराजस्व बाँडफाँडबाट | १०६९८९.००० | १२८३८६.८ | १७११८२.४ | २०५४१८.८८ | |

| आ.ब.२०८०/०८१ देखि आ.ब.२०८२/०८३ सम्मको संभाब्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.000) | | | | | | |
|---|---|---|---|---|---|---|
| **क.स.** | **शिर्षकहरु** | **आ.ब. २०७९/०८०** | **आ.ब २०८०/०८१** | **आ.ब २०८१/०८२** | **आ.ब २०८२/०८३** | |
| ६. | प्रदेश राजश्व बाँडफाँडबाट | १६१६.५६१ | १९३९.८७३२ | २३२७.८५ | २७९३.४२ | |
| ७. | अघिल्लो आ.व.को नगद मौज्दात | १०२०२४.३५६ | १०२०२४.३५६ | १०२०२४.३५६ | १०२०२४.३५६ | |
| ८. | विकास साझेदार | ४६३७७.४९६ | ५५६५३. | ६६७८३.६ | ८०१४०.३२ | |
| ९ | संघबाट समानीकरण अनुदान | १२६४००.००० | १५१६८० | १८२०१६ | २१८४१९.२ | |
| १० | प्रदेश समानीकरण अनुदान | १२८५७.००० | १५४२८.४ | १८५१४.०८ | २२२१६.९ | |
| ११ | संघीय सशर्त अनुदान | २७८८००.००० | ३३४५६० | ४०१४७२ | ४८१७६६.४ | |
| १२ | प्रदेश सशर्त अनुदान | ६५७१०.००० | ७८८५२ | ९४६२२.४ | ११३५४६.८८ | |
| १३ | संघ विशेष अनुदान | ३००००.००० | ३६००० | ४३२०० | ५१८४० | |
| १४ | प्रदेश विशेष अनुदान | ५८१९.००० | ६९८२.८ | ८३७९.३६ | १००५५.२३ | |
| १५. | संघ समपुरक अनुदान | ९०००.००० | १०८०० | १२९६० | १५५५२ | |
| १६. | प्रदेश समपुरक अनुदान | १३१४०.००० | १५७६८ | १८९२१.६ | २२७०५.९२ | |
| १७ | स्थाननीय राजस्व बाँडफाँडबाट प्राप्त | २०४४६.००० | २४५३५.२ | २९४४२.२४ | ३५३३०.६७ | |
| **कुल जम्मा आय** | | ८३१६७९४१३ | ९९८०१५.२९ | ११९७६१८.४३ | १४३७१४२.०९ | |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्यका कुल १७ वटा लक्ष्य/सङ्केतहरू मध्ये सङ्केत नं. १४ (जमिनमुनिको जीवन) बाहेकका अन्य १६ वटै लक्ष्य सङ्केतहरूमा लेकबेशी नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनाले बजेट विनियोजन गरेको छ। सामाजिक सुरक्षा अन्तर्गतको बजेटले नगरपालिकाको समग्र बजेटको ठूलो हिस्सा ओगट्ने भएकाले यसले सम्बन्धित दिगो विकास सङ्केत अन्तर्गतको बजेट हिस्सालाई उल्लेख्य रुपमा बढाएको छ। नगरपालिकाका विभिन्न क्षेत्रहरूमा विपन्नता उल्लेख्य मात्रामा भएको र विपन्नता उल्लेख्य भएको स्थानमा सामाजिक सुरक्षाको रकमले भोकमरी न्यूनीकरणमा महत्वपूर्ण योगदान गर्ने भएकाले यो रकमलाई यही शीर्षक अन्तर्गत साङ्केतीकरण गरिएको छ। यस बाहेक कार्यालय सञ्चालन लगायतका प्रशासनिक खर्चहरूलाई सङ्केत नम्बर १६ अन्तर्गत राखिएको हुँदा यस शीर्षक अन्तर्गत पनि बजेटको हिस्सा उच्च रहन गएको छ। समग्रमा दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण देहायअनुसार गरिएको छ।

### तालिका नं : ५ दिगो विकास लक्ष्यको आधारमा बजेट बाँडफाँट

| स.न. | दिगो विकास लक्ष्य (दिविल) | आयोजना / कार्यक्रम संख्या | २०८०/०८१ को व्यय अनुमान | | २०८१/०८२ को खर्च प्रक्षेपण | | २०८२/०८३को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | गरिबीको अन्त्य गर्ने | १ | २५०० | ०.५६ | २५०० | ०.५६ | ५००० | ०.८९ |
| २. | शून्य भोकमरी | १२ | १२९५ | ०.२९ | १३०५ | ०.२३ | १३०५ | ०.२३ |
| ३. | स्वस्थ्य जीवन | २२ | १२५३६ | २.८१ | १२०५३६ | २१.७४ | १२०५३६ | २१.५५ |
| ४. | गुणस्तरीय शिक्षा | २२ | १०४२४६ | २३.३५ | १०३७४६ | १८.७१ | १०३७४६ | १८.५५ |
| ५. | लैङ्गिग समानता | २० | १४४१६५. | ३२.३० | १४४१६५.५ | २६.० | १४४१६५.५ | २५.७८ |
| ६. | सफा पानी र स्वच्छता | ०७ | १७३९१.४ | ३.८९ | १७३९१.४ | ३.१३ | १८९९१.४ | ३.३९ |
| ७. | आधुनिक ऊर्जामा पहुँच | ०१ | २५०० | ०.५६ | २५०० | ०.४५ | २५०० | ०.४५ |
| ८. | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १० | ७५०० | १.६८ | ७५०० | १.३५ | ७५०० | १.३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | उद्योग, नविन खोज र पूर्वाधार | १६ | २३०० | ०.५१ | २२०० | ०.४० | ३५०० | ०.६२ |
| १० | असमानता न्यूनीकरण | १० | ९०५० | २.०२ | ९१०० | १.६४ | ९१०० | १.६२ |
| ११ | दिगो शहर र समुदाय | १३ | ११८१२० | २६.४६ | ११८१२० | २१.३० | ११८१२० | २१.१२ |
| १२ | दिगो उपभोग र उत्पादन | ०९ | १२९५ | ०.२९ | १३०५ | ०.२३ | १३०५ | ०.२३ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | १० | १०३००.२ | २.३० | १०९००.२ | १.९६ | १०३००.२ | १.८४ |
| १४ | जमिनमाथिको जीवन | ०६ | २२५० | ०.५० | २२५० | ०.४० | २२५० | ०.४० |
| १५ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | १६ | ४७७० | १.०६ | ४७७० | ०.८६ | ४७७० | ०.३५ |
| १६ | लक्ष्य प्राप्तीमा साझेदारी | ०६ | ६०४४.३ | १.३५ | ६०४४.३ | १.०९ | ६०४४.३ | १.०८ |
| जम्मा | | १८७ | ४४६२६२.९ | १०० | ५५४३३३.४ | १०० | ५५९१३३.४ | १०० |

## घ. लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट

यस योजना अवधिभर सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूलाई नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ अनुसार सम्बन्धित आयोजना तथा कार्यक्रमले लैङ्गिक समानताका लागि पुऱ्याउन सक्ने योगदानका आधारमा तीन तहमा वर्गीकरण गरिएको छ । यस अनुसार महिला तथा बालबालिकाप्रति स्पष्टरूपमा लक्षित आयोजना तथा कार्यक्रमलाई निर्दिष्ट तहमा वर्गीकृत गरी सङ्केत १ प्रदान गरिएको छ भने महिला सशक्तिकरण तथा लैंङ्गिक समानताप्रति उत्तरदायी तथा सोका लागि सहज वातावरणको सिर्जन गर्नेखालका आयोजना तथा कार्यक्रमलाई सहयोगी तहमा वर्गीकृत गरी सङ्केत २ प्रदान गरिएको छ । तर, महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरूको पहिचान नगर्ने वा सम्बोधन नगर्ने आयोजना तथा कार्यक्रमलाई तटस्थ तहमा वर्गीकरण गरी सङ्केत ३ प्रदान गरिएको छ । यसअनुसार आगामी तीन आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको विस्तृत विवरण अनुसूची- १ मा प्रस्तुत गरिएको छ । नगरपालिकाको कार्यक्रमअनुसार लैंङ्गिक दृष्टिकोणले कुल बजेटको ठूलो हिस्सा ( तीन चौथाइ) सहयोगी रहेका छन् भने करिब एक चौथाइ (.... प्रतिशत) तटस्थ खालका रहेका छन् भने निर्दिष्ट आयोजना कार्यक्रमको बजेटको हिस्सा भने करिब एक प्रतिशत मात्र रहेको छ । यस अनुसार लैङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपणको सारांश तालिका नं. ६ मा देहायअनुसार प्रस्तुत छ ।

**तालिका नं : ६ सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रु.हजारमा)**

| जलवायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/०८१ को व्यय अनुमान | | २०८१/०८२ को खर्च प्रक्षेपण | | २०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | २० | १४४१६५. | ३२.३० | १४४१६५.५ | २६.० | १४४१६५.५ | २५.७८ |
| सान्दर्भिक | | | | | | | |
| तटस्थ | | | | | | | |
| जम्मा | २० | १४४१६५. | ३२.३० | १४४१६५.५ | २६.० | १४४१६५.५ | २५.७८ |

**ङ. जलवायु सङ्केतको आधारमा बाँडफाँट**

आगामी तीन वर्षमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूलाई जलवायु परिवर्तन अनुकूलन/न्यूनीकरणका दृष्टिकोणले अत्यन्त सान्दर्भिक, सान्दर्भिक र तटस्थ गरी तीन तहमा वर्गीकरण गरिएको छ । प्रस्तावित आयोजना कार्यक्रमको ५० प्रतिशतभन्दा बढी बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा अत्यन्त सान्दर्भिक तहमा वर्गीकृत गरी तिनलाई बजेट सङ्केत १ प्रदान गरिएको छ । यस्तैगरी, प्रस्तावित आयोजना कार्यक्रमको २०-५० प्रतिशतसम्म बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा सान्दर्भिक तहमा वर्गीकृत गरी तिनलाई बजेट सङ्केत २ प्रदान गरिएको छ भने प्रस्तावित आयोजना कार्यक्रमको २० प्रतिशतभन्दा कम बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भएमा वा

प्रस्तावित आयोजना कार्यक्रम जलवायु परिवर्तनसँग सम्बन्धित नभएमा तटस्थ तहमा वर्गीकरण गरी उक्त आयोजना कार्यक्रमहरूलाई बजेट सङ्केत ३ प्रदान गरिएको छ । आगामी तीन वर्षका अवधिमा सञ्चालन गर्न प्रस्तावित आयोजना कार्यक्रमहरूलाई जलवायु सङ्केतका आधारमा साङ्केतीकरण अनुसूची-१ मा प्रस्तुत गरिएको छ भने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपणको सारांश तालिका ७ मा देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ७ जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण** (रु. ०००)

| जलवायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/०८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| सान्दर्भिक | १० | १०३००.२ | २.३० | १०९००.२ | १.९६ | १०३००.२ | १.८४ |
| जम्मा | १० | १०३००.२ | २.३० | १०९००.२ | १.९६ | १०३००.२ | १.८४ |

## च. नगर गौरवका आयोजना

नगरको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रुपमा प्रस्ताव गरिएको छ । नगर गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०८०/०८१ को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं : ८ नगरपालिकाका गौरवका आयोजना (रु. ०००)**

| क्र.स | गौरवका आयोजना | २०८०/०८१ को व्यय अनुमान | २०८०/०८१ को खर्च प्रक्षेपण | २०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १. | आबासिय विद्यालय भवन निर्माण, | ३३५७८.०० | १६७८९.०० | १६७८९.०० |
| २. | एक घर एक धारा खानेपानी | ३४७८२.८ | १७३९१.४ | १७३९१.४ |
| ३. | नगरपालिकाको प्रशासकीय भवन र २ वडा कार्यालय निर्माण | १०००००.०० | ५००००.०० | ५००००.०० |
| ४ | नगर अस्पताल भवन निर्माण | ६४४६९.८ | ३२२३४.९ | ३२२३४.९ |
| ५ | ल्याण्डफिल साइट निर्माण अध्ययन | २५०० | १२५० | १२५० |
| जम्मा | | १७७३०७.६ | ८८६५३.८ | ८८६५३.८ |

## छ. विषय उपक्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका ९ मा प्रस्तुत गरिएको छ । यसमा आ.व. २०८०/०८१ को लागि नगरपालिकाको कुल वार्षिक बजेट रु. ९८ करोड ५९ लाख १० हजार ७०० रुपिया अनुमान गरिएको छ भने आ.व. २०८१/०८२ का लागि रु. ९८ करोड ७५ लाख ७७ हजार ७०० रुपिया र तेस्रो आ.व. २०८२/०८३ मा रु. ९९ करोड ५० लाख ९९ हजार ७०० पुग्ने प्रक्षेपण गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण सम्बन्धी विवरण अनुसूची १ समावेश गरिएको छ ।

**तालिका नं : ९ आगामी तीन आ.व.को विषय उपक्षेत्रगत खर्चको बाँडफाँड प्रक्षेपण (रकम रु. ०००)**

| विषयगत उपक्षेत्रहरु | आ.ब.२०८०/०८१ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | जम्मा |
|---|---|---|---|---|
| कृषि | ५२३० | ५७१० | ३४४० | १४३८०.०० |
| पशुपक्षी | ४२८६.५ | ४५१३.५ | ४७५५.५ | १३५५५.५ |
| खाद्य सुरक्षा तथा पोषण | १२९५ | १३०५ | १३०५ | ३९०५.०० |
| सिचाई | १०६७५.५ | १०६७५.५ | १०६७५.५ | ३२०२६.५ |
| भूमीव्यबस्था | २५५० | २६०० | २६०० | ७७५०.०० |
| वन तथा वनस्पति | ४९१०.०० | ५१६०.०० | ४९१०.०० | १४९८०.०० |

| | | | | |
|---|---|---|---|---|
| खनिज सम्पदा | ४५०.०० | ४५०.०० | ४५०.०० | १३५०.०० |
| उद्योग बाणिज्य आपूर्ति तथा पर्यटन बजार | २३०० | २२०० | ३५०० | ८०००.०० |
| ब्यापार तथा आपूर्ति | ४९०० | ५१०० | ६१०० | १६१००.०० |
| स्वोरोजगारका लागि सिपविकास कार्यक्रम | २५०० | २५०० | ५००० | १००००.०० |
| पर्यटन | ४५५० | ४६०० | ९६०० | १८७५०.०० |
| सहकारी वित्तिय तथा सेवा | ९०५० | ९१०० | ९१०० | २७२५०.०० |
| जम्मा बजेट | ५२२४७.०० | ५३९१४.०० | ६१४३६.०० | १६७५७९.०० |
| शिक्षा | १०४२४६.८ | १०३७४६.८ | १०३७४६.८ | ३११७४०४.४ |
| स्वास्थ्य तथा पोषण | १२५५३६ | १२०५३६ | १२०५३६ | ३६६६०८.०० |
| खाने पानी तथा सरसफाई | १७७९१.४ | १७७९१.४ | १७७९१.४ | ५३३७४.२ |
| सा.सु. | १५१६६३.१ | १५१६६३.१ | १५१६६३.१ | ४५४९८९.३ |
| युवा तथा खेलकुद | १९४३.१ | १९४३.१ | १९४३.१ | ५८२९.३ |
| सस्कृति | ६०४४.३ | ६०४४.३ | ६०४४.३ | १८१३२.९ |
| जम्मा | ४०१२२४.७ | ४०१२२४.७ | ४०१२२४.७ | १२०३६७४.१ |
| सडक | २६४१७८.८ | २६४१७८.८ | २६४१७८.८ | ७९२५३६.४ |
| आबास बस्ती तथा बजार विकास | ११८१२०.० | ११८१२०.० | ११८१२०.० | ३५४३६०.०० |
| सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | ८४०००.०० | ८४०००.०० | ८४०००.०० | २५२०००.०० |
| जम्मा | ४६६२९८.८ | ४६६२९८.८ | ४६६२९८.८ | १३९८८९६.४ |
| वन तथा भू संरक्षण | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | २४६३०.०० |
| फोहरमैला ब्यबस्थापन | ७५००.०० | ७५००.०० | ७५००.०० | २२५००.०० |
| विपद ब्यबस्थापन | १०४००.२ | १०४००.२ | १०४००.२ | ३१२००.६ |
| जम्मा | २६११०.२ | २६११०.२ | २६११०.२ | ७८३३०.६ |
| सस्थागत शासकीय सुधार तथा सुशासन | २२१००.०० | २२६००.०० | २२१००.०० | ६६८००.०० |
| वित्तिय ब्यबस्था र भ्रष्टचार निवारण | १३०६०.०० | १३०६०.०० | १३०६०.०० | ३९१८०.०० |
| सुशासन | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | १४३१०.०० |
| जम्मा | ४००३०.०० | ४००३०.०० | ४००३०.०० | १२००९०.०० |
| **आगामी तीन वर्षको जम्मा** | ९८५९१०.७ | ९८७५७७.७ | ९९५०९९.७ | २९६८५८८.१ |

आर्थिक वर्ष २०८०/०८१ को अनुमानित विनियोजन र त्यसपश्चात्का पछिल्लो दुई वर्षको स्रोत प्रक्षेपणसहित सम्बन्धित विषयगत उपक्षेत्रको दीर्घकालीन सोच, उद्देश्य, रणनीति लगायत नतिजासूचक तथा मध्यमकालीन लक्ष्य, विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान, कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण र जोखिम पक्ष तथा अनुमान परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद : ३ आर्थिक क्षेत्र

## ३.१ कृषि

**४.१.१.१ पृष्ठभूमि :** लेकवेशी नगरपालिकाको आर्थिक विकास गर्ने तथा गरीवी निवारण गर्ने मुख्य आधार नै कृषि रहेको छ । यहाँको कुल १८०.९३ व.कि.मी. क्षेत्रफलको ४५.४९ बर्ग.कि.मि.२५.१४ प्रतिशत भूमि कृषि क्षेत्रको रुपमा रहेको छ । यस नगरपालिकामा २५.१४ प्रतिशत कृषि क्षेत्रमा कृर्षकहरु संलग्न छन् भने कृषि फर्महरु व्यवसायिकरुपमा खेती गर्ने अवसर छ भने अरु परिवारले साना इकाईमा आफ्नो खेतवारीमा खेती गर्ने गरेको पाइन्छ । यस क्षेत्रमा धान,गहुँ, मकै, कोदो, जौं र फापर आदि खाद्यान्न बाली उत्पादन हुन्छ भने दलहन खेतीको रुपमा मास, केराउ,सिमि, मसुरो,चना आदि उत्पादन हुने गर्छ । तेलहनकोरुपमा तोरी, सर्सिऔं, सूर्यमुखी फूल आदि उत्पादन हुन्छ । नगदे वालीको रुपमा तरकारी, लसुन आदि उव्जनी हुन्छ । सिंचाईको लागि ४० (नदी १ तथा ३९ खोला) खोलानाला रहेकोले सिंचाई सुविधा पु¥याउन सकेमा कृषि क्षेत्रमा फड्को मार्न सकिने देखिन्छ । कुल ग्रर्हास्थ उत्पादनमा कृषिको क्षेत्रको अंश ज्यादै वढि रहेको छ । कृषि क्षेत्रमा परम्परागत खेती प्रणाली हुनु, कृषिमा प्रविधि तथा आधुनिक औजारको न्यून प्रयोग हुनु, प्रति इकाइको उत्पादकत्व न्यून हुनु, कृषिमा व्यावसायिकरण नहुनु, लगानी कृषिमा ज्यादै न्युन रहनु आदि समस्या देखिएकोछ ।

### ३.१.२ समस्या तथा चुनौतीहरु

लेकवेशी नगरपालिकाका अधिकांश जनताहरु कृषिमा आश्रित रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरु देखिएका छन् । परम्परागत कृषि प्रणाली हुनु, रोजगार मुलक नहुनु, जमिन बाँझिदै जानु, श्रम अनुसारको उत्पादन नहुनु, मानिसहरुमा कृषि प्रति वितृष्णा, वजार व्यवस्थापन राम्रो नहुनु, रसायनिक मल र विषादिको प्रयोग वढि हुनु, शित भण्डार नहुनु, हावापानी र माटो सुहाउँदो विउ उपलव्ध नहुनु, सिंचाईको प्रयाप्त सुविधा नभएको, उत्पादकत्वमा कमि, कृषि श्रमिकको उपलव्धतामा कमि आदि कृषि क्षेत्रमा समस्या देखिएको छ । कृषि प्रयोजनका लागि जग्गा जमिन हुने परिवार ९७ प्रतिशत रहेका छन् भने कृषि प्रयोजनका लागि जग्गा जमिन नहुने परिवार ३ प्रतिशत रहेका छन् ।

### ३.१.३.दीर्घकालिन सोच :"ब्यबसायिक पशुपक्षिपालन र कृषि खेती आत्मनिर्भर नगरवासी र आर्थिक प्रगति"

**लक्ष्य :** कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास गर्ने ।

**३.१.४.उद्धेश्य :** १. खाद्यान्न उत्पादनमा वृद्धि गर्ने ।

### ३.१.५ रणनीति

१. युवा वर्गलाई कृषि पेशाप्रति आकर्षित गरी कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने ,
२. सामुहिक र सहकारी खेती प्रणाली प्रवर्द्धन गरी आधुनिक कृषिको नमुना प्रस्तुत गर्ने ,
३. कृषिमा सञ्चालिन विभिन्नखाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गर्ने,
४. अध्ययन अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजको संरक्षण, संवर्द्धन र व्यावसायीकरण गर्ने,
५. पर्यटन बजारको माग अनुसारका कृषि उत्पादनहरूको प्रवर्द्धनमा जोड गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको आवधिक योजना तयार भएको सन्दर्भमा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

तालिका नं : १० मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | कि.ग्रा. | ५६४ | ५६४ | ६०० | ६९० | ७०० |
| प्रतिव्यक्ति तरकारी उत्पादन | कि.ग्रा. | २४ | २४ | ३० | ४० | ५० |
| नगरपालिकाको कुल क्षेत्रफलमध्येमा कृषि क्षेत्र | प्रतिशत | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ |
| सञ्चालमा रहेका कुल कृषि फार्म | सङ्ख्या | ४० | ४० | ५० | ६० | १०० |
| कृषि बजार (थोक तथा हाटबजार) | सङ्ख्या | ०५ | ०५ | १० | १३ | १४ |
| अन्नबाली उत्पादन गरी बिक्री गर्ने कृषकको हिस्सा | प्रतिशत | १० | १० | १४ | १५ | २० |
| तरकारीबाली उत्पादन गरी बिक्री गर्ने कृषकको हिस्सा | प्रतिशत | १० | १० | १४ | २० | २५ |

### ३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

तालिका नं : ११ स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ५२३०.०० | ०० | ५२३०.०० | ०० | ०० | ५२३०.०० | ०० | ०० |
| २०८१/०८२ | ५७१०.०० | ०० | ५७१०.०० | ०० | ०० | ५७१०.०० | ०० | ०० |
| २०८२/०८३ | ३४४०.०० | ०० | ३४४०.०० | ०० | ०० | ३४४०.०० | ०० | ०० |

### ३.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

तालिका नं : १२ अपेक्षित उपलब्धि

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| कृषि व्यावसायीकरण कार्यक्रम (यान्त्रीकरण, हाजबजार, टनेल निर्माण) | कृषिको यान्त्रीकरण, बजारीकरण तथा व्यावसायीकरण गर्नु | सालबसाल | १६५०.०० | ५०० कृषक परिवारले कृषि यन्त्र प्राप्त गरेका हुने, १० वटा हाट बजार तथा २०० फलामे टनेल निर्माण भएका हुने छन् । |

| | | | | |
|---|---|---|---|---|
| कृषि प्रसार, सञ्चार, प्रविधि हस्तान्तरण तथा अन्य नियमित कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाल | १४३८०.०० | वार्षिक औसत ३५०० कृषकहरू कृषि सेवाबाट प्रत्यक्ष लाभान्वित भएका हुनेछन् । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाको ग्रामीण क्षेत्रमा रोजगार तथा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ । कृषि पेशाप्रति युवाहरूको आकर्षण र सहभागिता वृद्धि भएको हुनेछ । कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन हुने अपेक्षा गरिएको छ । सङ्घीय शासन प्रणाली अनुसार तीन तहका सरकारका नीति, योजना तथा कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम न्यूनतम रहने अनुमान गरिएको छ ।

## ३.२ पशुपक्षी

### ३.२.१ पृष्ठभूमि

लेकवेशी नगरपालिकको पशुपन्छी स्थिति निर्वाहमुखि रहेको छ । पशुपालनको दृष्टिकोणले यो नगरपालिकामा चरण क्षेत्रका रुपमा घाँसे क्षेत्रहरु र डाले घाँसका रुखहरु प्रयाप्त रहेको छ । यहाँ गाई, भैंसी, वाखा,बँङगुर, कुखुरापालन, हाँसपालन, माछा पालन, मौरी पालनको दृष्टिकोणले ज्यादै उपयूक्त क्षेत्र रहेको छ । वस्तिहरु छरिएर रहेको र व्यवसायिकरुपमा पशुपन्छीपालन ज्यादै कम रहेको छ । हाल केहि ठाउँमा पशुपन्छी पालन गरीएको छ । स्थानीय र उन्नत गाई गोरु १०२६१ स्थानीय र उन्नत राँगा भैंसी ३२०३, खसी वाखा ४४९३० तथा कुखुरा ३२०५१ पालन भएको छ । दुधको उत्पादन गाईबाट ६७७६२ लि.प्रतिमहिना र भैसीबाट १२६८०३ लि.प्रतिमहिना जम्मा १९४५६५ लि.दुध उत्पादन हुन्छ तर व्यवसाय केहि मात्रमा सञ्चालन हुदै आएको छ । यी वाहेक घर घरमा थोरै मात्रमा पशु तथा पन्छीपालन गर्ने गरेको देखिन्छ । मानिसहरु विदेश र शहरमुखी बन्दै जाँदा ग्रामीण भेगहरुमा पशु पालन व्यवसाय संकटमा पर्दै गएको छ ।

### ३.२.२ समस्या तथा चुनौती

नश्ल सुधारमा ज्ञानको कमि, संक्रमक रोगवाट ग्रसित हुनु, उन्नत प्रविधिवाट पशुपालन व्यवसाय सञ्चालन गर्न नसक्नु ,पशुपालन व्यवसायमा विषयगत ज्ञानको कमि, वजार व्यवस्थापन नहुनु, ढुवानी महङगो हुनु, पशु आहाराको समस्या, पशुपालन परम्परागत हुनु यस क्षेत्रमा लगानी गर्नस्रोत र व्यवसायिकताको कमि, कुखुरापालन व्यवसायमा विमा नहुनु आदि समस्याहरु पशुपालन क्षेत्रमा देखिएका छन् ।

परम्परागत पशुपालनको उत्पादन र उत्पादकत्व न्यून रहेको छ भने आधुनिक तथा व्यावसायिक पशुपालनमा संलग्न व्यावसायिक कृषकको सङ्ख्या नगण्य रहेको छ । पूँजी र प्रविधिको न्यूनता हुँदा आधुनिक र व्यवसायिक पशुपालनमा लगानीको आकार निकै सानो र उत्पादन र उत्पादकत्व न्यून रहेको हुँदा नगरपालिकाको अर्थतन्त्रमा यस क्षेत्रले उल्लेख्य योगदान दिन सकेको छैन । पशुपक्षीसँग

**३.२.३. दीर्घकालिन सोच** :"व्यबसायिक पशुपक्षिपालन र कृषि खेती आत्मनिर्भर नगरवासी र आर्थिक प्रगति"

**लक्ष्य :** पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास भएको गर्ने

**३.२.४.उद्धेश्य :** पशुपन्छी तर्फ देहाय अनुसारका उद्धेश्य रहेका छन् :

१. पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

२. नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने ।

### ३.२.५ रणनीति तथा कार्यनीति

युवाहरूलाई राहत तथा उद्यममा आकर्षित गरी पशु उद्यममा आकर्षित गर्ने । स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र सम्वर्द्धन गरी मासु एवम् दूध उत्पादन वृद्धि गर्ने । स्थानीय हावापानी, भू-बनोट, प्राकृतिक स्रोत र बजारको आधारमा व्यावसायिक पकेट क्षेत्र निर्माण गर्ने । आधुनिक, व्यावसायिक पशुपालनमा युवा वर्गलाई आकर्षित गर्ने र पशुपालन प्राविधिक सेवा केन्द्रको स्थापना एवम् भौतिक पूर्वाधार र जनशक्ति विकास गर्ने लगाएत तलका रणनीति र कार्यनीति पालन गर्ने ।

**तालिका न २४: १३ पशुपन्छी पालनका रणनीति तथा कार्यनीतिहरु :**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने । | |
| १. पशुपन्छीजन्य व्यवसाय विस्तारका लागि विशेष पहल गर्ने । | १. बाखा, गाई, भैसी र बगुंरका सहकारी फर्मलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरीने छ ।<br>२. पशुपन्छी व्यवसाय विकासमा संघ र प्रदेशसंग समन्वय गरीने छ ।<br>३. दुध व्यवसायी तथा सहकारीको समन्वयमा पशुजन्य उत्पादनको वजार व्यवस्थापनमा गरीने छ ।<br>४. दुग्धपदार्थ, मासुजन्य पदार्थ ढुवानी तथा सङ्कलन, चिस्यान व्यवस्थपनका लागि विशेष सहयोग कार्यकम सञ्चालन गरीने छ ।<br>५. कुखुराको क्षति न्यूनीकरण गर्न विमा कार्यकम तथा किसानलाई विशेष सहयोग कार्यकम सञ्चालन गरीने छ ।<br>६. उन्नत खालका पशु–पन्छीपालन, नयाँ प्रविधि हस्तानान्तरणमा जोड गरीने छ । |
| २. स्वास्थ्यकर पशुजन्य उत्पादनमा वृद्धि गर्ने । | ७. चरन क्षेत्र र बजारको उपलब्धतालाई ध्यानमा राखी मासु तथा दूध उत्पादनको लागि विशेष कार्यक्रम सञ्चालन गरीने छ ।<br>८. पशुपालक व्यवसाय समूहहरु मार्फत छनौट भई आएका कार्यक्रमहरुलाई पहिलो प्राथमिकता निर्धारण गरीने छ ।<br>९. पशु सहकारीमा आवद्ध किसानहरुलाई पशुपालन सम्बन्धि थप तालिमको व्यवस्था गरीने छ ।<br>१०. पशु विकास समूहहरुलाई सहकारीमा परिणत गर्दै लगिने छ । |
| २. नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने । | |

| | |
|---|---|
| ३. पशु विकासकालागि उन्नत प्रविधि हस्तान्तरण गर्ने । | १२. पशु कार्यकर्ताहरु क्रमशः वृद्धि गरी आधारभूत सेवा पुऱ्याउने कुरा सुनिश्चित गरीने छ ।<br>१३. पशु विकासका सम्बन्धित विषयमा कार्यरत निकायहरुको बीचमा प्रभावकारी समन्वय गरीने छ ।<br>१४. रैथान तथा परम्परागत शैलीलाई प्राथमिकता दिई व्यवसाय संचालन गरीने छ । |
| ४. नीजिक्षेत्रलाई पशुपन्छी व्यवसायमा आकृर्षण गरी रोजगार अभिवृद्धि गर्ने । | १५. आयमूलक कार्यक्रमहरुमा उत्पिडित, जनजाति र विपन्नवर्गका महिलाहरुको सहभागिता बढाउने काम गरीने छ ।<br>१६.पशु आहाराका लागि उन्नत जातको घाँस विकास कार्यक्रम र यसका लागि पकेट क्षेत्रको विकास गरीने छ ।<br>१७. स्थानीय घाँस तथा खरवारीलाई व्यवस्थापन गरी घाँस तथा चरण विकास गरीने छ । |

## ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आ.व.को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

तालिका न : १४ प्रतिमहिनाको उत्पादन

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| वार्षिक दूध उत्पादन | लि. | १३३४७८० | १३३४७८० | १५००००० | १७०००००० | २००००००० |
| पशुपक्षी उपचार सेवा | संख्या | ९ | १० | १० | १० | १० |
| कुखुराको मासु उत्पादन | कि.लो. | ९२८८८ | ९२८८८ | ९५००० | ९७००० | १००००० |
| खसीको मासु उत्पादन | कि.लो. | १६९०२४ | १६९०२४ | १७०००० | १८०००० | २००००० |
| राँगाको मासु उत्पादन प्रतिमहिना | कि.लो. | १६५१ | १६५१ | १७०० | १८०० | २००० |
| एग्रोभेट | संख्या | ०३ | ०३ | ०५ | ०५ | ०५ |
| पशुपक्षी पालन समूह | संख्या | ३१ | ३१ | ३५ | ३५ | ४० |
| मासु पसल | संख्या | १६ | १६ | १८ | २० | ३० |
| भैसी | संख्या | ३२०३ | ३२०३ | ३५०० | ३६०० | ३६४० |
| | | | | | | |

## ३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा पशुपक्षीपालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

### तालिका नं : १५ स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ४२८६.५ | | | | | | | |
| २०८१/०८२ | ४५१३.५ | | | | | | | |
| २०८२/०८३ | ४७७५.५ | | | | | | | |

### ३.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : १६ अपेक्षित उपलब्धि**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| पशुपालन व्यवसायको आधुनिकीकरण कार्यक्रम (नश्ल सुधार, ल्याव तथा पकेट क्षेत्र निर्माण) | पशुपक्षीपालन व्यवसायलाई आधुनिक र व्यावसायिक बनाउनु | **सालबसाली** | **१३५५५५.** | वार्षिक २०००० पशुपक्षीको उपचार तथा २० उन्नत नश्लका पशु वितरण भई १००० उन्नत नश्लका पशु उत्पादन भएका हुने र ७० व्यावसायिक पशुपक्षी फर्म लाभान्वित भएका हुने |
| नियन्त्रण, बीमा, क्षमता अभिवृद्धि लगायत नियमित पशु सेवा कार्यक्रम | पशुपक्षीको मृत्युदर घटाउनु, कृषकको जोखिम बहन क्षमता वृद्धि गर्नु | | **१३५५५.५** | ८० हजार पशुपक्षी उपचार भएको हुने, १५०० वटा पशुपक्षीको बीमा भएको हुने र कर्मचारी तथा कृषक गरी कुल ४०० जनाको क्षमता अभिवृद्धि भएको हुने |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

देश तथा वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरूलाई कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन् । प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३.सिचाई

**३.३.१ पृष्ठभूमि** कृषिमा विविधिकरण, उत्पादकत्व तथा रोजगारी वृद्धि र किसानको आयस्तर बढाउन सिंचाईले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । लेकबेशी नगरपालिकामा कुल १८०.९२ वर्ग कि.मि भूमी मध्य ४५.४९ बर्ग कि.मि.२५.१४ प्रतिशत खेती योग्य जमिन भएमध्ये वाह्रै महिना सिंचाई हुने सम्भावनाको जमिन सिंचित सुविधा प्राप्त रहेको छ भने बाँकी खेती योग्य जमिन मौसमी सिंचित रहेको छ । यहाँ भेरी नदी चिङ्गाड खोला तथा खोल्साहरुवाट सिंचाई गर्न सक्ने पानीको श्रोत रहेको छ । परम्परागत कुलाहरुवाट अधिकांश खेती योग्य जग्गामा सिंचाई गरिआएको पाईन्छ । यहाँ विभिन्न समयमा तत्कालिन गाविस, जिविस, सिंचाई विभागवाट केहि सिंचाई योजनाहरु निर्माण भएको पाइन्छ ।

**३.३.२ प्रमुख समस्या,अबसर र चुनौतिहरु :** यस नगरपालिकामा सिंचाई श्रोत प्रयाप्त भएपनि सवै खेती योग्य जमिनमा सिंचाई सुविधा पुँर्याउन सकिएको छैन । निमार्ण भएका सिंचाईहरु पनि जिर्ण अवस्थामा रहेका छन् । सम्पन्न भएका सिंचाई योजना मध्ये केही राम्रो सञ्चालन योग्य अवस्थामा छन् भने अरु जिर्ण अवस्थामा रहेकाछन् । परम्परागत कुलोको मुहानको स्थायी संरचना नहुँदा खेती लगाउने समयमा किसानहरुले ज्यादै समस्या व्यर्होनु परेको छ । वाह्रै महिना सिंचाई सुविधा नहुनु, किसानको आर्थिक स्थिति राम्रो नहुनु, उत्पादकत्व न्यून रहनु, सिंचाई योजनाका गुणस्तर राम्रो नहुनु, लगत ज्यादै महङगो

हुनु, सिंचाई शुल्क लगाउँन नसक्नु, वर्षा याममा पानी पोखरीमा सङ्कलन गरी हिउँदमा सिंचाईमा प्रयोग गर्ने सुविधा नहुनु, कृषि उत्पादन प्याकेजसंगै सिंचाई योजना सञ्चालन नहुनु आदि समस्याहरु सिंचाई विकासमा देखिएको छन् ।

**चुनौतीरु :** यस नगरपालिकामा सिंचाई विकासमा विभिन्न चुनौतीहरु रहेका छन् । भरपर्दो सिंचाई व्यवस्था गर्न, सिंचाई योजनाको दीगो र गुणस्तर कायम गर्न, सिंचाई योजनाको मर्मत सम्भार गर्न, परम्परागत सिंचाईको मुहानहरुमा पक्की मुहान गराउन, व्यवसायिक रुपमा खेती गरेको जमिनहरुमा पालिकावाट सिंचाई व्यवस्थापनमा चुनौती रहेको छ । सिंचाई श्रोत नपुगेका खेती योग्य जमिनमा थोपा सिंचाई प्रणाली विकास गर्न, विभिन्न निकायहरु बीच संमन्वय कायम गर्ने, सिंचाई योजनाहरु सञ्चालन गर्न आर्थिक तथा प्रविधिक, श्रोत व्यवस्थापन गर्न, जनशक्तिको व्यवस्थापन गर्न, जनसहभागिता वढाउन, कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्न, कृषिमा उत्पादकत्व वढाउनु मुख्य चुनौतीहरु रहेको छ ।

**अवसरहरु :** लेकबेशी नगरपालिकामा हावापानी र मौसम अनुसार भुगोल छनोट गरेर खेति गर्ने हो भने खाद्यान्न उत्पादन हुने फाँट प्रशस्त रहनु, धेरै जलाधार क्षेत्र, सबै वडाका विभिन्न खोलानालाहरु प्रसस्त रहनु, थोपा सिंचाई प्रणालीको शुरुवात हुनु, खेती योग्य जमिनमा वाह्रै महिना सिंचाई सुविधा पुऱ्याउन नगरपालिकाले अठोट लिनु तथा प्राथमिकता तोक्नु, प्रदेश सरकार र सङ्घीय सरकारवाट प्राथमिकता दिनु सिंचाई विकासका अवसरहरु हुनु, उत्पादनमा वृद्धि गर्न प्राथमिकता दिनु, सिंचाईको लागि वित्तिय श्रोत वृद्धि गरिदै जानु आदि अवसरहरु समेत रहेका छन् ।

**३.३.३.दीर्घकालिन सोच :** कृषिको मुख्य आधार सिँचाई

**लक्ष्य :** सम्पूण कृषि योग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दो सिंचाई सुविधा पुगेको हुनेछ ।

**३.३.४.उद्धेश्य :** १.कृषि योग्यभूमीमा सिंचाई सुविधा वाह्रै महिना पुगेको हुनेछ ।

२.सञ्चालनमा रहेका सिंचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्नु ।

३.सिंचाइको प्रभाव क्षेत्र बाहिर रहेका कृषि भूमिका लागि उपयुक्त सिंचाइ प्रणालीहरू विकास, विस्तार गर्नु

४. प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास सिंचाई सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिंचाइ सुनिश्चित गर्नु ।

३.३.५ सिचाई सम्बन्धी रणनीति तथा कार्यनीति

**तालिका न. :१७ सिंचाई सम्वन्धी रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.१ वढि खेती हुने ठाउँको सिंचाई योजनालाई प्राथमिकतामा राख्ने रणनीति तयार गर्ने । | १. मकै, आलु, धान खेती हुने जमिनमा सिचाई गर्नको लागि लगानी बृद्धि गरिने छ ।<br>२. कुनै व्यक्ति, फर्मले व्यवसायिक किसिमले कृषि तथा पशुपालन गर्न लगानी गर्ने स्थानमा नगरपालिकाले न्यूनतम पूर्वाधार सिंचाई, सडक, विद्युत जस्ता पूर्वाधार तयार गरिने छ ।<br>३. सिंचाई सुविधा निर्माण तथा व्यवस्थापनमा उपभोक्ताहरुको सहभागिता अभिवृद्धि गरिने छ । |

| | |
|---|---|
| | ४.सबै सिंचाईको सम्भाबना भएका नदी खोला लगायतका किनारका फाँटहरुमा बाह्रै महिना सिंचाई योजना सञ्चालन गरिने छ। |
| १.२. उत्पादन वृद्धिका लागि वैकल्पिक सिंचाई थोपा सिंचाई, पोखरी निर्माण जस्ता वैकल्पिक उपयाहरु प्रयोग गर्ने। | ५. सिंचाई श्रोत नपुगेका जग्गामा थोपा र साना सिंचाई योजनालाई प्राथमिकताको रणनीति तयार गरिने छ।<br>६. नयाँ पोखरी निर्माण गर्ने ६० प्रतिशत नगरपालिकाले लगानी गरिने छ।<br>७. थोपा सिंचाईको विकासको लागि नयाँ प्रविधिको अवलम्वन गरिने छ।<br>८. जलाधार क्षेत्रको संरक्षण तथा संवर्द्धन गरिने छ। |

### ३.३.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : १८ मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| कुल खेतीयोग्य उपलब्ध भूमि | प्रतिसत | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिसत | १४.७५ | १४.७५ | १६ | १७ | २० |
| कुल खेतीयोग्य भूमि | प्रतिसत | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ | २५.१४ |

### ३.३.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : १९ स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ५२३०.०० | | | | | ५२३०.०० | | |
| २०८१/०८२ | ५७१०.०० | | | | | ५७१०.०० | | |
| २०८२/०८३ | ३४४०.०० | | | | | ३४४०.०० | | |

### ३.३.७ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : २० अपेक्षित उपलब्धि**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सिंचाइ संरचना मर्मत संभार तथा अन्य नियमित कार्यक्रम | विद्यमान सिंचाइ सुविधालाई निरन्तरता पदान गर्ने। | सालबसाली | ३२०२६.५ | सिंचाइ सुविधा सञ्चालन भएको हुने |

### ३.३.८ जोखिम पक्ष तथा अनुमान

तीन तहकै सरकारहरूबीच नीति, कार्यक्रमबीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । सञ्चालित कृषि आयोजनाहरूको दिगोपन सुनिश्चित हुनेछ । प्रविधि तथा नवीनतम खोज तथा विकास गरेर सिंचाइ व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

### ३.४ उद्योग, व्यापार, व्यवसाय

**३.४.१ पृष्ठभूमि :** पर्याप्त खुला क्षेत्र ५४.८४ प्रतिसत वनले ढाकेको क्षेत्र र उद्योगका लागि पानी , बिजुलि, संचार, सडक, जस्ता उद्योगका लागि आवश्यक आधारभुत सेवाहरु यस नगरपालिका हाल पनि रहेका छन् भने आगामि दिनमा समेत यस क्षेत्रको विकास गर्न सके जिल्ला भित्र वा बाहिरका लगानिकर्तालाई कर छुट तथा अन्य आवश्यक सेवा सुविधाहरु प्रदान गर्न सकेमा बाहिर रहेका लगानिकर्ताहरु लाई आकर्षित गर्न सकिने तथा उद्योगको विकास बाट रोजगारि सृजना गरी आयआर्जन तथा समृद्धि हासिल गर्न सकिन्छ । देशको अर्थतन्त्रको विकासमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । उद्योगबाट रोजगारी श्रृजना गरी गरीवी न्यूनिकरणमा उद्योग क्षेत्रको स्थान उच्च रहेको हुन्छ । लेकबेशी नगरपालिका वडा न. ९ मा साबुन र कपडा उद्योग सञ्चालनमा रहेका छन् । यसै गरेर घरेलु, साना उद्योग सञ्चालनमा रहेका छन् । यी उद्योगहरू उत्पादनमूलक, निर्माणमा आधारित, कृषि तथा वनजन्य, पर्यटन तथा सेवामूलक व्यवसाय र विभिन्न किसिमका होटल व्यवसायहरू रहेका छन् । नगरमा सङ्घीय सरकारको नीति अनुसार औद्योगिक क्षेत्र पनि रहेको छ । नगरपालिकामा रहेका साना तथा घरेलु उद्योगहरू देहायबमोजिम रहेका छन् । लेकबेशी नगरपालिकाको पार्श्वचित्र २०७४ अनुसार अनुसार यहाँ कुल ७२५ उद्यम व्यवसाय रहेका छन् हाम्रो जस्तो कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा कृषिवाट सेवा क्षेत्र तथा उद्योग क्षेत्रमा रोजगारी वृद्धि, मुल्य अभिवृद्धि गर्न सकेमा देश, प्रदेश तथा स्थाानीय अर्थतन्त्रको विकास गर्न सकिन्छ । यो गाउँपालिकामा औद्योगिक क्षेत्र, ठूला तथा मझौला उद्योगहरु स्थापना हुन सकेका छैनन् । यहाँ केवल कृषिमा आधारित साना कुटिर उद्योग तथा घरेलु उद्योग सञ्चालनमा रहेका छन् जुन ज्यादै न्यून मात्रमा रहेका छन् । यहाँ राईस मिल, फर्निचर उद्योग मात्र सञ्चालनमा रहेका छन् । यस्तो स्थितिले गर्दा गाउँपालिकामा उद्योगको विकास गर्न राम्रो वातावरण छैन भन्ने देखाउँछ ।

**३.४.२ समस्या तथा चुनौति :** लेकवेशी नगरपालिकामा उद्योगको विकासमा विभिन्न समस्याहरु रहेका छन् । उद्योगमा लगानी नहुनु, उद्योग क्षेत्रमा कच्चा पदार्थको अभाव, स्थानिय श्रोत साधनको प्रयोग नहुनु, अग्रिम र पृष्ठ सम्बन्ध कमजोर रहनु, पूँजीको अभाव, दक्ष जनशक्तिको अभाव, उपयूक्त स्थानको अभाव, व्यावसायिकताको विकास नहुनु, उत्पादकत्व ज्यादै कम हुनु, उधमीको कमि, श्रोत तथा साधनको अपुग, ज्ञान र सिपको अभाव, सिपयूक्त श्रामिकको अभाव, ढुवानीको समस्या, लगानी महंगो पर्नु, उत्पादित वस्तुले वाहय वजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु आदि समस्याहरु उद्योग क्षेत्रमा देखिएको छ ।

**चुनौतीहरु :** नगरपालिकामा उद्योग क्षेत्रको विकास गर्न विभिन्न चुनौतिहरुको सामना गर्नु परेको छ । उद्योगको लागि उद्यमशिलता विकास सम्बन्धी चेतानमुलक क्रियाकलाप सञ्चालन गर्न, पुँजी सङ्कलन गर्न, तालिमको व्यवस्था गर्न, उद्योग स्थापना गर्ने उपयूक्त स्थानको छनोट गर्न, स्थानीय स्तरमा कच्चा पदार्थ उत्पादन र संकलन गर्न, वन तथा कृषिमा आधारित उद्योगहरुलाई प्रोत्साहन गर्न,

लगानीकर्तालाई आकर्षण गर्न, व्यावसायिक उत्पादन गर्न, सरोकारवालाको पहिचान गरी समन्वय र सहकार्य गर्ने जस्ता चुनैतिहरु रहेका छन् ।

**अवसरहरु :** लेकवेशी नगरपालिकामा सडकहरुको विस्तार हुनु, विद्युतीकरण गाउँवस्ती सम्म पुऱ्याउनु, कृषि र वनमा आधारित उद्योगको लागि कच्चा पदार्थ नगरपालिकामा नै उपलब्ध हुनु, वैंकहरुको स्थापनाले कर्जा सुविधा हुनु, पानीको व्यवस्था हुनु, स्थानीय तथा प्रदेश सरकारले उद्योग क्षेत्रलाई प्राथमिकता दिनु, विदेशवाट फर्केका यूवाहरुले सिप सहित आउनु, रोजगारदातालाई सरकारले सम्मान गर्नु, उत्पादित वस्तुको लागि वजार प्राप्त हुनु आदि उद्योगको लागि अवसरहरु हुन् ।

**३.४.३.दीर्घकालिन सोच :** नगरपालिकाको उद्योगको स्थापनावाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने '

**लक्ष्य :** कृषि वनमा आधारित उद्योगको स्थापनावाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास गर्ने ।

**३.४.४.उद्धेश्य :** १. घरेलु तथा साना उद्योगवाट आय आर्जनमा वृद्धि गर्ने ।

**३.४.५.रणनीति तथा कार्यनीति**

रणनीति १ .घरेलु तथा साना उद्योगवाट आय आर्जनमा वृद्धि गर्ने ।

१.१ कृषिमा आधारित प्याकिङ्ग, प्रशोधन गर्ने उद्योगहरुलाई सहयोग गर्ने ।

१. उत्पादन भएका वस्तुको वजारीकरणको व्यवस्थापन नगरपालिकाले गर्ने नीति अवलम्वन गर्ने ।

२. नगरपालिकाको पहिचान, स्वरोजगार सहितको उद्यमशिल युवा अभियान कार्यक्रम लागु गर्ने ।

३. ग्रामीण क्षेत्र र वजार क्षेत्रसंग अन्तर सम्वन्ध कायम गरी समृद्धि हाशील गर्ने ।

१.२ उत्पादन वृद्धि गरी गरिब जनताको आय स्तर बढाउने कार्यक्रम गर्ने ।

१. शुद्ध पिउने पानी प्रशोधन, आलुको चिप्स, फलफुलको जाम जस्ता उत्पादनमुखी उद्योगहरु विकासमा सहयोग गर्ने ।

२. कृषि तथा वनमा आधारित उद्योग सञ्चालन गरी रोजगार अभिवृद्धि गर्ने ।

२. कृषि तथा वन जन्य उद्योगवाट रोजगारीमा वृद्धि गरिने छ ।

२.१ उद्योग स्थापना गर्न नगरपालिकाले सडक, विद्युत, खानेपानी लगायतका पूर्वाधार निर्माण गरिने छ

१. विकासका गतिविधिहरुमा निजी क्षेत्रको लगानी आकर्षित हुने वातावरण तयार गरिने छ ।

**३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

**तालिका नं : २१ मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| कुल उद्यम व्यवसाय सङ्ख्या | संख्या | ७२५ | ७२५ | ७५० | ७६० | ७८० |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | संख्या | १४५० | १४५० | १५०० | १५२० | १६६० |
| औद्योगिक क्षेत्र/औद्योगिक ग्राम | संख्या | ०१ | ०१ | ०१ | ०१ | ०१ |
| बाखा फर्म | संख्यामा | ९७ | ९७ | १०० | १५० | २०० |
| सञ्चालित औद्योगिक तथा व्यापार मेला | पटक | ०१ | ०१ | ०२ | ०२ | ०२ |

## ३.४.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : २२ स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | २३००.०० | | | | | | | |
| २०८१/०८२ | २२००.०० | | | | | | | |
| २०८२/०८३ | ३५००.०० | | | | | | | |

## ३.४.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : २३ स्रोतको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| औद्योगिक ग्राम स्थापना | उद्योग स्थापना र सञ्चालन गर्नु | २०८०/०८१ | २७५०.०० | एक वटा औद्योगिक ग्राम स्थापना भएको हुने |
| स्थानीय कच्चा पदार्थ तथा समसामयिक औद्योगिक ज्ञान, सीपमा अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसायको प्रवर्द्धन गर्नु | २०८०/०८१ देखि २०८२/०८३ सम्म | ३०००.०० | स्थानीय कच्चा पदार्थको वृद्धि र रोजगारीमा वृद्धि भएको हुने |
| उद्योग तथ्याङ्कको सङ्कलन, विश्लेषण कार्यक्रम | औद्योगिक तथ्याङ्कको सङ्कलन, विश्लेषण र सेवा पहुँचमा सुलभता वृद्धि गर्नु | २०८०/०८१ | ३००.०० | औद्येगिक वस्तुस्थिति विवरण तयार भएको हुने |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रमबीच सामञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ । बेरोजगार युवाहरू कृषि तथा गैरकृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन् ।

### ३.५ पर्यटन तथा संस्कृति

**३.५.१ पृष्ठभूमि :** लेकबेशी नगरपालिकामा तालतलैया, मन्दिर, गुम्बा आदि उल्लेख्य सङ्ख्यामा प्राकृतिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका सम्पदाहरू रहेको हुँदा पर्यटन विकासको उल्लेख्य सम्भावना रहेको छ । लेकवेशी नगरपालिको वडाहरूमा विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्व बोकेका सम्पदाहरू रहेका छन् । यस नगरपालीकामा रहेको धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण वडागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ । लेखगाउँ खाँड देबि मन्दिर,सिद्ध ऋषि गुफा, नागढुंगा, हात्तिढुंगा, सिउडी भिर गुफा, देउती बज्यै मन्दिर आदिले पर्यटन विकासमा योगदान हुनेछ ।

**३.५.२ प्रमुख समस्या,चुनौति र अवसरहरु :** स्वदेशी तथा विदेशी पर्यटकहरु उल्लेख्य मात्रमा आगमन नहुनु, धार्मिक तथा साँस्कृतिक स्थानहरुको पहिचान नहुनु, पर्यटकका लागि आवश्यक पूर्वाधार नहुनु, प्रवर्द्धन संरक्षण र प्रचार प्रसारको कमि निजी क्षेत्रवाट प्रयाप्त लगानी नहुनु, जस्ता समस्याहरु ग्रामीण पर्यटन क्षेत्रमा देखिएका छन् । यस्तै गरी पदमार्ग निर्माण गर्न नसक्नु, यूवाहरु नगरटोलमा नवस्नु, पर्यटकको लागि आवश्यक सामान वाहिरवाट ल्याउनु पर्ने वाध्यता हुनु, भाषा तालिम नहुनु, सहज यातायातको व्यवस्था नहुनु आदि पर्यटनसंग सम्वन्धित समस्याहरु रहेका छन् ।

**चुनौती :** पर्यटन विकासको लागि आवश्यक पर्ने घरवास व्यवस्था गर्न, पर्यटन मार्ग निर्माण गर्न, भाषा तथा भान्सा व्यवस्थापन सम्वन्धी तालिम दिन, प्रचार प्रसार गर्न, पर्यटकको वसाई दिन लम्वाउन, पर्यटकको खर्च दर वढाउन, अरु गाउँसंग प्रतिस्पर्धा गर्न, लगानी वढाउन, यूवाहरुलाई ग्रामीण पर्यटनमा आर्कषण गर्न चुनौति रहेको छ ।

**अवसरहरु :** नगरपालिकामा ५४.८४ प्रतिसत जङ्गंल, जनावर, पन्छी, विभिन्न किसिमको न्याँनो हावापानी हुनु, ग्रामीण पर्यटन सम्वन्धी अनुभव राम्रो हुनु, विभिन्न लेक तथा चरन क्षेत्र हुनु, प्रत्येक डाँडा काँडावाट सवै नगरक्षेत्र देख्न पाउनु विविध संस्कृति, रहन सहन हुनु, आफनै लोकभाका, मौलिक संस्कार हुनु, यस नगरपालिकाका सवै वस्तीहरुमा सडक सन्जाल जोडिनु, वजार केन्द्रहरुको विकास हुँदै जानु, नगरपालिकावाट प्रत्येक वडा कार्यालय सम्म पुग्ने मुख्य सडकहरुको कालोपत्रे गर्ने योजना हुनु, भवन र वजार सम्वन्धी मापदण्ड तयार गरिनु, वस्ति विकासको लागि अवश्यक पिउनेपानीका श्रोत, विद्युत प्रसस्त सम्भाबना रहनु, ग्रामीण पर्यटक केन्द्र रहनु, शहरी क्षेत्र भन्दा ग्रामीण क्षेत्रमा मानिसहरुको आर्कषण वढ्नु, , जनताको जीवनस्तर वढ्दै जानु आदि अवसरहरु रहेका छन् ।

**३.५.३.दीर्घकालिन सोच :** "विकासको आधार, सकरात्मक सोच, पर्यटन, प्रविधियूक्त मेहनेती परिवार"

**लक्ष्य :** पर्यटनको माध्यमवाट नगरवासीको आर्थिक विकास गर्ने ।

**३.५.४.उद्धेश्य :** १.पर्यटनवाट आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ

२. पर्यटनको लागि नयाँ ठाँउको पहिचान भई पुर्वाधार निर्माण गर्ने ।

### ३.५.५.रणनीति तथा कार्यनीति

**तालिका न. : २४पर्यटन सम्वन्धी रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.पर्यटनवाट आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ । | |
| १.१ पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख सम्वाहकको रुपमा विकास गर्न पर्यटकिय स्थानको पहिचान तथा पूर्वाधार निर्माण गरी ग्रामीण पर्यटनलाई जोड गर्ने ।<br>२. सरसफाईतथा सुन्दर वातावरण र घरवासको ब्यवस्था गर्ने । | १. सरसफाई तथा सुन्दर वातावरण र घरवासको ब्यवस्था गरिने छ ।<br>२. पर्यटकिय पदमार्ग निर्माण गर्ने ।<br>३. पर्यटनवाट रोजगार श्रृजना गरिने छ । |
| २.पर्यटनको लागि नयाँ ठाँउको पहिचान भई पुर्वाधार निर्माण भएको हुनेछ । | |
| १.२ नगरपालिकाका पर्यटकीय क्षेत्रका विकासका लागि क्षेत्रहरुको पहिचान गरी सडक, खानेपानी, विद्युत सुविधा पुऱ्याउन नीति तयार गर्ने । | ४. नगरपालिकाका ऐतिहासिक, प्राकृतिक, सास्कृतिक रुपमा महत्व स्थलहरुको पहिचान गरिने छ ।<br>५. पर्यटकीय पैदल मार्ग निर्माणमा लगानी गरिने छ ।<br>६. घरवास होमस्टे कार्यक्रमलाई कार्यविधि तयार गरी अभियानको रुपमा सञ्चालन गरिने छ ।<br>७. पर्यटनको गुणस्तर कायम गर्न न्यूनतम मापदण्ड तयार गरी लागू गरिने छ ।<br>८. नगरपालिकाले तयार गर्ने पर्यटकीय आवधिक विकास योजना तयार गरेर कार्यान्वयन गरिने छ । |
| ३.नेपालको प्रथम ग्रामीण पर्यटक नगरको विकास तथा प्रवर्द्धन भएको हुनेछ । | |
| ३.१ पर्यटकीय नगरको क्षमता अभिवृद्धि गरी ग्रामीण पर्यटनको नेतृत्व लिन सक्ने वनाईने । | ९.पदमार्गमा वसाई दिन लम्व्याउन आवश्यक पूर्वाधार तयार गरिने छ<br>१०. नगरपालिकाको क्षेत्रलाई पर्यटकिय क्षेत्र घोषण गर्न पर्यटन वोर्डमा समन्वय गरिने छ ।<br>११. पर्यटकिय क्षेत्रमा आकर्षित प्राकृतिक तथा मानव निर्मित दृश्यहरु निर्माण गरिने छ । |

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आ.व.को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य निम्नअनुसार तय गरिएको छ :

**तालिका नं : २५ मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| लेकबेशी भ्रमण गर्ने पर्यटक | संख्या | २५१ | २५१ | ३०० | ३५० | ४०० |
| प्रतिदिन प्रति पर्यटक औसत दैनिक खर्च | रुपिया | ५०० | ५०० | १००० | १५०० | २००० |
| पर्यटकको औसत बसाइ अवधी | दिन | १ | १ | १ | १ | १ |
| नगरपालिकामा पर्यटन क्षेत्रको आम्दानी | हजारमा | ०० | ०० | १०० | १५० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | १८ | १८ | १८ | १८ | १८ |

### ३.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : २६ स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ४५५०.०० | | | | | | | |
| २०८१/०८२ | ४६००.०० | | | | | | | |
| २०८२/०८३ | ९६००.०० | | | | | | | |

### ३.५.८ कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : २७ आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| पर्यटन गुरुयोजना डीपीआर तयारी | पर्यटन विकासको स्पष्ट खाका तयार गर्नु | २०८०/०८१ | १५००.०० | पर्यटन गुरुयोजनाको मार्गचित्र तयारी भएको हुने |
| पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | पर्यटन आवागमनमा सहजना वृद्धि गर्नु | २०८१/०८२ | ४६००.०० | एक वटा औद्योगिक ग्राम स्थापना भएको हुने |
| स्थानीय कच्चा पदार्थ तथा समसामयिक औद्योगिक ज्ञान, सीपमा अभिवृद्धि कार्यक्रम | उद्यम व्यवसायको प्रवर्द्धन गर्नु | २०८२/०८३ | ९६००.०० | पर्यटकीय पूर्वाधारमा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने |
| होम स्टे कार्यक्रम | मेला, पर्वलगायत मौलिक संस्कृतिको संरक्षण गर्नु | सधै | ४५००.०० | मौलिक संस्कृति संरक्षणमा कम्तीमा ५००० व्यक्ति प्रत्यक्ष संलग्न भएका हुने । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र बेरोजगार युवाहरू पर्यटन व्यवसायमा आकर्षित हुनेछन् । पर्यटन, संस्कृतिका क्षेत्रमा आवश्यक बजेट कम भएमा वा पर्यटन सम्बन्धी कार्यक्रमले प्राथमिकता पाउन नसकेमा अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ सहकारी, वित्तीय सेवा र भूमि व्यवस्था

**३.६.१ पृष्ठभूमि :** आर्थिक विकास गर्न सेवा तथा वित्तिय क्षेत्रको विकास हुन अनिवार्य हुन्छ । यस नगरपालिकाको केन्द्रमा १ मात्र वैंक रहेको छ । सहकारीहरु विभिन्न वस्तिमा ४ वटा रहेका छन् । सेवा

क्षेत्र अन्तरगत शिक्षा सम्वन्धी व्यवसाय, परामर्श, निजी तथा निजामति कर्मचारी, शिक्षक, वकिल, वैदेशिक रोजगारी आदिवाट हालको १७५९ जनाले रोजगार प्राप्त गरेका छन् । वित्तीय तथा सेवा क्षेत्रको विकासको लागि नगरपालिकावाट विशेष पहल गर्नु पर्ने हुन्छ ।

**३.६.२ मुख्य समस्या अवसर र चुनौतिहरु :** नगरपालिकाका सवै वस्तिमा सहज वैंकिङ्ग सुविधा नहुनु, आम्दानीको अधिकांश रकम घरखर्चमा नै प्रयोग हुनु, वैदेशिक रोजगारमा गएका पनि अदक्ष कामदारको रुपमा मात्र न्यून तलव सुविधामा जानु, उच्च किसिमका सेवा क्षेत्रको विकास नहुनु, लगानी गर्नको लागि आवश्यक श्रोतको अभाव रहनु, समाजमा वैदेशिक रोजगारवाट नकारात्मक असर देखिन थाल्नु, नोकरी खाए पछि गाउँ छोडी जाने प्रवृति वढि हुनु आदि समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

**चुनौति :** उच्च स्तरको सेवा क्षेत्रको विकास गर्न, सवै क्षेत्रको समानुपातिक रुपमा विकास गर्न , प्रत्येक वडामा वैकंको स्थापना गरी स्थायीत्व दिन, प्रत्येक परिवारको वैंक खाता खोल्न, वसाई सराईलाई न्यूनीकरण गर्न, वैदेशिक रोजगार सिपयूक्त वढि पारिश्रमिक प्राप्त गर्ने क्षमताको विकास गर्न चुनैाती रहेको छ ।

**अवसर** : यस नगरपालिकाको आर्थिक क्रियाकलापहरु वढ्दै जानु, नागरिकहरुको आर्थिक स्थितिमा सुधार हुनु, नगरपालिकाले सेवा क्षेत्रको विकासको लागि विशेष प्रयासहरु अगाडि वढाउनु आदि अवसरहरु रहेका छन् ।

**३.६.३ सोच :** सेवा क्षेत्रको विकास वाट आर्थिक समृद्धि

**३.६.४ उद्देश्य :** १. सेवा क्षेत्रको विकास गरेर नगरवासीको आर्थिक स्थितिमा सुधार गर्ने ।

२. वैक तथा सहकारीता क्षेत्रमा सवैको पहुँच विस्तार गरेर जनताको जीवनस्तरमा व्यापक सुधार गर्ने ।

**३.६.५ रणनीतिहरु र कायनीतिहरु**

तालिका : २८ वित्तीय सम्वन्धी रणनीति तथा कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. सेवा क्षेत्रको विकास भइ नगरवासीको आर्थिक स्थितिमा वृद्धि गर्ने । | |
| १.१ सेवा क्षेत्रको विकास गरी जनताको जीवन स्तर सुधार गर्ने । | १. सेवा क्षेत्रको विकासको लागि क्षमता अभिवृद्धि गरीने छ ।<br>२.सेवा क्षेत्रको लागि आवश्यक तालिम लगायतका क्रियाकलाप सञ्चालन गर्ने नीजि क्षेत्रलाई प्रत्साहन गरीने छ ।<br>३. विदेशमा गई विप्रेषणका रुपमा प्राप्त भएको रकमलगानी र सुरक्षित योग्य वनाउने प्रयास गरीने छ ।<br>४. वित्तिय सेवा सुविधामा सहज पहुच तथा वृद्धि गरीने छ ।<br>५.सरकारी, निजी, सहकारी सहितको तीन खम्वे आर्थिक नीति अवलम्वन गरीने छ ।<br>६. यूवाहरुको लागि लोकसेवा तथा शिक्षासेवा तयारी कक्षा सञ्चालन गरीने छ । |
| २. वैंक तथा सहकारीता क्षेत्रमा सवैको पहुँचपुगीजनताको जीवनस्तरमा व्यापक सुधार गर्ने । | |

| | |
|---|---|
| २.१ सेवा क्षेत्रको विकासको लागि क्षमता अभिवृद्धि तथा सुदृढकरण नीति अवलम्वन गर्ने । | ७. सबैको पहुँचमा वित्तिय सेवा भन्ने नारालाई कार्यान्वयन गर्न नगरपालिकाका सबै परिवारको वैंकखाता खोलि आर्थिक कारोवार वैंक मार्फत गरीने छ ।<br>८. नगरपालिकाको सम्पूर्ण कारोवार वैंक मार्फत मात्र भुक्तानी गरीने छ ।<br>९. प्रत्येक परिवार सहकारीको एक सदस्य नीतिमा जोड दिने र सहकारी नै आर्थिक लगानीको प्रमुख श्रोतको रुपमा विकास गरीने छ ।<br>१०. सहकारीहरुमा लक्षित वर्गको प्रतिनिधित्व र संलग्नता सुनिश्चित गरी संस्थागत क्षमता अभिबृद्धि गरीने छ ।<br>११. सामाजिक सुरक्षा भत्ता वैकंसंग समन्वय गरी घरघरवाट वितरण गरीने छ ।<br>१२. नगरका २ स्थानमा वैंक स्थापना गरी सेवा विस्तार गरीने छ । |

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

**तालिका नं : २९ मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| महिला सञ्चालक भएका उद्यम व्यवसायको हिस्सा | प्रतिशत | २० | २० | २५ | २५ | २५ |
| बैंक तथा वित्तीय संस्थाको | संख्या | ०५ | ०५ | ०५ | ०६ | ०६ |
| व्यावसायिक फर्म तथा कम्पनीमध्ये ५० लाखभन्दा धेरै लगानी गर्नेको हिस्सा | प्रतिशत | १० | १० | १० | १५ | १५ |
| उद्योग तथा व्यावसायिक फर्म | संख्या | ७२५ | ७२५ | ७५० | ७६० | ७८० |
| बैङ्कमा खाता गरेका घरपरिवारको हिस्सा | प्रतिशत | ३० | ३० | ३० | ४० | ५० |

### ३.६.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ३० स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ९०५०.०० | | | | | | | |
| २०८१/०८२ | ९१००.०० | | | | | | | |
| २०८२/०८३ | ९१००.०० | | | | | | | |

### ३.६.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ३१ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| अनुदान तथा सहकारी व्यवसाय एवम् पसल सञ्चालन कार्यक्रम | सहकारी प्रवर्द्धन गर्नु | सालबसाली | ९०५०.०० | सहकारीहरू साझेदारी कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित हुनेछन् । |
| वित्तीय साक्षरता र पहुँच विस्तार कार्यक्रम | वित्तीय पहुँच उपलब्ध गराउनु | सालबसाली | ९१००.०० | वित्तीय साक्षरता र पहुँच कार्यक्रम सञ्चालनमा आउने |
| साना उद्यमी एवम् व्यवसाय प्रवर्द्धन लगायत नियमित अन्य कार्यक्रम | साना उद्यमी/व्यावसायीका लागि वित्तीय पहुँच तथा उद्यम प्रवर्द्धन सम्बन्धी अन्य नियमित सेवा प्रवाह गर्नु | सालबसाली | ९१००.०० | २०० जना साना उद्यमीहरूले व्यवसाय प्रवर्द्धन गर्नेछन् । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरूमा वित्तीय साक्षरताका अवसरहरू उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरू उत्पादनमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । कोभिड-१९ लगायत अन्य महामारीको नियन्त्रण तथा आर्थिक गतिविधि विस्तार भइ जानेछन् । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

**३.७.१ पृष्ठभूमि :** नेपालमा सामाजिक तथा आर्थिक अवस्थामा आएको सकरात्मक परिवर्तनले गर्दा जनसङ्ख्या र वृद्धिदर कम हुदै गएको छ । लेकवेशी नगरपालिकाको जनसङ्ख्या नेपालको जनगणना २०७८ अनुसार ३१७१० र घरधुरी ७४४१ पुगेको छ । नगरपालिकाभित्र अवस्थित घरधुरीहरुको जनसङ्ख्या विवरणलाई हेर्दा लिङ्ग अनुसार घरमुली विवरणमा महिलाको भन्दा पुरुषको सङ्ख्या बढी रहेको देखिन्छ । लेकवेशी नगरपालिकामा कुल ३१७१० जनसङ्ख्या रहेकोमा पुरुष १४८७७ अर्थात् ४६.९२ प्रतिशत र महिला १६८३३ अर्थात् ५३.०८ प्रतिशत गरी कुल १०० प्रतिशत जनसङ्ख्या रहेको छ । यस आधारमा हेर्दा कुल जनसङ्ख्याको झण्डै दुई तिहाइ हिस्सा श्रमयोग्य जनसङ्ख्या रहेको छ । स्थानीय स्तरमा रोजागारीका पर्याप्त अवसर भने रहेको छैन ।

**३.७.२ समस्या तथा चुनौती :**सक्रिय उमेर समूहको जनङ्ख्यालाई उनीहरूको सीप ज्ञान, क्षमता अनुसार उचित रोजगारका अवसरहरूको कमी रहेको छ । रोजगारीका लागि सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन हुन सकेको छैन । फलत: आवश्यकता अनुसार सीप प्राप्त गरी स्थानीय स्रोत परिचालन एवम् आय आर्जनका काममा सक्रिय रहन सक्रिय जनसङ्ख्याको ठूलो हिस्सालाई अवसरको अभाव रहेको छ । यसैकारण वैदेशिक रोजगारी लगायत बाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रुपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र सङ्कुचित भएको छ ।

**३.७.३ दीर्घकालिन सोच : “नगरवासी र नगरपालिकाको सामुहिक अभियान, शान्ति र समृद्धि हाम्रो मुख्य पहिचान”**

**३.७.४.लक्ष्य :** नगरपालिकाको जनसाङ्ख्यिक उचित व्यवस्थापन गरी सम्पन्न र सुखी परिवारको निर्माण गर्ने ।

**उद्धेश्य** १ **:** सानो र सुखि परिवारको निर्माण गर्ने ।

२. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने ।

**३.७.५ रणनीति तथा कार्यनीति**

तालिका न. : ३२ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सानो र सुखि परिवारको निर्माण गर्ने । | |
| १.१.एक परिवारमा वढिमा २ सन्तानको नीति अवलम्वन गर्ने । | १. वाल विवाह, अनमेल विवाहको अन्त्य गरी ढिला विवाहलाई प्रोत्साहन गरीने छ ।<br>२. परिवार नियोजनका साधनहरु सहज सुलभ उपलव्ध गरीने छ ।<br>३. जनसङ्ख्या व्यवस्थापन सम्वन्धी कार्यक्रम प्रत्येक वस्तिमा गरीने छ ।<br>४. वालमृत्यु दर तथा मातृ मृत्यु दर घटाउनउपचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरीने छ ।<br>५. महिला शिक्षा तथा रोजगारीमा वृद्धि गरीने छ ।<br>६. एकल महिला, जेष्ठ नागरीक, अपाङ्ग तथा दलित लक्षित कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरीने छ ।<br>७. अनिवार्य शिक्षा नीति अवलम्वन गरीने छ ।<br>८. किशोर किशोरी कार्यक्रम सञ्चालन गरीने छ ।<br>९.जनसङ्ख्या लाभहरु लिनको लागि विकासका विशेष कार्यक्रम सञ्चालन गरीने छ ।<br>१०. व्यक्तिगत घटनाहरुको दर्ता तथा जनसाखिंक सूचनाहरुको व्यवस्थित तथा भरपर्दो गर्ने विधि अवलम्वन गरीने छ ।<br>११. पछि परेका समुदायहरुको लागि प्राथमिकता दिई परिवार नियोजन तथा स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गरीने छ । |
| २. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने । | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ नगरपालिकावाट वसाई सर्नको लागि उत्प्रेरित गर्ने तत्वको पहिचान गरी सो स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने । | १२. स्थानीय स्तरमा गुणस्तरिय शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाउन जोड गरीने छ ।<br>१३. नगरपालिका स्तरको अस्पताल निर्माण गरी सेवा उपलव्ध गराउने तथा वडामा रहेका स्वास्थ्य केन्द्रहरुलाई सुदृढ गरीने छ ।<br>१४. सिप विकास, स्थानीय स्तरमा रोजगारी एवं आर्थिक विकासका अवसरहरु सिर्जना गरीने छ ।<br>१५. विदेशिएका यूवाहरु तथा घर छोडी गएका यूवाहरुलाई लक्षित विशेष कार्यक्रम सञ्चालन गरीने छ ।<br>१६. नगरमा रोजगारी सृजना तथा व्यवसाय गर्न चाहनेलाई व्यवसायिक ऋण सुविधा उपलव्ध गराइने छ ।<br>१७. नगरपालिकामा विकासका क्रियाकलापहरुको व्यापक प्रचार प्रसार गरी नगरपालिका क्षेत्रवाट वसाई सराई गरेर नजाने वरु वसाई सरेर आउने वातावरण सृजना गरीने छ । |

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता, बहुवर्षीय तथा नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आ.व.को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

**तालिका नं : ३३ मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | ०० | ०० | १० | १० | १० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | २५० | २५० | २५० | २५० | २५० |

### ३.७.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ३४ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | २५००.०० | | | | | | | |
| २०८१/०८२ | २५००.०० | | | | | | | |
| २०८२/०८३ | ५०००.०० | | | | | | | |

### ३.७.८ कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ३५ आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालबसाली | **२५००.००** | ४०० जनाले रोजगारी प्राप्त गरेका हुने |
| सीपमूलक तालिम र प्रविधि विस्तार कार्यक्रम | स्थानीय अर्थतन्त्रमा आवश्यक दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्ति बढाउने | सालबसाली | **२५००.००** | २५० जना प्राविधिक जनशक्ति उत्पादन हुने । |
| स्थानीय रोजगार प्रवर्द्धन तथा रोजगारी सम्बन्धी अन्य नियमित कार्यक्रम | रोजगारीको आधार तयार गर्ने तथा जनशक्ति पलायन रोक्नु | सालबसाली | ५०००.०० | रोजगारी सम्बन्धी सेवा सुविधा नियमित भएको हुने छ । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । श्रम, रोजगारी तथा गरिबी निवारणका लागि समुदाय निजी क्षेत्र, स्थानीय सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारबीचको सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा वा बजेटको अभाव भएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

**३.८.१ पृष्ठभूमि :** नगरपालिकाका विभिन्न क्षेत्र तथा वडाहरूबीचमा भौगोलिक र विकासको अवस्थामा निकै भिन्नता रहेको छ । शहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको स्तर उच्च रहेको छ । नगरपालिकाका कुल ७४४१ घरपरिवार मध्ये ३ महिना भन्दा कम खान पुग्ने परिवार २०.५० प्रतिशत परिवार ४ देखि ६ महिना २७.४० प्रतिशत रहेको देखिन्छ । यसबाट समग्रमा गरिबीको हिस्सा उच्च रहेको देखिन्छ । गरिबी निवारणका लागि विभिन्न टुक्रे कार्यक्रमहरू रहेका भए पनि सञ्चालनमा आउन सकेको छैन र तिनले सकारात्मक परिणाम पनि आउन सकेको देखिँदैन ।

**३.८.२ समस्या तथा चुनौती :** नगरपालिकाभित्र रहेका ग्रामीण तथा शहरी क्षेत्रहरूमा रहेका गरिबीका मूल कारणहरूको खोजी तदनुरुप योजना बन्न सकेको छैन । निरन्तरको बढ्दो महङ्गी, युवा पुस्तालाई रोजगारीका अवसरहरूको कमी, नयाँ व्यवसायका लागि आवश्यकता अनुसार ज्ञान, सीप र पूँजीको कमीजस्ता कारणहरूले गरिबी अझ बढेको छ र यसले गर्दा युवापुस्तामाथि आश्रित जनसङ्ख्याका समस्याहरू थप जटिल हुन जाँदा गरिबीको गहनता बढेको छ । यहाँ भूमिहीनहरूको समस्या लामो समयदेखि सम्बोधन हुन सकेको छैन । भेरी नदी,चिङ्गाड खोला र झुप्राखाुला किनार अतिक्रमण हुँदा यसले वातावरणीय जोखिम बढाएको छ ।

**३.८.३.दीर्घकालिन सोच : "नगरवासी र नगरपालिकाको सामुहिक अभियान, शान्ति र समृद्धि हाम्रो मुख्य पहिचान"**

**३.८.४.लक्ष्य :** नगरपालिकाको जनसाङ्ख्यिक उचित व्यवस्थापन गरी सम्पन्न र सुखी परिवारको निर्माण गर्ने ।

**३.८.५.उद्धेश्य** १: सानो र सुखि परिवारको निर्माण गर्ने ।

२. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने ।

**तालिका न. : ३६ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सानो र सुखि परिवारको निर्माण गर्ने । | |
| १.१.एक परिवारमा वढिमा २ सन्तानको नीति अवलम्वन गर्ने । | १. वाल विवाह, अनमेल विवाहको अन्त्य गरी ढिला विवाहलाई प्रोत्साहन गरीने छ ।<br>२. परिवार नियोजनका साधनहरु सहज सुलभ उपलव्ध गरीने छ ।<br>३. जनसङ्ख्या व्यवस्थापन सम्वन्धी कार्यक्रम प्रत्येक वस्तिमा गरीने छ ।<br>४. वालमृत्यु दर तथा मातृ मृत्यु दर घटाउनउपचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरीने छ ।<br>५. महिला शिक्षा तथा रोजगारीमा वृद्धि गरीने छ ।<br>६. एकल महिला, जेष्ठ नागरीक, अपाङ्ग तथा दलित लक्षित कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरीने छ ।<br>७. अनिवार्य शिक्षा नीति अवलम्वन गरीने छ ।<br>८. किशोर किशोरी कार्यक्रम सञ्चालन गरीने छ ।<br>९.जनसङ्ख्या लाभहरु लिनको लागि विकासका विशेष कार्यक्रम सञ्चालन गरीने छ ।<br>१०. व्यक्तिगत घटनाहरुको दर्ता तथा जनसाखिंक सूचनाहरुको व्यवस्थित तथा भरपर्दो गर्ने विधि अवलम्वन गरीने छ ।<br>११. पछि परेका समुदायहरुको लागि प्राथमिकता दिई परिवार नियोजन तथा स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गरीने छ । |
| २. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने । | |

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ नगरपालिकावाट वसाई सर्नको लागि उत्प्रेरित गर्ने तत्वको पहिचान गरी सो स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने । | १२. स्थानीय स्तरमा गुणस्तरिय शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाउन जोड गरीने छ ।<br>१३. नगरपालिका स्तरको अस्पताल निर्माण गरी सेवा उपलव्ध गराउने तथा वडामा रहेका स्वास्थ्य केन्द्रहरुलाई सुदृढ गरीने छ ।<br>१४. सिप विकास, स्थानीय स्तरमा रोजगारी एवं आर्थिक विकासका अवसरहरु सिर्जना गरीने छ ।<br>१५. विदेशिएका यूवाहरु तथा घर छोडी गएका यूवाहरुलाई लक्षित विशेष कार्यक्रम सञ्चालन गरीने छ ।<br>१६. नगरमा रोजगारी सृजना तथा व्यवसाय गर्न चाहनेलाई व्यवसायिक ऋृण सुविधा उपलव्ध गराइने छ ।<br>१७. नगरपालिकामा विकासका क्रियाकलापहरुको व्यापक प्रचार प्रसार गरी नगरपालिका क्षेत्रवाट वसाई सराई गरेर नजाने वरु वसाई सरेर आउने वातावरण सृजना गरीने छ । |

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना/कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आ.व.को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ ।

**तालिका नं : ३७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| निरपेक्ष गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिसत | २०.५० | २०.५० | २० | १८ | १५ |
| अनधिकृत जमिनमा बसोबास गर्ने घरपरिवार | संख्या | ९० | ९० | ७० | ५० | ०० |

### ३.८.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

**तालिका नं : ३८ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | | | | | | | | |
| २०८१/०८२ | | | | | | | | |
| २०८२/०८३ | | | | | | | | |

### ३.८.८ कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ३९ कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| गरिबी निवारण कार्यक्रम | निरपेक्ष गरिबी घटाउनु | सालबसाली | १००००.०० | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या घट्नेछ। |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । श्रम, रोजगारी तथा गरिबी निवारणका लागि समुदाय निजी क्षेत्र, स्थानीय सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारबीचको सहकार्यमा वृद्धि भएको हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा वा बजेटको अभाव भएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद : ४ सामाजिक क्षेत्र

यस अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुदजस्ता उपक्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ ।

## ४.१ शिक्षा, भाषा, कला, साहित्य, विज्ञान तथा प्रविधि

**४.१.१ पृष्ठभूमि :** देशको विकासमा शिक्षाको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । देश विकासमा फड्को मार्न, जनताको जीवनस्तर उच्च पार्न, देशले समृद्धि प्राप्त गर्नको लागि पनि शिक्षाको योगदान रहेको हुन्छ । शिक्षाले नै सामाजिक तथा आर्थिक गरीवीको कुचकवाट मुक्त पार्नको लागि पनि भूमिका उच्च रहेको हुन्छ । उच्च स्तरको जनशक्ति तयार गर्नको लगि देशले लिएको शिक्षा नीतिले प्रभाव पारेको हुन्छ । नेपाल सरकारले सवैको लागि शिक्षा भन्ने नारा कार्यान्वयन गरी आएको छ । शिक्षा सर्वसुलभ गराउन आधारभूत तह तथा माध्यामिक तहमा निःशुल्क नीति लागू गरेकोछ । शिक्षालाई रोजगारमुलक, सीपमुलक र उत्पादनमुलक वनाउन सकेमा यसको लगानीको सार्थक हुन आउछ । यसै अनुसार यस नगरपालिकाको शैक्षिक स्थिति सुधार गर्नको लागि विभिन्न प्रयास गरीएको छ । यहाँका सबै वडाहरुमा विद्यालयहरु स्थापना तथा सञ्चालन गरीएको छ । यहाँ सामुदायिक तर्फ ४७ वटा र निजी क्षेत्रवाट ११ वटा गरी ५८ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । सामुदायिक तहमा सञ्चालनमा रहेका विद्यालयहरुमध्ये आधारभूत तहका (१ देखि ५) २९ ,(१ देखि ८) ५ वटा, र माध्यामिक तह १ देखि १० सम्मका १३ वटामा कक्षा सञ्चालनमा रहेका छन् । सरकारी विद्यालयहरुमा जम्मा ८९४४ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

**४.१.२ समस्या तथा चुनौती :** यस नगरपालिकामा ५८ वटा विद्यालयहरु सञ्चालनमा रहेता पनि शिक्षा क्षेत्रमा विभिन्न समस्या रहेका छन् । आधारभुत तहमा जीवन उपयोगी शिक्षा नहुनु, माध्यमिक तहमा प्राविधिक र व्यावहारिक शिक्षा कमी, सामुदायिक र संस्थागत विद्यालय बीच गुणस्तरमा फरक रहनु, शिक्षाको गुणस्तर नहुनु, भौगोलिक दूरी, अभिभावकमा चेतनाको कमि, विद्यार्थीको सङ्ख्या घट्दै जानु, शिक्षकहरु पेशा प्रति आकर्षित नहुनु, विद्यार्थी न्यून हुनु र संविधानले शिक्षा क्षेत्रलाई समस्यामुलक बनाउनु आदि समस्या देखिएका छ । यस्तै गरी साधन स्रोत र प्रभावकारी कार्यान्वयनमा कमि, दलित समुदायका वाल वालिकाको भर्ना दर न्यून हुनु, बीच मा छोड्ने दर अधिक हुनु, विषयगत शिक्षकको समस्या, माग र विद्यालयहरुमा पूर्वाधार तथा प्रविधि विकास गर्नको लागि लगानीका श्रोतको कमि, छात्रावासको समस्या, वच्चाहरुलाई ल्याउन लैजानको लागि वस तथा अन्य सवारी साधनको कमि आदि समस्याहरु रहेका छन् ।

**चुनौतीहरु** : लेकवेशी नगरपालकामा मा.वि. तहसम्मको विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार स्थानिय तहलाई दिनु तर जनशक्तिको लागि आर्थिक ब्यबस्थापन तथा दरबन्दी सिर्जना गर्न नपाउनु शिक्षा क्षेत्रको सवै भन्दा ठूलो चुनौति हो । विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न, साक्षरता दरमा लिङ्ग, जातीगत, फरक हुंदा समानस्तरमा ल्याउन, शिक्षालाई

समतामूलक, समावेसी वनाउन, विद्यालयको सवै तहमा गुणस्तरिय शिक्षाप्रदान गर्न, भौतिक पूर्वाधारको लागि लगानीका श्रोत प्राप्त गर्न, लगानीको अनुपातमा प्रतिफल प्राप्त गर्न, विद्यालयहरु आपसमा गाभ्न तथा मर्ज गर्न, आवशिय विद्यालय सञ्चालन गर्न, विद्यालयहरुमा जीवन उपयोगी र रोजगार प्राप्त गर्ने शिक्षा दिन, सिमान्तकृत समुदायका वालवालिकाको शैक्षिक स्तर उकास्न, प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउन, शिक्षकलाई पढाउनउत्प्रेरणा जनगरन, विद्यालयमा छोड्ने दर शुन्यमा झार्न, समुदायलाई विद्यालय प्रति अपनत्व कायम गर्न आदि चुनौतीहरु रहेका छन् ।

### ४.१.३. दीर्घकालिन सोच : "शिक्षित र समुन्नत वालवलिका गौरवको हाम्रो नगरपालिका"

**४.१.४.लक्ष्य :** नगरपालिका शिक्षण पद्धतिमा सुधार गरेर जनताको जीवनस्तरमा व्यापक परिवर्तन गर्ने ।

**उद्धेश्यहरु :** १. गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी आय आर्जन र विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।

२. उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने ।

३. सुविधा सम्पन्न, भौतिक सुविधायूक्त, दक्ष, योग्य र उत्प्रेरित जनशक्ति भएको विद्यालय व्यवस्था गर्ने ।

### ४.१.५.रणनीति तथा कार्यनीति

तालिका न. : ४० रणनीति तथा कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी आयआर्जन र विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने । | |
| १.१ गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक पहल तथा कार्यान्वयन गर्ने ।<br>१.२ उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने । | १. विद्यालयको पढाई गुणस्तर, भरपर्दो, सुविधाजनक, प्रतिस्पर्धी बनाउन विशेष कार्यक्रम तयार गरीने छ ।<br>२.शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय निर्माण गरीने छ ।<br>३. नगरपालिकामा १सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरीने छ ।<br>४. विद्यालयहरु धान्न सक्ने स्थितिमा सञ्चालन गर्न, विद्यार्थिहरुलाई पायक पर्ने गरी विद्यालयहरुलाई एक आपसमा गाभ्ने (मर्ज) र गुणस्तरिय शिक्षा दिन कार्यनीति तयार गरीने छ ।<br>५. सवै विद्यालयमा आधारभूत तह अन्तरगत नर्सरी, अपर केजी तह लागू गरी सुरु देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गरीने छ ।<br>६. शिक्षा पद्धतिको अध्ययन गरी सुधारको लागि योजना तथा कार्यक्रम सिफारिश गर्न एक अधिकार प्राप्त समिति गठन गरीने छ ।<br>७. सवै विद्यालयमा विषयगत शिक्षक, वस व्यवस्था, पुस्तकालय, प्रयोगशाला, विद्यालयको पूर्णरुपमा भौतिक सुविधाले सम्पन्न गरीने छ ।<br>८. विद्यार्थीको समस्या पहिचान गर्ने, समस्यालाई संवोधन गर्ने गरी शिक्षण गरीने छ ।<br>९. विद्यालयको अनुगमन र मूल्याङ्कन व्यवस्था प्रभावकारी रुपमा |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | सञ्चालन गरीने छ ।<br>१०. छात्रछात्राको आवश्यकताको पहिचान गरी अभिभावक शिक्षा कार्यक्रम लागू गरीने छ । |
| २. २. उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने । | |
| २.१ सञ्चालनमा रहेका विद्यालयहरुको पढाइको स्तर उच्च राख्नको लागि पाठ्यक्रम, अध्यापन विधि, विषय शिक्षकको छनोट प्रणालीको विकास गर्ने । | ११. विद्यालय मिलान गर्दा पहिला नेपाल सरकारवाट स्तर अनुसार स्विकृत शिक्षक दरवन्दीलाई मुख्य आधार वनाउने कार्यनीति तयार गरीने छ ।<br>१२. विषयगत शिक्षकहरुलाई अनुशिक्षण गरीने छ ।<br>१३. एक वार्ड एक लाइव्रेरी, एक वार्ड एक योग केन्द्र स्थापना गरीने छ ।<br>१४. वाल मैत्री विद्यालयलाई जोड दिइने र शैक्षिक ऋणको व्यवस्था गरीने छ ।<br>१५. निरक्षरता रहेकाको पहिचान गर्ने र १२ वर्ष देखि ६० वर्षसम्मकालाई व्यवहारिक व्यवसाय सहितको अनौपचारिक शिक्षा अभियान संचालन गरीने छ । |
| २.२ विद्यालयको शिक्षण पद्धतिलाई व्यापक सुधार गर्ने । | १८.सरकारी स्तरका ४७ वटा विद्यालयमध्ये आधारभूततहका १ देखि ५ सम्म सञ्चालनमा रहेकालाई नर्सरी, के.जि. देखि ३ सम्म सञ्चालन गर्ने, आधारभूत तहका १ देखि ८ सम्म सन्चालनमा रहेकालाई नर्सरी देखि ५ सम्म, १ देखि १० सम्म सञ्चालनमा रहेकालाई नर्सरी देखि ८ कक्षासम्म सञ्चालन गरीने छ ।<br>१९. मा.वि. स्तरका १ देखि १२ सम्म सञ्चालनमा रहेका विद्यालय नियमानुसार कक्षा सम्ममात्र कायम गरीने छ ।<br>२०. ८ कक्षा देखि माथि गुणस्तरिय र तुरुन्त रोजगार दिने विषयमात्र अध्यापन गरीने छ ।<br>२१. आधारभूत तहमा (नर्सरी देखि ३ कक्षा सम्म) एउटा कक्षामा न्यूनतम १० जना विद्यार्थी र विद्यालयमा कम्तीमा ४० जना विद्यार्थी, आधारभूत तह (नर्सरी देखि ५ कक्षासम्म) न्यूनतम १० जना प्रति कक्षा ४० जना कुल विद्यार्थी, आधारभूत तह (नर्सरी देखि ८ कक्षासम्म) प्रतिकक्षा १० जना र कुल विद्यार्थी न्यूनतम १०० जना विद्यार्थी, मावि तहमा ८ कक्षा देखि माथि प्रति कक्षा २० जना र कुल विद्यार्थी १५० जना अनिवार्य हुने गरी व्यवस्था गरीने छ । |

## ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

**तालिका नं : ४१ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| पूर्वप्राथमिक तहको सहजै देखिने भर्ना दर | प्रतिसत | ९५.१ | ९५.१ | ९५.५ | ९६ | ९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना हुने दर | प्रतिसत | ९५.१ | ९५.१ | ९५.५ | ९६ | ९९ |
| प्रा.वि.को खुद भर्ना दर | प्रतिसत | ९५.१ | ९५.१ | ९५.५ | ९६ | ९९ |
| आधारभूत तहको भर्नादर | प्रतिसत | ९५.१ | ९५.१ | ९५.५ | ९६ | ९९ |
| माध्यमिक तहको खुद भर्नादर | प्रतिसत | ५१.५ | ५१.५ | ५१.५ | ५५ | ६० |
| कक्षा ८ सम्मको टिकाउ दर | प्रतिसत | ८२.२ | ८२.२ | ८२.२ | ८३ | ८५ |
| कक्षा १० सम्मको टिकाउ दर | प्रतिसत | ५१.५ | ५१.५ | ५१.५ | ५५ | ६० |

### ४.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

**तालिका नं : ४२ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | १०४२४६.८ | | | | | | | |
| २०८१/०८२ | १०३७४६.८ | | | | | | | |
| २०८२/०८३ | १०३७४६.८ | | | | | | | |

### ४.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं : ४३ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| नमूना विद्यालय भवन निर्माण, | नमुना विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका पूर्ण पालना भएको नमुना विद्यालय भवन निर्माण गर्नु | २०८०/०८१ देखि २०८४/०८५ | १०४२४६.८ | विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गरेको हुने । |
| ८९४४ बालकको विद्यालय | बालबालिकाहरूलाई पठन-पाठनको सहज सिकाइ वातावरण उपलब्ध गराउनु | २०८०/०८१ देखि २०८४/०८५ | १०३७४६.८ | वार्षिक रुपमा ८९४४ बालबालिकाको शैक्षिक उपलब्धीमा सुधार भएको हुने । |
| शिक्षा विकास कार्यक्रम (प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक, प्राविधिक र अन्य शैक्षिक कार्यक्रम) | सबै बालबालिकाले सहज वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने कुरामा सुधार गर्नु | सधै | १०३७४६.८ | सबै बालबालिकाको शिक्षामा सहज पहुँच सुनिश्चित भएको हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

सङ्घीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकुल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा नवीनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवालाबीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

**४.२.१ पृष्ठभूमि :** मानवको लागि स्वस्थ जीवन अपरिहार्य रहेको छ । स्वस्थ जीवन प्राप्त गर्नु मानव अधिकारको रुपमा पनि स्वीकार गरी सकिएको छ । नेपालमा स्वास्थ्य सम्वन्धी अधिकार नेपालको संविधानमा नीतिगतरुपवाट समेत उल्लेख गरेर नेपाल सरकारले स्वास्थ्यलाई महत्व दिएको छ । नेपालको स्वास्थ्य स्थिति सुधार गर्न विश्व स्वस्थ्य संगठन लगायत विभिन्न देश तथा अन्तराष्ट्रिय संघ संगठनवाट सहयोग प्राप्त भएको छ । नेपालले तयार गरेको २० वर्षे स्वास्थ्य गुरु योजना कार्यान्वयनको अन्तिम चरणमा रहेकोछ । यसले राखेका स्वास्थ्य सम्वन्धी लक्ष्य प्राप्त गर्न विभिन्न प्रयासवाट स्वास्थ्य स्थितिमा व्यापक सुधार हुन गएकोछ । नगरपालिकामा स्वास्थ्य स्थितिको विकास गर्न विभिन्न प्रयास गरीएको छ ।

दीगो विकासकालागिशिक्षा, स्वास्थ्य र यातायात सबैभन्दा महत्वपुर्ण पुर्वाधार हुन । शारिरीक तथामानसिक स्वस्थ मानवजीवनको लागिअति नै आवश्यक मानिन्छ । लेकवेशी नगरपालिकामा सुर्खेतजिल्लाकै दुर्गम क्षेत्रमा पर्ने बस्तीहरु भएकोले सुविधा सम्पन्न अस्पताल स्थापनाहुन सकिरहेको छैन । नेपाल सरकारको नीतिगतव्यवस्थाअनुसार एक पालिका एक अस्पतालको अवधारणा अनुसार सबैलाई पायक पर्ने गरी नगरपालिकाको वडा नम्बर ४ दशरथपुरमा १५ शैयाको पालिका स्तरीय अस्पताल निर्माणको चरणमा रहेको छ । सरकारी तवरबाट सबै वडाहरुमा पुग्ने गरी स्वास्थ्य सेवा केन्द्र, ईकाइ र गाउँघर क्लिनिकहरु मात्र रहेका छन् । खोप सेवाले जनताको स्वास्थ्यमाप्रत्यक्ष रूपमाप्रभावपार्ने गर्दछ । उचित समयमाखोप पाएकाबालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामाअभिबृद्धि हुने गर्दछ । तसर्थ खोपका कारण बालस्वास्थ्यमा सुधार आउने गर्दछ । खोपनदिएकाबालबालिकाविभिन्नप्रकारका प्रकोपको शिकार हुने भएकाले नेपाल सरकारले खोप सेवालाई निकै ठूलो महत्त्वदिने गरेको छ ।

**चुनौतीहरु** : दीर्घकालिन दिगो विकासका स्वास्थ्य सम्वन्धी लक्ष्यहरु नगरपालिकास्तरमा प्राप्त गर्न, यस नगरपालिकामा सुविधायूक्त नगरपालिका स्तरको अस्पताल निर्माण गरी सञ्चालनमा ल्याउन र अस्पताल सञ्चालन गर्न, वडामा रहेका सवै स्वास्थ्य चौकिहरुमा भवन तथा प्रयोगशाला सहित जनशक्तिको व्यवस्थापन गर्न र स्तर उन्नति गर्न, आवश्यक वजेट तथा श्रोत साधनको व्यवस्था गर्न, सवै वडामा प्रसुति गृह र स्वास्थ्य चौकिको नयाँ निर्माण गरी सञ्चालनमा ल्याउन, स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीको दरवन्दी थप गरी पूर्ति गर्ने, आधारभूत औषधिको सहज उपलब्ध गराउन, स्वास्थ्य उपचार ज्यादै महङगो भएकोले सोको लागत कम गर्न दीर्घ रोगीहरुको नियमित उपचार गराउन, नगर वस्तिमा रहेका जेष्ठ नागरीक, प्रसुती, महिला, वालवच्चाको नियमित स्वास्थ्य परिक्षण गराई निरोगी

तुल्याउन, नसर्ने रोगमा कमि ल्याउन, पोषणयूक्त खाना र शुद्ध पिउने पानी सेवनमा जोड दिदै वैकल्पिका उपचार विधि अपनाउन, सिमित श्रोत साधनको समुचित व्यवस्थापन गर्न, परिवारका अन्य सदस्य नभएका विरामीहरुको हेरचाह र उपचार गराउन, वस्तीस्तरमा उपचार गर्ने व्यवस्था गर्न, व्यायाम योगका कार्यक्रम वस्ती तथा घरसम्म पुऱ्याउने आदि स्वास्थ्य क्षेत्रको विकास गर्न चुनैतीहरु रहेका छन् ।

**अवसरहरु :** यस नगरपालिकामा माथि लेखिएका विभिन्न चुनौति भए तापनि यहाँ अवसरहरु पनि रहेका छन् । स्वास्थ्य क्षेत्र हेर्नको लागि नगरपालिकामा स्वास्थ्य इकाइ जनशक्ति सहित स्थापना हुनु, नेपाल सरकारले आधारभूत आवश्यक औषधिहरु निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाउनु, प्रत्येक स्थानीय स्तरमा सुविधा सम्पन्न अस्पताल वनाउने नीति लिईनु, नगरपालिकालाई अस्पतालसम्म सञ्चालन गर्ने जिम्मेवारी पाउनु, प्रदेश सदरमुकाममा निजी तथा सरकारी लगानीमा ठूला तथा सुविधा सम्पन्न अस्पताल सञ्चालनमा रहनु, नगरपालिकाले एम्वुलेन्स सुविधाको व्यवस्था मिलाउनु, स्वास्थ्य क्षेत्रमा वजेटको मात्रा प्रत्येक वर्ष वृद्धि हुदै जानु, वस्तीहरुसम्म यातायातको व्यवस्था गरिनु, जनताको आय स्तर वढ्दै जानु आदि अवसरहरु हुन ।

### ४.२.२. दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य,

**दीर्घकालिन सोच :** नगरवासीको गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच

**लक्ष्य :** १. नगरवासीको स्वास्थ्य स्थितिमा गुणात्मक सुधार गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

**४.२.३.उद्धेश्यहरु :** १. स्वस्थकर जीवन शैलिको प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह तथा वैकल्पिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२. स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण तथा विस्तार गर्ने ।

### ४.२.४.रणनीति तथा कार्यनीति

**तालिका न. : ४४ रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण तथा विस्तार गर्ने | |
| १.१ स्वास्थ्य सेवामा सबैको पहुच सुनिश्चत गर्ने । | १. नगरपालिकामा १ सुविधा सम्पन्न कम्तिमा १५ शैयाको अस्पताल र १ वटा आयूर्वेद औषाद्यालय स्थापना र १० वटा स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण गरी सेवाको गुणस्तर तथा भौतिक अवस्थामा सुधार गरिने छ ।<br>२. ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, ५ वर्ष भन्दा तलका वच्चा तथा गर्भवती महिलाहरुको लागि मासिक स्वास्थ्य परिक्षण गर्न सबै स्वास्थ्य सस्थाबाट सेवा कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. प्रत्येक वडामा २ जना नर्स तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाई घर दैलोवाट जेष्ट नागरिक, सुत्करी महिला , वालवालिका र दीर्घ रोगीहरुको उपचार गरिने छ । |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | ५.घुम्ती स्वास्थ्य सिविर सञ्चालन गरिने छ।<br>६.जिल्लाका निजी तथा सरकारी अस्पतालहरुसंग समन्वय गरी गाउँघर तथा वडा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ।<br>७.नसर्ने रोग क्यान्सर, मुटु, मृगौला, हृदय जस्ता रोगवाट वच्न प्रचार प्रसार तथा सूचनाद्धारा अग्रिम सजग रहने वारे जनचेतना कार्यक्रम सञ्चालन गरिने छ।<br>८.स्वास्थ्य क्षेत्रमा संस्थागत, नीजि तथा समुदायवाट लगानी गर्ने वातावरण सृजना गरिने छ। |
| २. स्वास्थ्यकर जीवन शैलिको प्रवर्दन, गुणस्तरीय सेवा प्रवाह तथा वैकल्पिक स्वास्थ्य सेवा सुनिस्चित गर्ने। | |
| २.१ स्वास्थ्य सेवा सुविधा भरपर्दो, स्तरीय, जनताले थोग्न सक्ने किसिमको वनाउन जोड गर्ने। | ९. न्यूनतम आधारभूत औषधिहरु निःशुल्क उपलव्ध गरिने छ।<br>१०. निजी साझेदारी स्वस्थ्य कार्यक्रम सञ्चालन गरिने छ।<br>११. गुणस्तरिय स्वास्थ्य सेवा दिनको लागि लगानी, जनशक्ति, भौतिक व्यवस्थापन गरिने छ।<br>१२. शत प्रतिशत स्वास्थ्य केन्द्रमा सुत्करी गराउने र सुत्केरी आमा पोषिलो खाना कार्यक्रम लागू गर्ने नीति लिइने। निःशुल्क स्वास्थ्य विमा गरिने छ।<br>१३. सवै स्वास्थ्य संस्थामा आधारभूत परिक्षण गर्ने प्रयोगशाला व्यवस्था र जनशक्ति दरवन्दी अनुसार पूर्ति गरिने छ।<br>१४. २४ घण्टा स्वास्थ्य सुविधा दिनको लागि आवश्यक व्यवस्था सम्बन्धीत कार्यनीति तयार गरिने छ।<br>१५. प्रजनन् स्वास्थ्य सेवालाई सवैको पहुँच पुऱ्याउने र सो को लागि उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ। |
| २.२ आयूर्वेद चिकित्सा पद्धतिको विकास गरी एक वडा एक योग केन्द्र स्थापना गर्न जोड गर्ने। | १६. आयूर्वेद औषद्यालय स्थापना गरी सञ्चालन गरिने छ।<br>१७. योग केन्द्र, व्यायमशाला प्रत्येक वस्तिमा स्थापना गरी सञ्चालन गरिने छ। |

### ४.२.५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमको आधारमा यस उपक्षेत्रको आगामी तीन आर्थिक वर्षको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार तय गरिएको छ :

**तालिका न. : ४५ रणनीति तथा कार्यनीति**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| राष्ट्रिय खोप तालिका अनुसार पूर्ण रुपमा खोप प्राप्त गर्ने बालबालिका | प्रतिसत | | | | | |
| TD2 & TD2 प्राप्त गर्ने गर्भवती महिलाहरू | प्रतिसत | | | | | |
| दर्ता गरिएका ०-११ | प्रतिसत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिनासम्मका शिशुहरू मध्ये वृद्धि अनुगमनका लागि भ्रमण गर्नेहरूको औसत हिस्सा | | | | | | |
| प्रोटोकल अनुसार पूर्व प्रसूति परीक्षणका लागि भ्रमण गर्ने गर्भवती महिलाको हिस्सा | प्रतिसत | | | | | |
| प्रतिवेदन गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका | प्रतिसत | | | | | |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा भएको बच्चा जन्मको अनुपात | प्रतिसत | | | | | |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्ममध्ये कम वजन (२.५ कि.ग्रा.भन्दा कम) का शिशुहरू | प्रतिसत | | | | | |

### ४.२.६. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा स्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका न. : ४६ खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | १२५५३६.० | | | | | | | |
| २०८१/०८२ | १२०५३६.० | | | | | | | |
| २०८२/०८३ | १२०५३६.० | | | | | | | |

### ४.२.७. कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ४७ आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १५ शय्या अस्पताल | नगरपालिकास्तरमा | २०८०/०८१ - | ९६७०४.७ | १५ शैयाको अस्पतालबाट |

| | | | | |
|---|---|---|---|---|
| निर्माण | उपचारात्मक सेवा प्रदान गर्नु | २०८३/०८४ | | मासिक औसत १०००० जनाले सेवा प्राप्त गरेका हुने |
| स्वास्थ्य केन्द्र सुदृढिकरण कार्यक्रम | मातृ तथा नवशिशुको स्वास्थ्य प्रवर्द्धन गर्नु सुरक्षित सुत्केरी सेवा प्रदान गर्नु | **सालबसाली** | ६०००.० | संस्थागत सुत्केरी राष्ट्रिय दरभन्दा बढेको हुने । |
| तह अनुसारका दक्ष स्वास्थ्य कर्मी | स्वास्थ्यकर्मीहरूको क्षमता एवं तथ्याङ्कको अभिवृद्धि गर्नु | **सालबसाली** | ३६०६२.७ | क्षयरोग नियन्त्रणमा स्वास्थ्यकर्मीहरू सक्षम भएका हुने । |
| परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | किशोर-किशोरी तथा प्रजनन् उमेरका महिलाहरूको प्रजनन् स्वास्थ्य प्रवर्द्धन गर्न | **सालबसाली** | **१६११.६** | किशोर किशोरीहरूले गुणस्तरीय प्रजनन् स्वास्थ्य सेवा पाएका हुने । |
| खोप कार्यक्रम | बालबालिकाको रोग निरोधक क्षमता वृद्धि गर्नु | **सालबसाली** | **१६११.६** | सम्पूर्ण बच्चाहरूले पूर्ण खोप पाएका हुने |
| स्वास्थ्य विमा कार्यकम | महामारीजन्य रोगको नियन्त्रण व्यवस्थापन तथा उपचार सम्बन्धी चेतना | **सालबसाली** | **६००.००** | रोग नियन्त्रण र व्यवस्थापनमा सक्षम भएका हुने । |
| विद्यालय स्वास्थ्य सेवा र सम्वन्धित विषयहरुको स्वास्थ्य कर्मीलाइ अध्ययन तथा तालिम । | बालबालिकाको पोषण स्वास्थ्य तथा सरसफाई प्रवर्द्धन गन | **सालबसाली** | **५१५७६.००** | विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पोषण, स्वास्थ्य ,सरसफाइ र क्षमता विकास भएको हुने । |
| विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन | पहुँच नपुगेका तथा पिछडिएका समुदायका जनताहरूलाई विशेषज्ञ सेवा प्रदान गनु | **सालबसाली** | **२५५८.४** | पहुँच नपुगेका तथा पिछडिएका समुदायका जनताहरुले विशेषज्ञ सेवा पाउने । |
| मृगौला प्रत्यरोपण गर्नु पर्ने विरामीका लागि प्रतिब्यक्ति रु.१ लाख सहयोग र निशुल्क स्वास्थ्य परिक्षण | स्वास्थ्य सहयोग कार्यक्रमलाई थप प्रभावकारी बनाउने | **सालबसाली** | **२५५८.४** | रोगिहरुको मनोबल उच्च भएको र स्वास्थ्य कार्यक्रम निरन्तर सञ्चालन हुने । |

## ४.२.८. जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तरसरकार र सरोकारवालाबीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड-१९ जस्ता महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाइ

**४.३.१ पृष्ठभूमि :** खानेपानी तथा सरसफाई मानव जीवनमा आधारभूत आवश्यकताहरु मध्ये एक महत्वपूर्ण पक्ष हो । यसले मानिसको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सुरक्षित खानेपानीको

कारणवाट समय वचत, सर्ने रोगवाट टाढा रहने र स्वास्थ्य नागरीक तयार भई देश विकासमा सहयोग पुग्न जान्छ। नगरपालिकामा खाने पानी उपलब्ध घरधुरी सङ्ख्या जसको पाईपधारा ३ हजार ६ सय ८४ नढाकिएको पाएपधारा नढाकिएको २९७८ कुवा ढाकिएको ०३ नढाकिएको कुवाको ६९२ र नदीखोलाको २३ र अन्य ६३ खानेपानीका रुपमा प्रयोग गर्दै आएको देखिन्छ। खाने पानीको लागि ३० मिनेट भन्दा वढि समय लाग्ने परिवार १५ वटा अर्थात ०.३२ प्रतिशत रहेकोछ । पिउने पानीका मुहानहरु सवै वडामा रहेका छन् । यस नगरपालिकामा हावापनी राम्रो छ । वस्तीहरुमा सरसफाईस्थिति सामान्य रहेकोछ। लेकवेशीनगरपालिकामा शौचालयको अवस्था हेर्दा १२८९घरधुरीको शौचालय नभएको अवस्थामा छन्। शौचालय नभएका सबैभन्दा बढी घरधुरी वडा नं. ६ र ७ मा ७०२ र सबैभन्दा कम वडा नम्बर १ र २ मा २२ घरधुरीरहेको देखिन्छ। यसैगरी नगरपालिकाभित्र फ्लस भएको शौचालय रहेको सङ्ख्या २७०० देखिन्छ।

दिगो विकास लक्ष्य : अवस्था तथा मार्गचित्र : २०१६ का अनुसार आधार वर्ष २०१५ मा नेपालमा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसङ्ख्या १५ प्रतिशत मात्र रहेको देखिन्छ। यसलाई क्रमशः वृद्धि गर्दै सन् २०१९ मा ३५ प्रतिशत, २०२२ मा ५० प्रतिशत, २०२५ मा ६५ प्रतिशत पुर्‍याउँदै सन् २०३० सम्ममा सुरक्षित पानी प्रयोगकर्ता जनसङ्ख्याको हिस्सा ९० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। यस आधारमा हेर्दा **लेकवेशी** नगरपालिका दिगो विकास लक्ष्य-६ हासिल गर्ने दिशामा गन्तव्य पुग्न थालेको देखिन्छ, यद्यपि उपलब्ध खानेपानीको गुणस्तर भने सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ।

### ४.३.२ समस्या तथा चुनौती

यस नगरपालिकाका वासिन्दालाई पिउने पानी गुणस्तरको खुवाउन, एकघर एक धारा निति कार्यान्वयनमा ल्याउन, सरसफाई सम्वन्धी जन चेतना कार्यक्रम राम्रोसंग संचालन गर्न, सवै खानेपानी आयोजनाहरुको मर्मत सम्भार व्यवस्था मिलाउन, खानेपानीको उचित रेखदेख गर्न, पानीको श्रोत नभएका वस्तीहरुमाा लिफ्टीङ खानेपानी ल्याउनचुनौती रहेकोछ । वजार क्षेत्रमा ढल व्यवस्था गर्न , फोहर सङ्कलन गरी व्यवस्थपन गर्न, जनसहभागिता जुटाउन र खानेपानीको लागि आवश्यक श्रोत जुटाउन आदि चुनौतीहरु रहेकाछन्।

**४.३.३.दीर्घकालिन सोच :** स्वच्छ तथा सुविधायुक्त खानेपानी एवं सरसफाई

**४.३.४.उद्धेश्यहरु :** १. नगरवासीलाई स्वच्छ र सहज खानेपानी ब्यबस्था गर्ने।

२.नगरका वजार क्षेत्रमा ढलको व्यवस्था तथा सवै वस्तिमा वातावरण स्वच्छता प्रदान गर्ने।

### ४.३.५.रणनीति कार्यनीति

**तालिका न : ४८ रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|

| | |
|---|---|
| १. सवैको निम्ति खानेपानी साथै सरसफाईको उपलव्धतावाट नगरपालिकका समुदायको स्वास्थ्य तथा जीवन स्तरमा व्यापक सुधार गर्ने । | |
| १. नगरवासीलाई स्वच्छ र सुद्धिकरणयुक्त खानेपानी सुविधाको व्यवस्था गर्ने ।<br>१.१ सवै वस्तीहरुमाा एक घर एक धारा कार्यनीति अवलम्वन गर्ने ।<br>१.२ सरसफाईयुक्त छुवाछुत मुक्त नगरपालिकाको रणनीति कार्यान्वयन गर्ने । | १. पानीको श्रोत नभएको तथा टाढा रहेका वस्तिमा वैकल्पिक खानेपानीको व्यवस्था गरीने छ ।<br>२. कुवा, मुललाई संरक्षण गर्ने तथा ढाकेर स्वच्छता कायम गरिने छ ।<br>३. चालु अवस्थामा रहेका खानेपानी योजनाको मर्मत तथा संभार गरिने छ । |
| २. नगरपालिका भित्रका वजार क्षेत्रमा ढलको व्यवस्था तथा सवै वस्तिमा वातावरण स्वच्छ र स्वास्थ्य गर्ने कार्यक्रम संचालन गर्ने । | |
| ३. वजार क्षेत्रमा ढलको व्यवस्था गर्ने ।<br>४. एक वस्ति एक पोखरी नीति अवलम्वन गर्ने<br>५. कुहिने र नकुहिने फोहर श्रोतमा नै छुट्याउने र फोहरलाई मोहर प्राप्त गर्ने नीति अवलम्वन गर्ने । | ४.वजार क्षेत्रमा ढलको व्यवस्था गर्ने ।<br>५. एक वस्ति एक पोखरी नीति अवलम्वन गर्ने<br>६. कुहिने र नकुहिने फोहर श्रोतमा नै छुट्याउने र फोहरलाई मोहर प्राप्त गर्ने नीति अवलम्वन गर्ने । |

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहाय अनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ४९ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्म को उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिसत | ८९.५३ | ८९.५३ | ९० | ९५ | १०० |
| शौचालय भएका परिपरिवार | प्रतिसत | ८२.६७ | ८२.६७ | ८४ | ८७ | १०० |
| सुचारु खानेपानी आयोजना | संख्या | | | | | |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिसत | ६० | ६० | ७५ | ८० | १०० |
| सार्वजनिक शौचालय | प्रतिसत | ०० | ०० | ०.५ | ०.७ | ०.१३ |
| खानेपानी शुद्धता परीक्षण भएका आयोजना | प्रतिसत | ०० | ०० | २० | ४० | १०० |

### ४.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

### तालिका न. : ५० विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | १७३९१.४ | | | | | | | |
| २०८१/०८२ | १७३९१.४ | | | | | | | |
| २०८२/०८३ | १७३९१.४ | | | | | | | |

### ४.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

### तालिका न. : ५१ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

| **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (सुरु र समाप्ति)** | **कुल लागत (रु. हजार)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|
| खानेपानी आयोजना सञ्चालन तथा मर्मत सहयोग | खानेपानी सेवा विस्तार गर्नु | **सालबसाली** | १७३९१.४ | सवै घरधुरीलाई खानेपानी सेवा उपलब्ध हुने । |
| खानेपानी तथा सरसफाई एवम् अन्य नियमित कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | **सालबसाली** | १७३९१.४ | विद्यमान खानेपानी आयोजनाबाट खानेपानी सेवा सुचारु रुपमा उपलब्ध हुने । |
| खानेपानी आयोजना सञ्चालन | खानेपानी सुविधा सुचारु गराउनु | **सालबसाली** | १७३९१.४ | एक घर एक धारा खानेपानी सेवा उपलब्ध हुने । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

यस योजनामा प्रस्ताव गरिए अनुसार बजेट सुनिश्चित भई आयोजना सञ्चालन तथा मर्मत-संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन व्यवस्थित बसोबास, तरल तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

**४.४.१ पृष्ठभूमि :** समाजमा रहेका हरेक वर्ग, क्षेत्र, लिङ्ग, उमेर समुह, शारीरिक स्थितिका मानिसहरु पनि सुखि, खुसी भएर वाँच्न पाउनु पर्ने हुन्छ । विकास गर्दा सवै क्षेत्रलाई अनिवार्यरुपमा प्रत्येक चरणमा सहभागि गराउने र समेट्नु पर्दछ। समाजमा पुरुष भन्दा महिला अधिकारले कमजोर स्थितिमा रहेका छन् भन्ने बहस आज पनि कायम छ । यस्तै गरी वालवालिका भोलिका कर्णाधार भएकोले उनिहरु स्वच्छ वातावरणमा खुसी साथ हुर्कने वातावरण सिर्जना गर्नु पर्ने हुन्छ । उनीहरुको लागि पौष्टिक आहार, खोप लगायतका स्वास्थ्य सुविधा, स्वच्छ विद्यालय वातावरण, न्याँनो तथा मायालु घरको वातावरण हुनु आवश्यक रहेको छ । यसै अनुसार जेष्ठ नागरीकहरुको लागि माया सहितको

स्वच्छ र शान्त परिवार, उचित खानपिन, मनोरञ्जन व्यवस्था, स्वास्थ्य सुविधा आदि व्यवस्था आवश्यक भएको हुन्छ । यसै अनुसार शारीरिक तथा मानसिकरुपले अपाङ्ग रहेका व्यक्तिहरुलाई सवैको माया, स्वास्थ्य तथा रोजगार लगायतका सुविधाको व्यवस्था निजको परिवार , समाज, स्थानीय निकाय, प्रदेश तथा संघले गर्नु पर्छ । माथिका सवै क्षेत्रमा भेदभाव नगरी समान आवसर दिलाउन तथा सहभागी गराउन नेपालले विभिन्न अन्तर्रष्ट्रिय सन्धी, अभिसन्धीहरुमा हस्ताक्षर गरी आफनो दायित्व पुरा गर्न कटिवद्धता व्यक्त गरेको छ । यसै अनुसार लेकवेशीनगरपालिकाले पनि महिला, वालवालिका, किशोर किशोरी, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोग, सहभागिता, पहुँच पुर्‍याउने नीति लिएको छ । यस नगरपालिकामा हाल ४ वर्ष भन्दा तलका वालवालिकाहरु २७०९ जना, ५ देखि १४ वर्ष सम्मका ६४८७ जना, १५ वर्ष देखि २४ वर्ष सम्मका ३७८६जना १५ देखि ४५ वर्षसम्मका महिला ८४७७ जना रहेकाछन् ।

यस नगरपालिकामा अपाङ्ग रहेका २४१ जना अर्थात ०.७६ प्रतिशत अपाङ्ग रहेको छन् जसमध्ये पुरुष १२५ जना र महिला ११६ जना रहेका छन् ।यी समुहमा रहेका जनताको लागि उमेर अनुसार आवश्यक व्यवस्था नगरपालिकाले व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

यस नगरपालिकामा रहेका माथि उल्लेखित वर्ग तथा समुहका व्यक्तिहरुको लागिआ–आफ्नै समस्याहरु रहेका छन् । अपाङ्गहरुको लागि समाजमा हेय भावनावाट हेर्ने दृष्टिकोण हुनु, रोजगारीको समस्या, गरीवी, स्वास्थ्य उपचारमा पहुँचपुग्न नसक्नु, विद्यालय जान समस्या, भौतिक पूर्वाधाहरु अपाङ्ग मैत्री नहुनु आदि रहेका छन् । जेष्ठ नागरीकहरुमा हेरचाह गर्ने व्यक्तिको समस्या, खानपान, मनोरञ्जन स्थलको समस्या, विरामी हुदा उपचार गर्न लैजाने परिवारको हैसियत नहुनु, स्वास्थ्य उपचार गराउन लैजाने परिवारका सदस्य नहुनु तथा आर्थिक समस्या रहेको छ । वालवालिकाहरुको लागि उचित पोषणको समस्या, मनोरञ्जनको समस्या, विद्यालाय लैजान समस्या, उपचार गर्न समस्या आदि रहेको छ । किशोर किशोरीहरुको लागि मनोरञ्जनको समस्या, उचित वातावरण नपाउनु, विद्यालयहरुमा किशारीहरुको लागि सुविधा सम्पन्न शौचालयको अभाव रहनु, किशोर किशोरीको लागि आवश्यक जानकारी दिने व्यवस्थाको समस्या, व्यक्तिगत सुरक्षाको समस्या आदि रहेको छ ।

### ४.४.३.दीर्घकालिन सोच : “सवैको पहिचान सहितको सुखी र समुन्नत नगरपालिका”

**४.४.४.लक्ष्य :** सार्वजनिक स्थल एवम् संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने ।

**उद्धेश्य :** १. समाजमा पछि परेका वर्गको सामाजिक तथा आर्थिक स्थितिमा व्यापक सुधार गर्ने ।
२. महिला, बालबालिका, दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक एवम् अन्य सीमान्तीकृत समुदायका लागि जीवनोपयोगी सीप र आय आर्जनका आधार सिर्जना गर्ने ।

७ समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण सहित कार्यान्वयनमा जाने

### ४.४.५ रणनीतिहरु कार्यनीतिहरु

**तालिका न : ५२ रणनीतिहरु कार्यनीतिहरु**

| | |
|---|---|
| १. आर्थिक अवस्था कमजोर भएका दलित, एकल महिला, जनजाति र राज्यले तोकेका अन्य विपन्न वर्गहरूलाई आय-आर्जन गरी आत्मनिर्भर हुन आवश्यक सहयोग गर्ने । | |
| १.अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थल एवम् संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने र विद्यमान संरचनालाई तदनुरुप सुधार गर्ने ।<br>२.समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण गर्ने । | १.अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थल एवम् संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने र विद्यमान संरचनालाई तदनुरुप सुधार गरिने छ ।<br>२.समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण गरिने छ । |
| २.अब निर्माण हुने सबै प्रकारका सार्वजनिक तथा ठूला व्यापारिक भवन तथा सार्वजनिक स्थल एवम् संरचनाहरूलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने र विद्यमान संरचनालाई तदनुरुप सुधार गर्ने । | |
| १.अपाङ्ग, महिला, दलित, जनजाती लगायत विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने । महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गर्ने । | ३.अपाङ्ग, महिला, दलित, जनजाती लगायत विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने । महिला, अपाङ्गता भएका, दलित, लोपोन्मुख, आदिवासीहरूका लागि गुणस्तरीय, व्यावसायिक सीपमूलक र जीवनपयोगी तालिमको सुनिश्चितता गरिने छ । |
| ३.समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति निर्माण सहित कार्यान्वयनमा जाने | |
| १.गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । | ४.गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । |

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ५३ आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाका**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| महिला साक्षरता | प्रतिसत | ७६.१६ | ७६.१६ | ७७ | ७८ | ८२.२१ |
| उच्च शिक्षा हासिल | प्रतिसत | ३० | ३० | ३५ | ४० | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गर्ने महिला | | | | | | |
| हिंसामा परेका महिलाहरू | संख्या | २६० | २६० | २०० | १५० | १०० |
| परिवारविहीन बालबालिका | संख्या | ४.७२ | ४.७२ | ४.५० | ४. | ३ |
| महिला सञ्चालक भएका उद्यम व्यवसायको हिस्सा | प्रतिसत | ४० | ४० | ४५ | ५० | ५५ |
| अपाङ्गतामैत्री सार्वजनिक संरचनाको हिस्सा | प्रतिसत | ०० | ०० | ३० | ५० | १०० |

## ४.४.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ५४ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | | | | | | | | |
| २०८१/०८२ | | | | | | | | |
| २०८२/०८३ | | | | | | | | |

## ४.४.७ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ५५ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (सुरु र समाप्ति)** | **कुल लागत (रु. हजार)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|
| लैंगिक समानता प्रवर्द्धन तथा महिला एवम् बालबालिका लक्षित कार्यक्रम | महिला तथा बालबालिका प्रति हुने सबै प्रकारको विभेद अन्त्य भई महिला तथा बालबालिकाको अवस्थामा सुधार गर्नु | **सालबसाली** | ७४२.८ | कम्तीमा २००० महिला तथा बालबालिका प्रत्यक्ष लाभान्वित हुने । |
| ज्येष्ठ नागरिक लक्षित कार्यक्रम | ज्येष्ठ नागरिकहरुको दैनिक जीवन सहज र सम्मानित बनाउनु | **सालबसाली** | १५१६६३.१ | कम्तीमा १००० भन्दा बढी ज्येष्ठ नागरिक प्रत्यक्ष लाभान्वित हुने । |
| अपाङ् एवम् विभेदमा परेको समुदायको | अपाङ्ता भएका व्यक्ति तथा विभेदमा परेका अन्य | **सालबसाली** | ६५४७.०० | कम्तीमा २४१ अपाङ्ग नागरिक प्रत्यक्ष लाभान्वित हुने । |

| | | | | |
|---|---|---|---|---|
| सशक्तिकरण र अन्य नियमित कार्यक्रम | समुदायको दैनिक जीवन सहज र सम्मानित बनाउन् | | | |

### ४.४.८ जोखिम पक्ष तथा अनुमान

यस विषय क्षेत्रमा नगरपालिकाको प्राथमिकता, तदनुरुप बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

**४.५.१ पृष्ठभूमि :** साधारणतया युवा भन्नाले १६ वर्ष देखि ४० वर्ष उमेर समुहलाई जनाउँछ । लेकवेशी नगरपालिकामा १५ वर्ष देखि २४ वर्ष समुहका युवाहरु ६३८६ प्रतिशत २०.१३ रहेको छ । देशको समृद्धि युवाहरुको जोस, जाँगर, क्षमता, प्रतिभाले सम्भव हुन्छ । युवावर्ग राष्ट्र निर्माणका संवाहक हुन् । यिनीहरुले देश, प्रदेश, स्थानीय स्तरको विकासको लागि महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । युवाहरुको लागि उचित शिक्षा, रोजगार, मनोरञ्जन, खेलकुद, व्यायाम, योग आदि सुविधाको आवश्यकता पर्दछ । यी तत्वहरुले कस्तो युवा निर्माण गर्ने भन्ने कुरा निर्धारण गरेको हुन्छ । खेलकुद र मनोरञ्जन मानिसको लागि नभइ नहुने कार्यहरु हुन् । सकरात्मक सोच, जोस, जाँगर, हौसला आदि निर्माण खेलकुद तथा मनोरञ्जनको माध्यमवाट विकास गर्न सकिन्छ । यसको साथै हुर्केको वातावरण, प्राप्त गरेको शिक्षा दिक्षा, संस्कारले समेत व्यक्तिको सोचाइमा असर पारेको हुन्छ । नगरपालिकाको विकासको लागि यो उमेर समुह ज्यादै उर्वरा उमेर समुह हो । यो समुहका युवाहरु विद्यालय तथा कलेज स्तरामा अध्ययन गर्ने, स्वदेश तथा विदेशमा काम गर्ने , राजनीति तथा समाजसेवा गर्ने गरेका हुन्छन् । यो समुहका नागरीकहरु आफ्नै नगर तथा वस्तीमा रहने तथा देशमा रहेर सेवा गरे मात्र विकास हुन्छ । यस नगरपालिकामा खेलकुद विकासको लागि सामान्य रुपमा १३ वटा खेल मैदानहरु रहेकाछन् । मनोरञ्जनका लागि स्थानीय चाडपर्वहरु नै मुख्य रहेकाछन् ।

### ४.५.२ समस्या तथा चुनौती

युवाहरुमा पूर्ण रोजगार नहुनु, विदेशिनु, उचित शिक्षा प्राप्त गर्ने अवसर प्राप्त नहुनु, बीचैमा पढ्न छोड्नु, सिपयूक्त तालिम प्राप्त युवाको कमि, युवाहरुमा अनुभव र आत्म विश्वासको कमि हुनु, कुलतमा फस्नु, अर्काको लहै लहैमा लाग्ने प्रवृतिको विकास हुनु, गरीवीको कुचक्रमा फस्नु, युवाहरुको क्षमता अभिवृद्धि कार्यक्रम आवश्यकता अनुसार दिन नसक्नु, युवा विकास सम्वन्धीस्पष्ट नीति नहुनु, उद्यमी विकासका लागि लगानी गर्ने पूजी नहुनु आदि समस्याहरु रहेका छन् । नगरपालिकामाखेलकुदको लागि कभर्ड हलको व्यवस्था नहुनु, जेष्ठ नागरीकको लागि र युवाहरुको लागि मनोरञ्जनका साधन तथा व्यवस्था नहुनु आदि रहेकाछन् ।

**४.५.३.दीर्घकालिन सोच : " युवाहरुको पौरख नगरपालिकाको समृद्धि"**

**४.५.४.उद्धेश्य :** १.युवा जनशक्तिलाई उद्यमशिल, रोजगारीको माध्यमवाट आर्थिक समृद्धि प्राप्त गर्ने ।

२. खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरी शारीरिक, मानसिकरुपले सक्षम नागरिकको निर्माण गर्ने ।

### ४.५.५.रणनीति तथा कार्यनीति

**तालिका न : ५६ रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.युवा जनशक्तिलाई उद्यमशिल, रोजगारीको माध्यमवाट आर्थिक समृद्धि प्राप्त गर्ने । | |
| १.१ परिवर्तनका मुख्य वाहकको रुपमा युवाहरुलाई परिचालन गर्ने । | १.समाजमा हुने विकृति, विसंगति, अन्धविश्वास हटाउनको लागि प्रचार प्रसार गरिने छ ।<br>२. युवाहरुको क्षमताको विकास गर्नको लागि विभिन्न किसिमका उद्यम विकास सम्वन्धी तालिमको लागि निजी क्षेत्रसंग समन्वय गरिने छ ।<br>३.नगरपालिकाको विकास कार्यहरुमा युवाहरुलाई संलग्न गरिने छ ।<br>४.युवा उद्यम विकासको लागि आवश्यक लगानीको रकमको व्यवस्था गरिने छ । |
| १.२ युवाको विकासमा जोड दिने नीति अवलम्वन गर्ने । | ५.सवै राजनैतिक तथा सामाजिक संस्थाको नेतृत्वमा रहेका युवाहरुलाई उद्यमशिलता अनिवार्य गर्ने नीति अवलम्वन गरिने छ ।<br>६.युवाहरुलाई कृषि, पशुपालन, सरसफाई विपद् व्यवस्थापन गर्न, वातावरण संरक्षण गर्न, मानवअधिकारको संरक्षण गर्न, समाज सुधार गर्न, संस्कृति परम्परा जोगाउन नेतृत्वदायी भूमिका निभाउने वातावरण सृजना गरिने छ ।<br>७.युवाहरुको शारीरिक मानसिक विकासको लागि विभिन्न क्षेत्रमा लगानी गरिने छ । |
| २. खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरी शारीरिक,मानसिकरुपले सक्षम नागरिकको निर्माण गर्ने । | |
| २.१ सवैको स्वास्थ्यको लागि खेलकुद र मनोरञ्जन भन्ने नीतिलाई कार्यान्वयन गर्ने । | ८.प्रत्येक वडामा १/१ वटा सुविधा सम्पन्न खेल मैदान तथा मनोरञ्जन स्थल, पार्क निर्माण गर्न पहल गरिने छ ।<br>९. स्थानीय कल्वहरुको क्षमता अभिवृद्धि गर्नको लागि नगरपालिकाले लगानी गर्ने र कल्वसंग समन्वय गरेर प्रत्येक वडामा खेलको आयोजना गरिने छ ।<br>१०. नगरपालिकामा १ सुविधा सम्पन्न खेलकुद मैदानको निर्माण गरिने छ । |

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहायअनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ५७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| अन्तराष्ट्रिय खेलाडीको सङ्ख्या | संख्या | ०१ | ०१ | ०१ | ०२ | ०२ |
| राष्ट्रिय खेलाडीको सङ्ख्या | संख्या | ०५ | ०५ | ०६ | ०६ | १० |
| नगरस्तरीय वार्षिक नियमित खेलकुद प्रतियोगिता | संख्या | ०१ | ०१ | ०१ | ०१ | ०१ |
| सक्रिय युवा परिषद् तथा युवा सञ्जाल | संख्या | ०० | ०० | १० | १० | १० |
| नगरस्तरीय खेलकुद मैदान | संख्या | ०३ | ०३ | ०७ | ०७ | ०७ |

### ४.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ५८ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | १९४३.१ | | | | | | | |
| २०८१/०८२ | १९४३.१ | | | | | | | |
| २०८२/०८३ | १९४३.१ | | | | | | | |

### ४.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ५९ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (सुरु र समाप्ति)** | **कुल लागत (रु. हजार)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|
| युवा सिर्जनशिलता विकास कार्यक्रम | युवाहरूमा सीप, दक्षता अभिवृद्धि गन | **सालबसाली** | | कम्तीमा १००० युवाहरू प्रत्यक्ष लाभान्वित भएका हुने |
| खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | **सालबसाली** | **५८२९.३** | कम्तीमा ५०० खेलाडीहरू प्रतियोगितामूलक खेलकुदमा सहभागी भएका हुने |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

### ४.५ सामाजिक सुरक्षा तथा पञ्जीकरण

**४.५.१ पृष्ठभूमि :** नेपालको संविधानले सबै नागरिकको गुणस्तरीय जीवन सुनिश्चिताका लागि राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्बन गर्नु पर्ने कुरालाई आत्मसात् गरेको छ । यस नगरपालिकामा सामाजिक सुरक्षाको मुख्य कार्यक्रम जेष्ठ नागरिक, बिधवा, अपागङ्ता भएका व्यक्ति, लोपोउन्मुख जाति र दलित बालबालिकाका लागि सङ्घीय सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता रहेको छ । नगरपालिका प्रशासन शाखाको २०८० अनुसार यहाँ १७१५ जेष्ठ नागरिक २२८ जेष्ठ एकल महिला ४०२ विधवा ४९९जना दलित वालवालिका सामाजिक सुरक्षाको कार्यक्रमबाट लाभान्वित भइरहेका छन् । यस क्षेत्रका पञ्जीकरण शाखामार्फत् व्यक्तिगत घटना दर्ता कार्यक्रम नियमित रुपमा सञ्चालन भइरहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

आर्थिक सामाजिक रूपले पछाडि परेको समुदाय, दलित, अपाङ्ग, वृद्धवृद्धा, अशक्त लगायतको समुदायलाई सहयोग गरी सामाजिक सुरक्षाको अनुभूति गराउने दिशामा नगरपालिकाले उल्लेख्य काम गर्नुपर्ने आवश्यकता कायमै रहेको छ । साथै, सामाजिक सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको पूर्व अनुमान गर्न आवश्यक सूचनाको कमी रहेको छ । सङ्घीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम बाहेक अन्य स्थानीय स्रोतको कमीको कारण आवश्यक मात्रामा सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको अवस्था छ । सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आवद्ध गर्नु र वास्तविक बञ्चितीकरण तथा जोखिममा रहेको वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा सहज पहुँच स्थापित गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ । यस क्षेत्रमा समयमै व्यक्तिगत घटना दर्ता गर्ने अभ्यासमा कमी रहेको छ ।

### ४.५.३ सोच "सबै नागरिकमा सामाजिक सुरक्षाको अनुभूति भएको नगरपालिका"

**४.५.४ उद्देश्य** १. सशक्त सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने ।

२.जोखिमा रहेका सबै समुदाय र वर्गलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने ।

### ४.५.५ रणनीति

१.सामाजिक सुरक्षा प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा अध्ययन गर्ने ।

२. व्यक्तिगत घटनालाई यथासमयमै दर्ताको परिपाटी निर्माण गर्न सचेतना तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी गराउने ।

३.सहयोग र संरक्षणका माध्यमबाट आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने ।

४.सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी गराउने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहायअनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ६० नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध जनसंख्या | संख्या | ३३७७ | ३३७७ | ३४०० | ३४५० | ३५०० |
| समाजिक सुरक्षा क्षेत्रको बजेट | हजारमा | ४५४९८९.३ | ४५४९८९.३ | ४५५६००.०० | ४६२३००.०० | ४६९०००.०० |
| घटना दर्ता जन्म | संख्या | २१३४ | २१३४ | २२०० | २३०० | २४०० |

### ४.५.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

## तालिका न. : ६१ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | १५१६६६.१ | १५१६६६.१ | ०० | ०० | ०० | १५१६६६.१ | ०० | ०० |
| २०८१/०८२ | १५१६६६.१ | १५१६६६.१ | ०० | ०० | ०० | १५१६६६.१ | ०० | ०० |
| २०८२/०८३ | १५१६६६.१ | १५१६६६.१ | ०० | ०० | ०० | १५१६६६.१ | ०० | ०० |

### ४.५.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

## तालिका न. : ६२ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

| **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (सुरु र समाप्ति)** | **कुल लागत (रु. हजार)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा भत्तालाई नियमित, निरन्तर र विश्वासिलो बनाउनु | **सालबसाली** | १५१६६६.१ | वृद्ध, वृद्धा, अशक्त, दलित समुदायमा सामाजिक सुरक्षाको भावना जागृत भएको हुन । |
| पञ्जीकरण कार्यक्रम | घटना दर्तालाई नियमित, निरन्तर र विश्वासिलो बनाउने । | **सालबसाली** | **नियमित कार्यक्रम** | घटनादर्ताको प्रभावकारीता र विश्वसनीयता वृद्धि भएको हुने |

**४.५.९ जोखिम पक्ष तथा अनुमान :** सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यक्रमका लागि सङ्घबाट प्राप्त हुने बजेटको व्यवस्था नियमित भए यसले समुदायमा सामाजिक सुरक्षाको भावना जागृत भएको हुनेछ अन्यथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद : ५ पूर्वाधार क्षेत्र

**५. पृष्ठभूमि :** विद्युत सुविधा मानवजीवनको आधुनिकरणसंग जोडिएको छ । विद्युतलाई उज्यालो दिन, खाना पकाउन, इन्धनका रुपमा प्रयोग गर्न तथा कोठा तताउने र विद्युतीय सामाग्रीको लागि उर्जाको रुपमा प्रयोग गरीएको छ । यस नगरपालिकामा १ भेरी नदी र ४० भन्दा धेरै खोलाहरु भएपनि चिङ्गाडले विद्युतको सम्भावना बोकेकाछ । भेरी कोरिडोरको रुपमाशहर विकास गर्ने योजना छ । यो नगरपालिकाको वडा नम्बर २ र ५बाहेकका सबै वडाहरुलाई यस कोरिडोरले छोएको देखिन्छ ।

## ५.१. सडक, पुल तथा यातायात

**५.१.१ पृष्ठभूमि :** लेकवेशी नेपालका राम्रा शहरी विकास गुरुयोजना भएका शहरहरूमध्येको एक नगरपालिका हुनेछ । शैक्षिक, प्रशासनिक, व्यावसायिक केन्द्र हुने सम्भाबना भएको नाताले यहाँ शहरीकरण तीव्र बढने छ । साविकका पाँच गाविसहरु मिलि बनेको यस नगरपालिका केहि बस्तीहरुमा मोटर बाटोले अझैपनि छुन सकेको छैन् । धुलियाबिट हुँदै भेडावारी सम्मजाने सडक यस नगरपालिका भएर जाने गर्दछ । यो बाहेक ग्राभेल सडक ५७ कि.मि.कच्ची सडक १११.५ कि.मि. र मुलबाटो २०० कि.मि. संचालनमा छ ।

## ५.१.२ समस्या तथा चुनौतीहरु

**प्रमुख समस्याहरु :** लेकवेशी नगरपालिकाका वस्तीहरुमा विद्युत विस्तार तथा प्रयोगमा नियमितता नहुनु, काठका विद्युत पोलहरु जिर्ण तथा कुहेका हुनु, तार, ट्रन्सफर्मर व्यवस्थित नहुनु, विद्युत महशुल तिर्न कठिनाई, नियमित मर्मत सम्भव नहुनु, वैकल्पिक उर्जाको प्रयोगमा कमि, अनुगमन नियमित नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु यस क्षेत्रको समस्याहरु हुन । स्थानीय स्तरमा नै विद्युत उत्पादन गर्न पहल नगरीनु आदि समस्या विद्युत क्षेत्रमा देखिएको छ । यहाँ खोलानालाहरु भएपनि आफ्नै विद्युतगृह छैन । यसको लागि राम्रो उपकरणको व्यवस्था गर्ने, वैकल्पिक उर्जा (गोवर ग्यास, सौर्य उर्जा तथा जलविद्युतको विस्तार गर्ने, स्टिलका पोलहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**चुनौतीहरु :** यस नगरपालिकका ११ वटै वडामा वाह्रैमास यातायात सञ्चालन गर्ने गरी नगरपालिकावाट वडा कार्यालय जोड्ने सडकहरु र जिल्ला सदरमुकाम जोड्ने धुलीयविट भेडावारी सडक कालो पत्रे गर्न आवश्यक पर्ने लगानी रकम जुटाउन, अति जरुरी स्थानहरुमा पक्की पुल तथा कज्वे, कल्वर्ट निर्माण गर्न वजेटको व्यवस्थापन गर्न, आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्न, थोरै लगानीमा गुणस्तरीय सडक निर्माण गर्ने प्रविधिको पहिचान गर्न, नगरपालिकाले वजेट निश्चित क्षेत्रमा मात्र खर्च गर्न सक्ने वनाउन, निर्माण गरिएका संरचनाहरुको नियमित मर्मत गर्न, पर्यटकीय पदमार्गको पहिचान गरी निर्माणको लागि श्रोत जुटाउन, निर्माण गरिएका पूर्वाधारहरु र आर्थिक उपार्जन संग समन्वय गर्न, वाह्रैमास सवै वस्तीहरुमा सार्वजनिक वस सेवा सञ्चालन गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** यस नगरपालिकावाट सुर्खेत सदरमुकाम बजार सडक जोडिएको अवस्थामा रहनु,धुलीयाविट भेडाबारी सडकको स्तर उन्नति र कालोपत्रे हुन थाल्नु ,नगरपालिकाको सवै वडामा सडक सञ्जाल जोडिनु, संघ, प्रदेश तथा नगरपालिकाले पूर्वाधार निर्माण गर्नको लागि प्राथमिकता दिनु, नगरपालिकाले

सडक गुरु योजना निर्माण गर्ने योजना बनाउनु, उपभोक्तहरु पूर्वाधार निर्माण गुणस्तर प्रति वढि सजग रहनु, नगरपालिकाको संगठनात्मक क्षमतामा वृद्धि हुदै जानु, संघ, प्रदेश तथा नगरबीच समन्वय हुनु, सबै राजनैतिक दलहरु विकास प्रति एकवद्धता जनाउनु, नगरपालिकामा निर्माणको लागि आवश्यक कच्चा पर्दाथ उपलव्ध हुनु, निर्माण कम्पनी तथा संस्थाहरुको क्षमता वृद्धि हुदै जानुलाई अवसरका रुपमा लिन सकिन्छ ।

**५.१.३ दीर्घकालिन सोच : "समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"**

**५.१.४.लक्ष्य :** नगरपालिकाको सडक गुरुयोजना अनुसार सडकको क्षेत्राधिकार तोकेर हरियाली प्रबर्द्धन गर्ने । भरपर्दो र गुणस्तरीय जलविद्युत सेवाको विस्तार गरी जनता र क्षेत्रको सहजपहुँच सुनिश्चितवाट नगरवासीको जीवनस्तरमा सुधार गर्ने ।

**उद्धेश्यहरु :** १.नगरपालिकाको सडक गुरुयोजना अनुसार सडकको क्षेत्राधिकार तोकेर हरियाली प्रबर्द्धन गर्ने ।

२.मापदण्डविपरित नयाँ सडक खन्ने कार्यबन्द गर्ने ।

## ५.१.५ रणनीति

तालिका न. : ६३ रणनीति तथा कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन भई जनताको आर्थिक स्थितिमा व्यापक सकरात्मक परिवर्तन गर्ने । | |
| १.१ जिल्ला सदरमुकाम जोड्ने सडक र नगर सदरमुकाम जोड्ने सडकलाई प्राथमिकता दिई स्तर उन्नति गर्ने । | १. सामरिक सडकहरु सदरमुकाम जोड्ने र अन्यपालिका जोड्ने सडक र वडा कार्यालय जोड्ने सडकलाई पहिलो प्राथमिकता दिई कालो पत्रे सडक निर्माण कार्य गरिने छ ।<br>२. अन्य सडक निर्माण गर्दा आर्थिक प्रतिफल वढि हुने सडकलाई निर्माण गरिने छ । |
| १.२ सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन गर्ने । | ३. नगरपालिका कार्यालयवाट सवै वडा कार्यालयसम्म कालोपत्रे सडक निर्माण गरिने छ ।<br>४. मुख्य वस्तीहरुमा सडक सुविधा पुऱ्याउने गरी सडक निर्माण कार्य गरिने छ ।<br>५. सडक तथा पुलको नियमित मर्मत गरिने छ ।<br>६. सडक निर्माणमा निजीक्षेत्रलाई समेत सहभागिता गराउने नीति अवलम्वन गरिने छ । |
| २. नगरपालिकाका मुख्य सडकहरुमा आवश्यक पुल,कल्भर्ट र अन्य पूर्वाधार निर्माण भई सार्वजनीक यातायातमा सहज पहुच पुगेको हुनेछ । | |
| २.१ नगरपालिकाले तयार पार्ने सडक गुरुयोजना अनुसार सडक तथा पूल निर्माण कार्य गर्ने । | ७. प्रत्येक मुख्य वस्तिवाट २० मिनेटको पैदल हिडाईमा मोटरेवल सडकमा पुग्ने व्यवस्था गरिने छ ।<br>८. सडक निर्माण गर्दा कुल वजेटको १० प्रतिशत रकम सडक प्लस कार्यक्रमलाई वजेट छुट्याउने र सो रकम सडक निर्माण गर्दा भत्केका तथा पुरिएका संरचना निर्माण तथा पहिरो व्यवस्थापन र वृक्षारोपण, अम्रिसो रोपण कार्यमा खर्च गरिने छ ।<br>९. सडक पुगेका वस्तीमा नियमित सार्वजनिक यातायात व्यवस्था |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | मिलाइने । मोटरेवल पुलनिर्माण भएका स्थानका झोलङ्गे पुलहरु विस्तापित गरी अन्यत्र आवश्यक स्थानमा निर्माण तथा स्थानान्तरण गरिने छ । |
| २.२ वस्तीहरुमा पर्यटक क्षेत्रको विकासको लागि यातायात सहजता लगायतका पूर्वाधार निर्माण गर्न जोड दिने । | १०. पर्यटकीय क्षेत्रहरु तथा वस्तीहरुमाा सहज पहुँचको लागि पर्यटकीय पद मार्ग निर्माण गरिने छ ।<br>११. मुख्य–मुख्य पर्यटकीय स्थलमा पुग्ने पदमार्ग निर्माण गरिने छ ।<br>१२.नगरका महत्वपूर्ण सडकका रुखहरूलाई छटान तथा सजावटका कार्य गर्दै सडक सौन्दर्य प्रवद्धन गरिने छ ।<br>१३.सडक बत्ति लगायत शहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरी, टोल विकास संस्था र निजी क्षेत्रसँग सहकार्य गरिने छ । |

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहायअनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ६४ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्म को उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| कालोपत्रे सडक निर्माण | कि.मि. | १.३ | १.३ | २ | ४ | ६ |
| ग्राभेल सडक निर्माण | कि.मि. | ५७ | ५७ | ६० | ६२ | ६३ |
| पक्की नाला निर्माण | कि.मि. | – | – | ५ | १० | १५ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसङ्ख्या | प्रतिसत | ५० | ५० | ५० | ५० | ५० |
| कुल सडक लम्बाइ | कि.मि. | १७० | १७० | १७७ | १८४ | २०५ |
| सडक घनत्व (किमि प्रति वर्गकिमि) | कि.मि. | १८६ | १८६ | १७९ | १७२ | १५४ |
| घरैसम्म कालोपत्रे सडक पुगेका घर परिवार | प्रतिसत | १.३४ | १.३४ | २ | २० | २५ |

### ५.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका न. : ६५ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | २६४१७८.८ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१/०८२ | २६४१७८.८ | | | | | | | |
| २०८२/०८३ | २६४१७८.८ | | | | | | | |

## ५.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका न. : ६६ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सडक मर्मत कार्यक्रम (सडक बोर्ड) | विद्यमान सडकको मर्मत सम्भार गर्नु | **सालबसाली** | २६४१७८.८ | वार्षिक ७ देखि १० किमी सडक मर्मत भएको हुने |
| सडक तथा पुल निर्माण तथा मर्मत सालबसाली कार्यक्रम | नयाँ सडक सञ्जाल विस्तार गर्नु तथा आवश्यकताअनुसार पुल, कल्भर्ट निर्माण गर्नु | **सालबसाली** | २६४१७८.८ | वार्षिक औसत १० किमि सडक मर्मत भएको हुने वार्षिक औसत १० किमि सडक निर्माण भएको हुने । |
| ढल मर्मत तथा कल्भर्ट निर्माण कार्यक्रम | आवश्यकताअनुसार ढल तथा कल्भर्ट निर्माण गर्नु | **सालबसाली** | २६४१७८.८ | वार्षिक औसत ५ किमि कल्भर्ट निर्माण भएको हुने । |

## ५.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिकाका प्राथमिकताप्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयनमा सङ्घीय तथा प्रदेश सरकारको सहकार्य हुनेछ । नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ५.२ आवास, भवन तथा शहरी विकास

**५.२.१ पृष्ठभूमि :** मानवको लागि सुरक्षित आवास अति जरुरी रहेको हुन्छ । मानव, आवास, वस्ति विकास, वजार र शहरीकरण बीच घनिष्ठ सम्वन्ध रहेको हुन्छ । मानिसले आफ्नो आम्दानीको ठूलो हिस्सा आफ्नो आवास निर्माण तथा व्यवस्थापन गर्नको लागि लगानी गरेको हुन्छ । वस्ती विकास गर्न, वस्तीका आवश्यक पूर्वाधार निर्माण गर्नको लागि सरकार तथा स्थानीय तहहरुवाट आवश्यक नीतिगत, कानूनी, प्रक्रियागत तथा लगानी व्यवस्था मिलाउनु पर्छ । यस नगरपालिकामा वस्तीहरु छरिएर रहेका छन् । यहाँ १० वटा वडाका ४५ वटा मुख्य वस्तीहरु छन् ।

यहाँ ग्रामीण वस्तीहरुमा रहेका घरहरु खर तथा स्याउला, ढुंङ्गा तथा जस्ताले छाएका र वजारका भवनहरु पक्कि ढलान तथा जस्ताद्धारा निर्माण गरीएका छन् । वि.स. २०७२ को भुकम्पपछिको पुर्ननिर्माणमा अधिकाँश घर पक्की निर्माण गरेको देखिन्छ । यो तथ्याङकमा नगरपालिकाले खरको छानो उन्मुलन अभियान अर्न्तगत खरको छानोमुनि बसोबास रहेका सबै घर परिवारहरुलाई जस्ता पाता वितरण गरीसकेको हुँदा खरको छानोको विवरण शुन्य देखिन्छ ।यहाका स्थायीपरिवार आफ्नै घरमा वस्छन् भने अस्थायी परिवारहरु भाडामा वस्ने गरेका छन् । नगरपालिकाले घर निर्माणको लागि तथा मुख्य सडक हरुको मापदण्ड तयार गर्ने योजना छ ।

यस नगरपालिकामा मुख्य वजार क्षेत्रको व्यवस्थित वजारीकरण गर्नका लागि नगरपालिकाले पूर्वाधार निर्माण गर्ने प्रयास गरेको छ । ग्रामीण क्षेत्रमा पनि वस्तिहरु एकीकृत गरी सेवा सुविधाहरु पुऱ्याउनु आजको आवश्यकता भएको

छ । नगरपालिकाले विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु निर्माण गरीरहेको छ । भवन मापदण्ड तथा सडक मापदण्ड तय गरी कार्यान्वयनमा ल्याएको छ । सार्वजनिक भवनको स्थिति हेर्दा यस नगरपालिकामा सेवा केन्द्र रहेका स्थानमा कृषि, पशु विकास, स्वास्थ्य लगायतका सेवा कार्यालयका भवनहरु निर्माण गरीएको छ । तत्कालिन गाविस भवनहरुमा अहिले वडा कार्यालयहरु सञ्चालनमा रहेका छन् ।

यहाँका वस्ती तथा वजारहरुमा विद्युत, खानेपानी, कच्ची सडक निर्माण गरिएको छ । सवै वस्तीहरुमा वाइफाइ, इन्टरनेट सेवा पुँर्याउन सकिएको छैन । यहाँका दलित वस्तीहरुको स्थिति नाजुक रहेको छ । अति गरीव परिवारलाई आफ्नो कमाईले ३ महिनामात्र खान पुग्छ ता पनि घर बनाएका छन तथा दलित वस्तीहरुका घरहरुको सुरक्षित स्थानमा सुरक्षित घर निर्माण गर्न जरुरी रहेको छ । यहाँका वस्तीहरु पनि व्यवस्थित रुपमा वसाउनको लागि वस्ती विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने जरुरी रहेको छ ।

## ६.२.२ प्रमुख समस्या, चुनौति र अबसरहरु :

**समस्या** : यस नगरपालिकाका वस्तीहरु छरिएर रहनु, घरहरु अधिकांश ढुङ्गा माटाको गाह्रो वनाएर निर्माण गर्नु, कच्चि छाना हुनु, प्रयाप्त भवनहरु नहुनु, भुकम्प प्रतिरोधी नहुनु, अपाङ्ग र बालमैत्री नहुन, बालबालीकालाई सेवा लिन समस्या, परम्परागत घर र भवन हुनु, भवन मापदण्ड अनुसार भवन निर्माण नहुनु, वजार व्यवस्थित नहुनु, वजारको पूर्वाधार निर्माण नहुनु, जग्गाको वर्गिकरण नहुनु आदि समस्याहरु रहेका छन् ।

**चुनौती** : यस नगरपालिकाका मुख्य मुख्य स्थानहरुमा व्यवस्थित वजारको विकास गर्न, छरिएर रहेको ग्रामीण वस्तीहरुलाई एकीकृत वस्तीमा परिणत गर्न, वस्तीहरुमा सेवा, सुविधा पुर्याउन, अति गरीवीको स्थितिमा रहेका परिवारको उत्थान गर्न, घरहरुको खरको छाना स्तरोन्नती गरी जस्ता वा पक्कि निर्माण गर्न, आफनो घर नभएका परिवारको लागि घरको व्यवस्था गर्ने कार्य चुनौतीपुर्ण देखिन्छ यस्तै गरी हाल वजारको रुपमा विकास हुन थालेका वजार क्षेत्रमा पक्की सडक, ढल, खानेपानी, सरसफाई व्यवस्थापन, वस्ती तथा शहरको गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउन, मापदण्ड अनुसार भवन निर्माण गर्ने वा गराउने, दक्ष जनशक्तिको प्रयोग, गुणस्तरीय सामाग्रीको प्रयोग, भवन तथा वस्ति सम्वन्धी आचार संहिताको निर्माण तथा पालन गराउने, छरिएर रहेको वस्ति एकीकृत गर्ने तथा नयाँ एकीकृत वस्तिको विकास गर्ने, वजारको योजनावद्ध विकास गर्न, वजारमा आर्थिक क्रियाकलापको विकास गर्न चुनौती रहेको छ ।

**अवसरहरु** : यस नगरपालिकामा विभिन्न वजार क्षेत्रको रुपमा विकास भई रहेका छन् । जनताको आर्थिक स्थितिमा सुधार हुनु, नगर वस्तीहरुमा सडक सन्जाल वढ्नु, वस्तीहरुमा सेवा सुविधाहरुमा वृद्धि गरिनु, नगरपालिका, प्रदेश तथा संघ सरकारले शहरी विकास तथा एकीकृत वस्ती विकासमा प्राथमिकता दिनु र भवन निर्माण सम्वन्धी मापदण्ड तयार गर्नु आदि अवसरहरु हुन् ।

## ५.२.३.दीर्घकालिन सोच : दीर्घकालिन सोच : "समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"

**५.२.४.लक्ष्य** : वजार एवं वजारोन्मुख क्षेत्रहरुको भौतिक योजना तयार गरी पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर वजार तथा वस्तिहरु निर्माण गरेर जनताको जीवनस्तरमा सुधार गर्ने ।

**उद्धेश्यहरु १.**व्यवस्थित, सफा, पूर्वाधार तथा सुविधायुक्त ,सुन्दर वजार तथा वस्तिहरुको विकास गर्ने ।

## ५.२.५.रणनीति तथा कार्यनीति

रणनीति कार्यनीति १. व्यवस्थित, सफा, पूर्वाधार तथा सुविधायुक्त, सुन्दर वजार तथा वस्तिहरुको विकास भएको हुनेछ ।

१.१ दिगो र पर्यावरण मैत्री विकास, हरियालीयूक्त वस्ती र सुरक्षित आवास नीति अवलम्वन गरिने छ ।

१. नगरपालिकाका मुख्य मुख्य स्थानहरुमा वजारको व्यवस्थापन गर्ने ।
२. नयाँ वजार क्षेत्र तथा पुराना वजारहरुमा पूर्वाधार निर्माण गर्ने ।
३. भूउपयोग नक्सा तयार गरी सो कार्यान्वयन गरिने छ ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

**तालिका न. : ६७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ५.७० | ५.७० | ६ | ७ | ८ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५.७० | ५.७० | ६ | ७ | ८ |
| घरवाट २० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | १.३ | १.३ | २ | ४ | ६ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |

### ५.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ६८ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | ११८१२०.०० | | ११८१२०.०० | | | ११८१२०.०० | | |
| २०८१/०८२ | ११८१२०.०० | | ११८१२०.०० | | | ११८१२०.०० | | |
| २०८२/०८३ | ११८१२०.०० | | ११८१२०.०० | | | ११८१२०.०० | | |

### ५.२.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

### तालिका न. : ६९ विषय कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| नगरपालिकाको प्रशासकीय भवन निर्माण | शहरी शासन, सेवा प्रवाह र विकास कार्यलाई सहज र सुव्यस्थित बनाउनु | २०८०/०८१-२०८२/०८३ | १२००००.०० | प्रशासनमा सहजता वातावरण तथा सेवा प्रवाहमा सुधार भएको हुने |
| अतिथि तथा कर्मचारी गृह निर्माण, | अतिथि तथा कर्मचारीहरूलाई सुलभ दरमा बस्ने व्यवस्था उपलब्ध गराउने | २०८१/०८२-२०८२/०८३ | ३००००.० | दैनिक २० जनाले आबस सेवा सुविधा प्राप्त गर्ने । |
| वडा कार्यालय भवन निर्माण क्षमता कार्यक्रम | वडा न.९ र ६ | २०८०/०८१-२०८२/०८३ | ५३१६.०० | हल सहित ५/५ कोठाको वडा कार्यालय तयार हुने । |
| Landfillside को निर्माण अध्ययन | फोहमैला ब्यबस्थापन गर्ने | २०८१/०८२ | १२००.०० | वतावरणीय ब्यबस्थापन भएको हुनेछ । |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ । भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैला विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ ।

## ५.३ जलस्रोत, विद्युत् तथा ऊर्जा

**५.३.१ पृष्ठभूमि :** लेकवेशी नगरपालिकाको क्षेत्राधिकारमा पर्ने भेरी नदी ,चिङ्गाड र झुप्राखोला लगाएतबाट सम्भावना भएर पनि प्रयोगमा ल्याउन सकिएको छैन । यस नगरपालिका अर्न्तगतका सबै वडाहरुमा बिद्युत सेवा नपुगेता पनि यस क्षेत्रमा सौर्यउर्जा मार्फत नगरवासीले दैनिकी उर्जाको काम चलाईरहेका छन् । यद्यपि बिद्युत लाइन पुगेका वडाका सबै घरधुरहिरुले बिद्युत सेवा प्रयोग नगरेको पाइन्छ । नगरपालिकाको कुनै क्षेत्रमा स्थानियले बिद्युत तथा सौर्य उर्जाको आयोजनाहरु संचलन गरेका छैनन् ।

### ५.३.२ समस्या तथा चुनौती

बढ्दो शहरीकरणका कारण नदी किनारका जग्गामा अतिक्रमण बढ्दै गएको छ । जलवायुजन्य विषमताहरू बढ्दै गएका छन् । विद्युत् आपूर्ति अत्यन्त अनियमित हुँदा दैनिक जनजीवन र उद्योग व्यवसाय नराम्रोसँग प्रभावित हुँदै आएका छन् । ग्रामीण क्षेत्रहरूमा उज्यालोका लागि मट्टितेल बाल्ने प्रचलन कायमै रहेको छ । जलविद्युत् तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धिको आवश्यकता छ ।

### ५.३.३ सोच " "समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"

**५.३.४ उद्देश्य :** १. जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम् उपलब्ध ऊर्जाको उत्पादनशील कार्यमा वृद्धि गर्ने ।

२. विद्युत् खपत बढाउने र जीवाश्म इन्धनमाथिको निर्भरता न्यून गर्नु ।

**५.३.५ रणनीति**

१.जलस्रोतका मुहान तथा जलाधार क्षेत्र संरक्षण र संवर्द्धनमा समुदायको क्षमता विकास र परिचालन गर्ने ।

२.जलस्रोत र जलाधारहरूको समुचित विकासमा निजी क्षेत्र र समुदायसँग अर्थपूर्ण साझेदारी गर्ने ।

३.जलस्रोत व्यवस्थापन, जलविद्युत् तथा वैकल्पिक ऊर्जा उत्पादन बढाउन संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।

**५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहाय अनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ :

**तालिका न. : ७० नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८० /०८१ | २०८१/ ०८२ | २०८२ /०८३ |
| दैनिक रुपमा बत्ती बाल्न बिजुली प्रयोग गर्ने घर परिवार | प्रतिशत | ८२.४८ | ८२.४८ | ८५ | ८८ | ९० |
| विद्युत्बाट चल्ने सवारी साधन | प्रतिशत | ०० | ०० | ०० | ०० | ०५ |
| खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ८८.०३ | ८८.०३ | ८० | ७० | ६० |
| खाना पकाउन बायोग्याँस प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १०.८९ | १०.८९ | १०.८९ | १०.८९ | १०.८९ |
| खाना पकाउन गोवरग्याँस प्रयोग गर्ने घरपरिवार | ०.९७ | ०.९७ | १ | २ | ४ | ५ |
| दैनिक रुपमा सोलर बत्ती बाल्ने घरपरिवार | १४.६७ | १४.६७ | १४.६७ | १४.६७ | १४.६७ | १४.६७ |

**५.३.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको खाकाको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

**तालिका न. : ७१ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | २५००.०० | | २५००.०० | | | २५००.०० | | |
| २०८१/०८२ | २५००.०० | | २५००.०० | | | २५००.०० | | |
| २०८२/०८३ | २५००.०० | | २५००.०० | | | २५००.०० | | |

### ५.३.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ७२ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| विद्युतीय गाडी चार्जिङ स्टेशन निर्माण आयोजना | प्रदूषण न्यूनीकरण गर्नु र नविकरणीय उर्जा खपतमा वृद्धि गर्नु | लगातार | १२५०.०० | दैनिक औसत २५ वटा विद्युतीय सवारी साधनहरू चार्ज गर्ने सुविधा हुन । |
| विधुतिय सुधारिएको चुलो गोटा | ऊर्जाको खपत र वनपैदावार संरक्षण गर्नु | सालाबसाली | २८५०.०० | द्याउरा ऊर्जाको खपत न्यून भएको हुने |
| सडक बत्ती (सौर्य ऊर्जा र हाइमास्ट) तथा अन्य नियमित कार्यक्रम | नगरका मुख्य चोक तथा गल्लीमा रात्रीकालीन उज्यालो प्रदान गरी सुरक्षा अभिवृद्धि गर्नु | सालाबसाली | १२५०.०० | नगरका मुख्य सडक एवम् गल्लीहरूमा रात्रीकालीन उज्यालो उपलब्ध भएको हुने |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

**५.४.१ पृष्ठभूमि :** नेपालको संविधानको प्रस्तावनामैपूर्ण प्रेस स्वतन्त्रतको ग्यारेण्टी गरीएको छ । संविधानको धारा १९ ले नागरीकको सञ्चारको हक र धारा २७ ले सुचनाको हकलाई स्पष्ट रुपले व्याख्या गरेको छ । संविधान र त्यसका आधारमा तर्जुमा गरीएका ऐन, नियम,निर्देशिका तथा कानुनहरुले स्थानीय सरकारले सूचना र सञ्चारका क्षेत्रहरुमा गर्ने कार्यहरु उल्लेख गरेको छ । नगरपालिकाको विकासको लागि सञ्चार तथा सूचना पूर्वाधारको ज्यादै महत्व रहेको छ । पहिलो विश्वले हाँसिल गरेको विकासको उपलब्धी तथा अनुभव प्राप्त गर्दै सिक्ने माध्यम नै सूचना र प्रविधि हो । विकासका कार्यहरु जनतालाई जानकारी दिनु र पछाडिएका क्षेत्रका वासिन्दाको जीवनस्तर उकास्न पनि यसको आवश्यक पर्दछ । सञ्चार र सूचना प्रविधिको माध्यम हुलाक सेवा, दुरसञ्चार, मोवाइल, टेलिफोन, इन्टरनेट, रेडियो आदि हुन् । यस नगरपालिकाका जनताको जीवनस्तर उकास्न र पछाडि परेका वर्ग र समुदायको जीवनस्तरलाई माथि लैजाने माध्यम नै सूचना र प्रविधि हुने भएकोले यसको विकास गर्नु आजको आवश्यकता रहेको छ । यस नगरपालिकामा हुलाक सेवा सञ्चालनमा छ । तर यसको विस्तृत योजनाको अभावले उपदेयित समाप्त हुँदै गएको छ । हुलाक भवन पुराना र जिर्ण अवस्थामा रहेका छन् । यहाँ ३१ टेलिफोन लाईन विस्तार भएको छ । सञ्चार सम्पर्कको लागि मोवाइल प्रयोग अत्यधिक रहेको छ । नेपाल टेलिकम तथा एनसेलवाट ५९३२ जनालेघरपरिवारले मोवाइल फोन

प्रयोग गर्दछन् । यस नगरपालिकामा २६३९ परिवारमा रेडियो, २४५० परिवारमा टि.भि., ५३३ पविारले फ्रिज प्रयोग गरीएको छ । वस्तीहरुमाा केवल लाईनवाट टेलिभिजन तथा कम्प्यूटर प्रयोग गरेका छन । यहाँ १३०५ परिवारमा इन्टरनेट सेवा छ भने सवै वस्तीहरुमा इन्टरनेट सेवा उपलव्ध गराउन सकिएको छैन ।

### ६.४.२ प्रमुख समस्यहरु :

यस नगरपालिकामा वडा तथा नगरपालिकास्तरमा पनि हुलाक भवनको जिर्ण अवस्थामा रहनु, नेट वर्कीङको समस्या, सञ्चार र प्रविधिको गलत प्रयोगले विकृती, नगरपालिका क्षेत्र भित्र दुर्वल नेटवर्क, भरपर्दो इन्टरनेट सेवाको अभाव, टेलिफोन लाइन वितरण नहुनु, भएको मोवाइल सेवा तथा इन्टरनेट सेवा प्रभावकारी नहुन, आधुनिक प्रविधि वस्तिस्तर सम्म लैजान कठिन पर्नु, टेलि सेन्टरहरुको व्यवस्था नहुनु आदि समस्याहरु संचार क्षेत्रमा देखिएको छ । विद्यालय स्तरमा सूचना तथा प्रविधिको पढाई नहुनु, आधारभूत तह, मावि तथा उच्चस्तर तहमा पनि कम्प्यूटर नयाँ प्रविधिको अध्ययपन व्यवस्थित रुपवाट नहुनु, प्रशिक्षकको समेत समस्या रहेको छ । मोवाइल, फेसवुकवाट हुने अपराधलाई व्यवस्थापन गर्न समेत समस्या रहेको छ । यहाँवाट एक वटा पनि पत्रपत्रिका प्रकाशन नहुनु, चलचित्र घर पनि नहुनु, वजार तथा नगर वस्तीहरुमा कृषि तथा पशुपन्छीको उत्पादन तथा मूल्य स्थिति जानकारी गर्ने व्यवस्था नहुनु आदि समस्याहरु रहेका छन् ।

### चुनौती तथा अवसरहरु :

**चुनैातीहरु :** यस नगरपालिकामा वडा तथा नगरपालिकास्तरमा पनि हुलाक भवनको जिर्ण अवस्थामा रहनु, नेटवर्कीङको समस्या, सञ्चार र प्रविधिको गलत प्रयोगले विकृती, नगरपालिका क्षेत्र भित्र दुर्वल नेटवर्क, भरपर्दो इन्टरनेट सेवाको अभाव, टेलिफोन लाइन वितरण नहुनु, भएको मोवाइल सेवा तथा इन्टरनेट सेवा प्रभावकारी नहुनु, आधुनिक प्रविधि वस्तिस्तर सम्म लैजान कठिन पर्नु, टेलि सेन्टरहरुको व्यवस्था नहुनु आदि समस्याहरु सञ्चार क्षेत्रमा देखिएको छ । विद्यालय स्तरमा सूचना तथा प्रविधिको पढाई नहुनु, आधारभूत तह, मावि तथा उच्चस्तर तहमा पनि कम्प्यूटर नयाँ प्रविधिको अध्ययपन व्यवस्थित रुपवाट नहुनु, प्रशिक्षकको समेत समस्या रहेको छ । मोवाइल, फेसवुकवाट हुने अपराधलाई व्यवस्थापन गर्न समेत समस्या रहेको छ । यहाँवाट एक वटा पनि पत्रपत्रिका प्रकाशन नहुनु, चलचित्र घर पनि नहुनु, वजार तथा नगर वस्तीहरुमा कृषि तथा पशुपन्छीको उत्पादन तथा मूल्य स्थिति जानकारी गर्ने व्यवस्था नहुनु आदि समस्याहरु रहेका छन् ।

**अवसरहरु :** सूचना र सञ्चार सम्वन्धी जानकारी नगरवस्तीसम्म फैलिनु, विद्यालयस्तर वाटै सूचना प्रविधिलाई विकासको आधारभूत विषयकोरुपमा लिईनु, प्रत्येक घरघरमा मोवाईल, नगरपालिकामा दीर्घकालिन रुपमा आईटि अफिसरको व्यवस्था गरी सवै नगरपालिकाका गतिविधिहरु Web Site मा राखी नगरवासिलाई जानकारी दिनु टेलिभिजन,वाईफाई, इन्टरनेटको प्रयोग दर वढ्नु, नगरपालिकाले वडामा सूचना तथा प्रविधिको प्रयोग वढाउनु, एफ.एम.नगरपालिकामा सवै ठाउँमा सुन्न सक्ने व्यवस्था हुनुआदि यस क्षेत्रका अवसरहरु हुन् ।

### ६.४.३.दीर्घकालिन सोच : "समृद्धको आधार भरपर्दो, मापदण्डसहितको पूर्वाधार"

**लक्ष्य :** सूचना र प्रविधिको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको जीवन स्थितिमा सुधार गर्ने ।

**उद्धेश्य : १.** नगरवासीलाई सहज, सर्वसुलभ रुपमा सूचना प्राप्त हुने अधिकार प्रदान गर्ने ।

२. नगर वस्ती तथा वजारमा टेलिसेन्टरको माध्यमवाट इन्टरनेट सेवा, टेलिफोन सेवामा विस्तार गरी प्रविधियूक्त वस्तिको निर्माण गर्ने ।

## ५.४.४.रणनीति तथा कार्यनीति

तालिका न. : ७३ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| १. नगरवासीलाई सहज, सर्वसुलभ रुपमा सूचना प्राप्त हुने अधिकार गर्ने । | |
| १.१ नगरपालिका सूचना र प्रविधि मैत्री भई सेवा प्रवाहमा सुधार गर्ने । | १. नगरपालिकाका सवै सूचनाहरु Website मा राखी सहज उपलब्ध हुने व्यवस्था मिलाउने व्यवस्था गरिने छ ।<br>२. गोप्य राख्नुपर्ने वाहेकका सूचना तथा जानकारी नागरीकले मागेको वखत उपलब्ध गर्ने कार्यविधि तर्जुमा गरिने छ ।<br>३. सूचना प्रवाहमा नीजिक्षेत्रको सहभागितालाई प्रोत्साहन गरिने छ । |
| १.२ नगरपालिका तथा वडामा आधुनिक प्रविधिको विकास गरी कागज रहित भएको वनाउने प्रयास । | ४. नगरपालिकावाट प्रदान गरीने सेवा प्रवाहको मापदण्ड तयार गरी लागू गरीने छ ।<br>५. नगरपालिकाको लागि संविधान र ऐन कानूनले तोके अनुसार र आवश्यकता अनुसारका सम्पूर्ण कानून, निर्देशिका तयार तथा स्वीकृत गरी लागू गरीने छ ।<br>६. विकासको आधार शुसासन भन्ने नीति अवलम्वन गरीने छ ।<br>७. प्रभावकारी अनुगमन र मुल्यांकनको व्यवस्था गरीने छ । |
| २. नगर वस्ती तथा वजारमा टेलिसेन्टरको माध्यमवाट इन्टरनेट सेवा, टेलिफोन सेवामा विस्तार गरी प्रविधियूक्त वस्तिको निर्माण गरी जीवनस्तरमा सुधार गर्ने । | |
| २.१ प्रत्येक वस्ती तथा टोल टोलमा इन्टरनेट सेवाको पहुँच पुगेको हुनेछ । | ८. प्रत्यक वस्ती तथा टोलमा टेलिसेन्टरहरुको स्थापना र व्यवस्थापन गरिने छ ।<br>९.प्रत्येक वस्तीहरुको सामुदायिक केन्द्रमा फ्री वाईफाई जोनको नीजि क्षेत्रको संलग्नतामा व्यवस्थापन गरिने छ ।<br>१०. सम्पूर्ण लेखा व्यवस्था कम्प्युटराइज गरीने छ । |

## ५.४.५. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहायअनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ७४ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ४.११ | ४.११ | १५ | २० | ४० |
| नगरमा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | २ | २ | ३ | ३ | ३ |
| इन्टरनेट सुविधा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | | | | | | |

## ५.४.६. विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका न. : ७५ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |
| २०८०/०८१ | २२५०.०० | | २२५०.०० | | | २२५०.०० | | |
| २०८१/०८२ | २२५०.०० | | २२५०.०० | | | २२५०.०० | | |
| २०८२/०८३ | २२५०.०० | | २२५०.०० | | | २२५०.०० | | |

## ५.४.७. कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

**तालिका न. : ७६ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| सूचना तथा सञ्चार प्रविधिमैत्री शासन प्रवर्द्धन तथा अन्य कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | लगातार | २२५०.०० | नगरपालिकाको सेवा प्रवाह सूचना प्रविधिमैत्री भएको हुने |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालाबसाली | २२५०.०० | वडाको सेवा प्रवाह सूचना प्रविधिमैत्री भएको हुन |
| विद्यालय | विद्यालय प्रविधिमैत्री सुशासन प्रवर्द्धन गर्नु | सालाबसाली | २२५०.०० | विद्यालय सूचना प्रविधिमैत्री भएको हुने । |
| स्वास्थ्य संस्था र | प्रविधिमैत्री सुशासन प्रवर्द्धन गर्नु | सालाबसाली | २२५०.०० | सेवा प्रवाह सूचना प्रविधिमैत्री भएको हुन |

## ५.४.८ जोखिम पक्ष तथा पूर्वानुमान

सूचना प्रविधिको उच्चतम उपयोग गरी चौतर्फीरुपमा लाभ लिन नीति निर्माण तहमा यस क्षेत्रले प्राथमिकता पाउनु आवश्यक छ, अन्यथा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद : ६
# वातावरण तथा विपद् व्यवस्थापन

**६.परिचय :** विपद् भन्नाले मानिसको जीवनमा आईपर्ने कष्ठकर अवस्था हो । आफूले नसोचेको अवस्थामा आउने समस्या नै विपद् हो । विपद्मा नव निर्मित वा प्रकृतिकका कारणवाट विपद् सृजना हुन्छ । वाढी, पहिरो, चट्याङ्ग, असिना, अनावृष्टि, अतिवृष्टि, भूकम्प प्रकृतिक कारणवाट सृजना भएका विपद् हुन भने आगलागी, सडक निर्माणवाट हुने पहिरो, तल्लो तहमा पर्ने असर, कच्चि घरवाट हुने समस्या, गाडी दुर्घटना भएर हुने विपद्, रोग तथा महामारी आदि मानव निर्मित विपद्हरु हुन् ।

यस नगरपालिकामा भौगोलिक स्वरुप अस्त व्यस्त वसोवास, अज्ञानता तथा अशिक्षाको कारणवाट विपद्हरु आइरहेका छन् । नगरंपालिकाको भौगोलिक स्वरुप पहाड र फेदसम्म पैलिएको छ । यहाँ कुनै वस्तिहरु डाँडामा पनि रहेका छन् । नदी तथा खोलाका किनार छेउछाउमा रहेका वस्तिहरु हुन । वाँकी वस्तिहरु सवै पहाडको बीच भागमा फैलिएर रहेका छन् । माथि उल्लेखित खोला तथा अन्य खोल्सा खोल्सीमा वर्षामा वाढी आएर नगरपालिकाका किनारका फाँटहरु वनगरदा धेरै उव्जनी जमिन नष्ट भएको छ । जङ्गंल तथा घरहरुमा समेत आगलागी भै धेरै सम्पतिको समय समयमा नष्ट भएको छ । नगरपालिकामा डोजर प्रयोग गरी मोटर वाटो खन्दा समेत सडक भन्दा तल्लो तटका उव्जनी हुने खेतहरु सवै पुरिएर नष्ट पारेको छ ।

## ६.१ वन, भूसंरक्षण तथा जैविक विविधता

**६.१.१ पृष्ठभूमि :** नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको लागि वन तथा वनस्पति सम्पदाको ठूलो महत्व रहेको छ । कृषि क्षेत्रको विकास तथा पशुपालन र उद्योगको लागि वनको योगदान उल्लेखनिय रहेको छ । वनमा जडिवुटी प्रचुर मात्रमा रहेकोले र जिविकोपार्जनको लागि तथा दाउरा इन्धनको मुख्य श्रोत पनि वन जङगल भएकोले मानव जीवनमा यसको ठूलो महत्व रहेको छ । लेकवेशी नगरपालिकाको जग्गाको क्षेत्रफल १८०९२ हेक्टर अर्थात १८०.९२ बर्ग कि.मि रहेको छ । जसमा कृषियोग्य जमिनको क्षेत्रफल ४५४९ हेक्टर, बन क्षेत्र ९९२१.१६ हेक्टर रहेको छ भने अन्य भुभाग नदीनाला, खोला, सडक तथा आवाश क्षेत्रले ओगटेका छ । यहाँ सरकारी संरक्षित वन, सामुदायिक वन रहेको छ । यहां. वँदेल, चितुवा, वादर, मृग आदि जङगली जनावर पाईन्छ । चिलाउने, वास, कटुस, उत्तिस, सल्लो आदि प्रजातीका रुखहरु छन् । आज भोलि खेती गर्ने पाखो तथा खेतमा रुखहरुले ढाकेकोले कृषि उत्पादनमा समेत ह्रास आएको छ ।

**६.१.२ प्रमुख समस्या चुनौती र अवसरहरु :** वन क्षेत्रलाई आर्थिक उपार्जनसंग समन्वय हुन नसक्नु , वन जङगलमा काम लाग्ने भन्दा कुकाठ वढि हुनु, आगलागी तथा डढेलो वढि लाग्नु , खेति योग्य जमिनमा अनावश्यक वोट विरुवाको व्यवस्थापन नहुनु, जडिवुटिको पहिचान र संरक्षण हुन नसक्नु, वन जङगलको फडानी, भू क्षय, रसायनिक पदार्थको प्रयोग, प्लाष्टिकजन्य वस्तुको जथाभावी प्रयोग, पूर्वाधारवाट भू-क्षय, मृत जनावर व्यवस्थापन नगर्ने, प्रभावकारी समन्वयको अभाव, जनचेतनाको अभाव,नागरीक सुसुचित नहुनु, ऐन, निति नियम विनियमको पालन नहुनु, फोहर मैलाको व्यवस्थापनमा समस्या, जिम्मेवारी वहन नगर्नु, वातावरणमा असर, मानविय स्वास्थ्य रोगको प्रकोप,उर्वरा खेती योग्य जमिनको विनास र वाढी पहिरो, कार्यक्रम प्रभावकारी नहुनु, वन संरक्षण तथा वृक्षारोपण कार्यमा जनसहभागीतामा कमी, विकास निर्माणमा वन्यजन्तु समस्या आदि समस्याहरु देखिएका छन् ।

**चुनौतीहरु :** खेतियोग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्न (उपभोक्ता र स्थानीय निकायको सहकार्यमा), डाले घाँस तथा उपयोगी विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी गर्न, वातावरण अनुसार जडिवुटि तथा उत्पादनशिल वोट विरुवाको वृक्षारोपण गर्न, डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, आगो लगाउने व्यक्तिको पहिचान गरी कानुनी कारवाही गर्न, विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विक्रि वितरणको प्रवन्ध मिलाउन -नगरपालिका र उपभोक्ता), जथाभावि रुख विरुवा कटान गर्न रोक्न, छाडा चौपाय नियन्त्रण, जनचेतना फैलाउन, वृक्षारोपण तथा तटवन्धनको व्यवस्था गर्न, प्राविधिक ज्ञान प्रविधि, विकास पहुँचमा वृद्धी गन, अभिमुखिकरण तालीम, वाँदर नियन्त्र गर्न नगरपालिकामा वन तथा वनस्पति सम्पदा सम्वन्धी चुनौती रहेका छन् ।

**अवसरहरु :** यस नगरपालिकामा सुर्खेत जिल्लाको महत्वपूर्ण जङ्गल क्षेत्र पर्ने मध्येको नगरपालिकामा रहेको छ । सरकारी संरक्षित वन र सामुदायिक वन हुनु, संरक्षित वनको क्षेत्र पनि यसै नगरपालिकामा रहनु, सरकारी वनको रुपमा वन हुनु, नर्सरी सम्वन्धी व्यवस्था हुनु, धेरै किसिमका जडिवुटीहरु हुनु, विभिन्न किसिमका चराचुरुङगी जङ्गलमा पाइनु, आदि खोला खोल्सा तथा जलाधारको मुख्य श्रोत नै यहाँ को वन जङ्गल हुनु नगरवासीको अवसर रहेको छ । यसै अनुसार जैविक विविधता, जलवायु परिवर्तन अनुकुलन योजना, दिगो कृषि एवं चक्ला बन्दी कार्यकम यस नगरपालिकामा सञ्चालन सकरात्मक अवसरको रुपमा रहेकोछ ।

**६.१.३.दीर्घकालिन सोच : "सफा स्वच्छ हरियाली सडक ,खोला र नदी,पर्यटनको विकाससँगै हुन्छ लेकवेशीको उन्नति" ,**

**६.१.४.उद्धेश्य : लक्ष्य :** प्राकृतिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको आर्थिक विकास गर्ने ।

**उद्धेश्य :** १. सडक र खोला किनारहरुमा हरियाली प्रबर्द्धन गर्ने ।

२.वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान पुऱ्याएको हुनेछ ।

३. प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ ।

४. नगरपालिका भित्र ४० माइक्रो भन्दा तलका पलस्टी प्रयोगको प्रतिबन्ध लगाउने ।

५.सार्वजनिक क्षेत्रमा मदिराजन्य विक्रिमा प्रतिबन्ध लगाउने ।

६.फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम संचालन गर्ने र त्यसको लागि घरघरमा डस्वीन राख्ने वातावरण तयार गर्ने ।

७. नगरले ५ वर्ष भित्रमा २ स्थानमा ल्याण्डफिलसाईड निर्माण गर्ने ।

८.विपदव्यबस्थापनको लागि आपतकालिन कार्यसंचालन केन्द्र LEOC लाई साधनस्रोतले सम्पन्न बनाउने ।

### ६.१.५.रणनीति, कार्यनीति

१.वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान पुऱ्याएकोहुनेछ

१.१ सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गर्ने ।

१.२ वन पैदावारमा आधारित उद्योग हरुको स्थापना गर्ने ।

२. प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्नवर्गको जीविकोपर्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ ।

२.२ अनावश्यक झाडी तथा अनुत्पादक वोट, रुख, हटाई वनमा उत्पादन मुलक जस्तै अम्रीसो, अलैची, ओखर खेती गर्नेमा जोड दिने ।.

३.जलाशय, नदी नाला, सिमसार क्षेत्र तथा जैविक विविधता संरक्षण गर्न नदी संरक्षण क्षेत्र निर्धारण गरी नदी तथा खोलाको प्राकृतिक बहावलाई यथास्थितिमा राखी नदीजन्य स्रोतको अधिक दोहन नियन्त्रण गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीतिगत प्राथमिकता र बहुवर्षीय एवम् नियमित आयोजना तथा कार्यक्रमहरू समेतका अपेक्षित नतिजालाई मध्यनजर गरी देहायअनुसार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

**तालिका न. : ७७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | गतआ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| वन जङ्गलले ढाकिएको क्षेत्र | प्रतिशत | ५४.८४ | ५४.८४ | ५४.८४ | ५४.८४ | ५५. |
| सामुदायिक वन | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| निजी वन | संख्या | ०० | ०० | ०० | ०० | ०० |
| वृक्षरोपण गरिएको क्षेत्र (शहरी सडक) | प्रतिशत | ०० | ०० | ५ | १० | ५० |
| पुनर्भरण पोखरी | संख्या | ०० | ०० | ५ | ६ | १० |

### ६.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा यस उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका न. : ७८ उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | सङ्घीय सरकार | प्रदेश सरकार | अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/०८१ | ८२१०.०० | | | | | | | |
| २०८१/०८२ | ८२१०.०० | | | | | | | |
| २०८२/०८३ | ८२१०.०० | | | | | | | |

### ६.१.८ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको सङ्क्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका न. : ७९ कार्यक्रम/आयोजनाको सङ्क्षिप्त विवरण**

| कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु. हजार) | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| वन, हरियाली तथा जैविक विविधता प्रवर्द्धन सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | लगातार | ८२१०.०० | सात हजार वृक्षरोपण भएको हुने । |
| भू तथा जलाधार संरक्षण कार्यक्रम | भू तथा जलाधार क्षेत्रको संरक्षण गरी भूमिको उत्पादन वृद्धिमा सहयोग गर्नु | सालाबसाली | ८२१०.०० | भू तथा जलाधार क्षेत्रहरूको संरक्षण भएको हुने । |
